# शैक्षिक सूचना



नेपाल सरकार

शिक्षा मन्त्रालय

२०६८

शैक्षिक सूचना २०६८

शिक्षा मन्त्रालय

# शैक्षिक सूचना

नेपाल सरकार

## शिक्षा मन्त्रालय

२०६८

# शैक्षिक सूचना


प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा
अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा
केसरमहल, काठमाडौँ ।

प्रकाशन मिति : २०६८

प्रकाशन प्रति : १०००



सर्वाधिकार : प्रकाशकमा



कम्प्युटर : *म्याजिक माइण्डस् प्रा.लि. काठमाण्डौं ।*

मुद्रण : *सोपान प्रेस प्रा.लि.*
*डिल्लीबजार, काठमाडौं फोन नं. ०१- ४४४२२०६ ।*

## सम्पादन समिति

| | | |
|---|---|---|
| अध्यक्ष | : | श्री दिवाकर ढुङ्गेल, शिक्षा मन्त्रालय |
| सदस्य | : | श्री गोपालप्रसाद भट्टराई, अनौपचारिक शिक्षा केन्द्र |
| सदस्य | : | श्री गणेशप्रसाद भट्टराई, शिक्षा मन्त्रालय |
| सदस्य | : | श्री शिवप्रसाद उप्रेती, शिक्षा विभाग |
| सदस्य | : | श्री देवेन्द्र रावल, विश्वविद्यालय अनुदान आयोग |
| सदस्य | : | श्री मनोज शर्मा, प्रा. शि. तथा व्या.ता.प. |
| सदस्य | : | श्री सीता निरौला, उच्च माध्यमिक शिक्षा परिषद् |
| सदस्य | : | श्री सुलोचना पराजुली, शिक्षा मन्त्रालय |
| सदस्य | : | श्री गोविन्दराम पनेरू, शिक्षा मन्त्रालय |
| सदस्य | : | श्री सुनिता शाक्य, शिक्षा मन्त्रालय |
| सदस्य | : | श्री सीताराम कोइराला, शिक्षा मन्त्रालय |
| सदस्यसचिव | : | श्री नारायणकृष्ण श्रेष्ठ, शिक्षा मन्त्रालय |

# प्राक्कथन

शिक्षा मन्त्रालयले विगत वर्षदेखि नै मन्त्रालय र अन्तर्गतका निकायहरूका नीति तथा कार्यक्रमलगायत शिक्षासँग सम्बन्धित विभिन्न विषयवस्तु तथा सूचना सरोकारवालाहरूसमक्ष पुऱ्याउँदै आएको छ । यस वर्ष पनि विविध शैक्षिक गतिविधि, कार्यनीति, निर्देशिकाहरू, अनुसन्धानका निष्कर्षलगायत अन्य महत्त्वपूर्ण शैक्षिक सूचनाहरू सँगालेर यो सामग्री तयार पारिएको छ ।

यस सामग्रीलाई समयसापेक्ष तथा बढी उपयोगी र प्रयोजनपरक बनाउने ध्येयले विगतका अङ्कहरूमा समावेश हुने गरेका कतिपय विषयवस्तुलाई सङ्क्षेपीकरण गरी यसको सार मात्र राखिएको छ भने कतिपय विषयवस्तु थपसमेत गरिएको छ ।

यस अङ्कमा मूलतः शिक्षाका राष्ट्रिय उद्देश्य, शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूको परिचयात्मक जानकारी, विभिन्न योजना, नीति तथा निर्देशिकाहरू, विद्यालय क्षेत्र सुधार कार्यक्रम, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विभिन्न शैक्षिक आयोजना तथा कार्यक्रम, वैकल्पिक शिक्षाको स्थिति, विभिन्न निकायबाट भएगरेका अनुसन्धान र तिनका प्राप्तिहरू रहेका छन् । शिक्षा मन्त्रालयका गतिविधिको समग्र जानकारी राख्न चाहनेहरूका लागि यसले सहयोग पुऱ्याउँछ भन्ने अपेक्षा राखिएको छ ।

यस सामग्रीको विकासका सिलसिलामा श्रीमान् सचिवज्यूबाट प्राप्त महत्त्वपूर्ण मागदर्शनका लागि उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै, विषयवस्तुको सङ्कलन र संयोजन कार्यमा विशेष जिम्मेवारी वहन गर्ने अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाका कर्मचारी साथीहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । सम्पादक मण्डलमा रही विषयवस्तुको सम्पादन कार्यमा अथक रूपमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्तमा, आगामी अङ्कलाई अझै परिष्कृत तथा उपयोगी बनाउन यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाहरूको स्वागत गर्दछु ।

**दिवाकर ढुङ्गेल**
सहसचिव

# धन्यबाद ज्ञापन

शैक्षिक सूचना शैक्षिक नीति तथा योजना तर्जुमा गर्नका लागि प्रमुख आधार हो । एकातर्फ तथ्यमा आधारित सूचनाले वस्तुनिष्ठ र यथार्थपरक योजना तर्जुमा गर्नका लागि ठोस योगदान पुऱ्याउँदछ भने अर्कातर्फ सार्वजनिक निकायहरूबाट सार्वजनिक हितका लागि भए गरेका सम्पूर्ण गतिविधिहरू सरोकारवालाहरूलाई सुसूचित गर्नु पनि ती निकायहरूको प्रमुख दायित्व हुन आउँछ । यिनै तथ्यलाई दृष्टिगत गरी शिक्षा मन्त्रालयले हरेक वर्ष झलकको रूपमा प्रकाशन गर्दै आएको शैक्षिक सूचनालाई यस वर्ष पनि निरन्तरता दिएको छ । यस प्रकाशनले शैक्षिक उद्देश्य, शैक्षिक योजना तथा कार्यक्रम लगायत शिक्षा मन्त्रालय र मातहतका निकायहरूका उद्देश्य, नीति तथा कार्यक्रमका साथै ती निकायहरूबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरू, खोज तथा अनुसन्धानमूलक कार्यका प्राप्ति तथा निष्कर्षहरू, निर्देशिका जस्ता विषयवस्तुहरू सङ्क्षेपमा पस्कने जमर्को गरेको छ ।

यसमा समाविष्ट विषयवस्तुहरूको प्रकृतिको आधारमा यस प्रकाशनलाई चारओटा खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा नेपालको सङ्क्षिप्त जानकारी, शिक्षाका राष्ट्रिय उद्देश्यहरू, शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरूका कार्यसहितको सङ्क्षिप्त परिचय समेटिएको छ । दोस्रो खण्डमा शैक्षिक योजना, नीति तथा निर्देशिकाहरू समावेश गरिएको छ भने तेस्रो खण्डमा शिक्षा मन्त्रालयअन्तर्गत चालु आर्थिक वर्ष २०६७/६८ का कार्यक्रम तथा बजेट र चौथो खण्डमा शिक्षा क्षेत्रमा भएका केही महत्त्वपूर्ण अनुसन्धानका प्राप्ति, निष्कर्ष तथा सुझावहरू सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

यस पुस्तकलाई यो रूपमा ल्याउन यस शाखाका सहकर्मी श्री सुनिता शाक्य, श्री सीताराम कोइराला, श्री गोविन्दराम पनेरू, श्री सुलोचना पराजुलीलगायतका मित्रहरूको अथक मिहिनत र प्रयासका लागि वहाँहरूप्रति सम्पादन समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछ । यसमा समावेश भएका विषयवस्तु, तथ्याङ्क, सूचना, नीति, निर्देशिका तथा अनुसन्धानका दस्तावेजहरूलगायतका सामग्रीहरू उपलब्ध गराई सहयोग पुऱ्याउने मातहतका सम्पूर्ण निकायहरू धन्यवादका पात्र छन् । त्यसै गरी भाषा सम्पादनमा सहयोग गर्ने सेन्टर फर ओपन लर्निङ्, रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि., लेआउट गर्ने म्याजिक माइन्ड प्रा. लि., कभर डिजाइन गर्ने श्री नविन्द्रमान राजभण्डारी एवम् विनोद सेन तथा मुद्रणमा सहयोग गर्ने सोपान प्रेस प्रा. लि. लगायत यस प्रकाशनमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति प्रकाशन समिति हार्दिक आभार प्रकट गर्दछ । यस प्रकाशनलाई आगामी दिनहरूमा अझै स्रोतपूर्ण र उपयोगी सामग्रीको रूपमा विकास गर्न विज्ञ पाठकहरूको सुझाव एवम् सल्लाहको सम्पादन समिति सदैव स्वागत गर्दछ ।

नारायणकृष्ण श्रेष्ठ

उपसचिव, अनसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा

तथा

सदस्य-सचिव

शैक्षिक सूचना सम्पादन समिति

# विषयसूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | नेपालको सामान्य जानकारी | १ |
| २. | शिक्षाका राष्ट्रिय उद्देश्यहरू | ५ |
| ३. | खण्ड क : शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरु | ७ |
| ४. | खण्ड ख : योजना नीति तथा निर्देशिकाहरू | ५३ |
| ५. | खण्ड ग : शिक्षा मन्त्रालय अन्तर्गतका कार्यक्रम तथा बजेट | १०८ |
| ६. | खण्ड घ   शिक्षा क्षेत्रमा भएमा केही महत्त्वपूर्ण अनुसन्धानका सारांशहरू | १३८ |
| ७. | अनुसूचीहरू | १८९ |

# नेपालको सामान्य जानकारी

## परिचय

**क्षेत्रफल** : १,४७,१८१ वर्ग कि. मि. (पूर्व-पश्चिम लम्बाइ ८८५ र उत्तर-दक्षिण सरदर चौडाइ १९३ कि.मि.)

विश्वको कुल भूभागको ०.०३% र एसिया महादेशको ०.३% ओगटेको

**अक्षांश** : २६० २२' उत्तरी अक्षांशदेखि ३०० २७' उत्तरी अक्षांशसम्म

**देशान्तर** : ८०० ४' पूर्व देशान्तरदेखि ८८०१२' पूर्वी देशान्तरसम्म

**प्रामाणिक समय** : ग्रिनविच मिनटाइम (GMT) भन्दा ५ घन्टा ४५ मिनेट अगाडि

**राजधानी** : काठमाडौँ

## भौगोलिक अवस्थिति

- नेपाललाई प्राकृतिक संरचना र भू-धरातलीय बनोटको आधारमा हिमाल (१५ प्रतिशत), पहाड (६८ प्रतिशत) र तराई (१७ प्रतिशत) गरी तीन भागमा विभाजन गरिएको छ ।
- विश्वको सर्वोच्च शिखर सगरमाथा (उचाइ ८,८४८ मिटर) लगायतका ८ हजार मिटरभन्दा अग्ला ७ ओटा हिमाल र अन्य सयौँ हिमालहरू देशको उत्तरी सिमानाका रूपमा रहेका र नेपालको सबैभन्दा होचो भू-भाग झापाको केचनाकलन समुद्री सतहबाट ७० मिटर उचाइमा रहेको छ (सूचना विभाग, २०५८) ।

## राजनीतिक विभाजन

- पाँच विकास क्षेत्र (पूर्वाञ्चल विकास क्षेत्रमा १६, मध्यमाञ्चल विकास क्षेत्रमा १९, पश्चिमाञ्चल विकास क्षेत्रमा १६, मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा १५ र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ९ जिल्लाहरू), १४ अञ्चल र ७५ जिल्लाहरू, १ महानगरपालिका (काठमाडौँ), ४ उप-महानगरपालिका (विराटनगर, वीरगन्ज, ललितपुर र पोखरा), ५८ ओटा नगरपालिकाहरू र ३,९१५ गा.वि.स.हरू रहेका छन् ।

## जनसाङ्ख्यिक अवस्थिति

- सन् २००९ को कुल अनुमानित जनसङ्ख्या २ करोड ७५ लाख ४ हजार २८० (महिला ४९.९ प्रतिशत) (तथ्याङ्क विभाग, २०६६)
- वार्षिक वृद्धि दर १.९४ (राष्ट्रिय योजना आयोग र युएनडिपी, २०१०)
- १०१ जातजाति र ९२ भाषासमूहहरू (तथ्याङ्क विभाग, २०५८)

## प्रमुख धर्म

- हिन्दू, बौद्ध, किराँत, इस्लाम, जैन, शिख, क्रिस्चियन आदि ।

## सामाजिक तथा आर्थिक अवस्था

- त्रिवर्षीय योजनाको आधार-पत्र (२०६७/६८-२०६९/७०) अनुसार हाल देशमा २५.४ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको प्रारम्भिक अनुमान
- मानव संशाधन विकास रिपोर्ट २०१० अनुसार नेपाल विश्वमा १३८ औं स्थानमा रहेको
- कुल राष्ट्रिय उत्पादन (GNP) ३२.३१ (सन् २००८/०९ मा)(तथ्याङ्क विभाग, २०६६)
- प्रतिव्यक्ति आय ४७३ यु. एस. डलर (तथ्याङ्क विभाग, २०६६)

## शिक्षा

- वि.सं. १९१० मा दरबार हाइस्कुलको स्थापनासँगै नेपालमा आधुनिक शिक्षा प्रणालीको सुरुवात भएको थियो ।
- वि.स. २०११ (सन् १९५४) मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगद्वारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको थियो ।
- वि.सं. २०१८ (सन् १९६१) मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास गरिएको थियो ।
- वि.स. २०२८ (सन् १९७१) मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरुवात भयो ।
- वि.स. २०३७ (सन् १९८०) देखि हालसम्म विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिएका (प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, माध्यमिक शिक्षा विकास परियोजना, सबैका लागि शिक्षा कार्यक्रम, शिक्षक शिक्षा आयोजना, जनसङ्ख्या शिक्षा परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, व्यावसायिक शिक्षा कार्यक्रमहरू, रोजगारीका लागि सीप आदि प्रमुख रहेका) छन् ।

- शिक्षामा सुधार गर्न सरकारले वि.स. २०४९ र २०५५ (सन् १९९२ र १९९९) मा राष्ट्रिय शिक्षा आयोग र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगहरूको समेत गठन गरेको थियो जसको सिफारिसअनुसार शिक्षामा सुधारका प्रयासहरू हुँदै आएका छन् ।

- वि.सं. २०५६ देखि सरकारले शिक्षामा विकेन्द्रीकरणको अवधारणामा आधारित भएर विद्यालय सुधारका कार्यक्रमहरू सञ्चालन गर्दै आएको जसमध्ये विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण एक प्रमुख कार्यक्रम रहेको छ ।
- हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) मार्फत् विद्यालयको समग्र पक्षमा सुधार गर्ने प्रयास गरिएको छ ।

## हालको अवस्था

- नेपालमा हाल बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरू कुल ३१,०८९ रहेका छन् । तीमध्ये ८६.१ प्रतिसत समुदायमा र १३.९ प्रतिशत निजीस्तरमा सञ्चालित छन् । ती बालविकास केन्द्रहरूमा कुल १०,१८,५४३ विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये ४८ प्रतिशत छात्रा रहेका छन् (शिक्षा विभाग, २०१०) ।
- त्यस्तै गरी गरी कुल ३३,१६० विद्यालयहरू सञ्चालनमा रहेका छन् । प्राथमिक तहमा सबैभन्दा बढी ३२,६८४ विद्यालयहरू सञ्चालित छन् जहाँ कुल ४९,५१,९५६ विद्यार्थीहरू (छात्रा ५०.४ प्रतिशत) अध्ययनरत छन्  । साथै निम्न माध्यमिक र माध्यमिक तहहरूमा क्रमशः ११,९३९ र ७,२६६ विद्यालयहरू सञ्चालित छन् । निम्न माध्यमिक तहमा १६,९९,९२७ विद्यार्थीहरू (छात्रा ४९.९) अध्ययनरत छन् भने माध्यमिक तहमा ८,११,९१० विद्यार्थीहरू (छात्रा ४८.८) अध्ययनरत छन् (शिक्षा विभाग, २०१०) ।
- प्राथमिक तहमा अहिले पनि विद्यालय जाने उमेरका करिब ५.५ प्रतिशत बालबालिका विद्यालयबाहिर रहन बाध्य छन् भने कक्षा १ मा हाल पनि विद्यालय छाड्ने विद्यार्थीहरूको अनुपात अन्य कक्षाहरूमा भन्दा बढी ८.३ प्रतिशत रहेको छ (शिक्षा विभाग, २०१०) । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू कक्षा ५ सम्म टिकिरहने दर ८०.६ रहेको छ । शिक्षा विभाग (२०१०) का अनुसार छात्राको टिकाउ दर (८१.२ प्रतिशत) र छात्रको टिकाउ दर (८०.४ प्रतिशत) रहेको छ ।
- Flash Report I, २०१० अनुसार विद्यालय तहमा कुल २,६२,५०८ शिक्षक कार्यरत छन् । प्राथमिक तहमा १,६७,२१६ शिक्षक कार्यरत छन् जसमध्ये ४२.२ प्रतिशत महिला शिक्षक छन् । यसै गरी निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः ४६,०३२ (महिला २५.९ प्रतिशत) र ३३,८३५ (महिला १७.३ प्रतिशत) कार्यरत छन् । हाल विद्यार्थी र शिक्षकको अनुपात प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः २९.६, ३६.९ र २४.० रहेको छ ।
- उच्च माध्यमिक शिक्षा परिषद् (२०६८) का अनुसार हाल ३,०६७ उच्च माध्यमिक विद्यालयहरू सञ्चालनमा छन् । जसमध्ये २,२४३ ओटा सामुदायिक, ५३० ओटा निजी, १८० ओटा निजी +२

र १३४ ओटा क्याम्पसहरू रहेका छन् । उच्च माध्यमिक तहमा कक्षा ११ र १२ मा गरी जम्मा ६,२३,३६६ विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये ४६.८ प्रतिशत छात्राहरू रहेका छन् ।

- त्यस्तै गरी उच्च शिक्षातर्फ ६ ओटा विश्वविद्यालय र ५ ओटा मेडिकल संस्थानअन्तर्गत ८८ ओटा आङ्गिक र ८९४ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू गरी कुल ९८२ क्याम्पस रहेका छन् । कुल क्याम्पसमध्ये सबैभन्दा बढी ८०.७ प्रतिशत क्याम्पस त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित छन् भने सबैभन्दा कम क्याम्पस (२.१/२.१ प्रतिशत) नेपाल संस्कृत र काठमाडौँ विश्वविद्यालयअन्तर्गत छन् । हाल उच्च शिक्षामा कुल ४,२२,१८३ विद्यार्थी अध्ययनरत छन् जसमध्ये ३९.५ प्रतिशत छात्राहरू रहेका छन् (विश्वविद्यालय अनुदान आयोग, २०६८) ।
- २०६७ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमअन्तर्गत डिप्लोमा/प्रमाणपत्र तहमा आङ्गिक र सम्बन्धन प्राप्त गरी जम्मा ३१७ ओटा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रमा कुल १२,५८४ विद्यार्थीहरू भर्ना भएका छन् । त्यस्तै गरी TSLC कार्यक्रमअन्तर्गत आङ्गिक, सम्बन्धन प्राप्त र Annex गरी ३१४ ओटा तालिम केन्द्रअन्तर्गत १३,९११ विद्याथीहरू भर्ना भएका छन् (प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, २०६८) ।

## References


- Central Bureau of Statistics (2058). *National Census 2058*. Kathmandu.
- Central Bureau of Statistics (2066). *Nepal in Figure 2066*. Kathmandu.
- Council for Technical Education and Vocational Training (2067). *Reported by CTEVT*. Sanothimi.
- DoE (2010). *Flash Report I 2067 (2010/11)*. Sanothimi.
- Department of Information (2058) *Nepal Parichhaya*. Kathmandu;.
- HSEB (2068). *Reported by Higher Secondary Education Board*. Sanothimi.
- National Planning Commission (2067 [2010]). *Three Year Planning Approach Paper 2067/68-2069/70*. Kathmandu.
- UGC (2066/67). *University Grant Commission Annual Report*. Sanothimi
- UNDP (2010). *Human Development Report 2010*. New York.

# शिक्षाका राष्ट्रिय उद्देश्यहरू

## राष्ट्रले अङ्गीकार गरेका शिक्षाका राष्ट्रिय उद्देश्यहरू

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने,

३. स्थानीय तथा राष्ट्रियस्तरमा व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने,

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्ने,

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने,

७. सामाजिक समानता र न्याय बारे चिन्तन गर्दै तदनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने,

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावना विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने,

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने,

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

## उच्च शिक्षाका उद्देश्यहरू

१. शिक्षा, गरिबी न्यूनीकरणका साथ साथै व्यक्तित्व विकास जस्ता राष्ट्रिय मुद्दाहरूसँग सम्बन्धित कार्य गर्ने,

२. राष्ट्रिय आर्थिक वृद्धि र देशको सर्वाङ्गीण विकासमा योगदान दिनसक्ने तथा अन्तर्राष्ट्रियस्तमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने,

३. राष्ट्रका लागि भावी नेतृत्वको विकास गर्ने,

४. अध्ययन, अनुसन्धान तथा प्रवर्त्तनात्मक क्रियाकलापहरूको माध्यमद्वारा ज्ञानको विकास गर्ने,

५. ज्ञान र प्रविधिको हस्तान्तरणमा योगदान दिने,

६. देशको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने ।

# खण्ड - क

# शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरू


| | | |
|---|---|---|
| १. | शिक्षा मन्त्रालय | ८ |
| २. | शिक्षा विभाग | ११ |
| ३. | पाठ्यक्रम विकास केन्द्र | १३ |
| ४. | शैक्षिक जनशक्ति विकास केन्द्र | १५ |
| ५. | परीक्षा नियन्त्रण कार्यालय | १८ |
| ६. | अनौपचारिक शिक्षा केन्द्र | २० |
| ७. | विद्यालय शिक्षक किताबखाना | २४ |
| ८. | शिक्षक सेवा आयोग | २६ |
| ९. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | २७ |
| १० | क्षेत्रीय शिक्षा निर्देशनालय | २९ |
| ११. | जिल्ला शिक्षा कार्यालय | ३१ |
| १२. | स्रोतकेन्द्र | ३३ |
| १३. | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ३५ |
| १४. | उच्च माध्यमिक शिक्षा परिषद् | ३७ |
| १५. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ३९ |
| १६. | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | ४१ |
| १७. | विश्वविद्यालय अनुदान आयोग | ४२ |
| १८. | विश्वविद्यालय तथा प्रतिष्ठानहरू | ४४ |
| १९. | नेपाल राष्ट्रिय पुस्तकालय | ४७ |
| २०. | केसर पुस्तकालय | ४९ |
| २१. | डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय | ५१ |

# शिक्षा मन्त्रालय

## परिचय

**स्थापना** : वि. सं. २००७ साल (वि. सं. २०५७ वैशाख ६ गतेदेखि शिक्षा तथा खेलकुद मन्त्रालय नामकरण गरिएको र मिति २०६५/०५/१५ मा युवा तथा खेलकुद मन्त्रालयको छुट्टै स्थापना भएपछि यस मन्त्रालयको नाम पुन : शिक्षा मन्त्रालय कायम भएको)

**प्रमुख** : सचिव, राजपत्राङ्कित विशिष्ट श्रेणी

**दरबन्दी सङ्ख्या** : १४८

**अवस्थिति** : केशरमहल, काठमाडौँ

**जिम्मेवारी/दायित्व** : राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नु तथा मुलुकभरको शिक्षा क्षेत्रको योजना, व्यवस्थापन र सेवा प्रदान गर्नु

## मुख्यमुख्य कार्यहरू

(**नेपाल सरकार कार्य-विभाजन नियमावली**, **२०६४**, **दोस्रो संशोधन**, **२०६६।२।२९ अनुसार**)

१. शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

२. पूर्वप्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा

३. जनसङ्ख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम

४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा

५. शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन

६. शिक्षण संस्थाहरू (गुरुकुल, मदरसा, गुम्बासमेत)

७. विश्वविद्यालयहरू तथा अध्ययन संस्थानहरू

८. खुला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरूलाई नेपालमा अध्ययन/अनुसन्धानको स्वीकृति

९. प्राज्ञिक अनुसन्धान

१०. पाठ्यक्रम तथा पाठ्यपुस्तक
११. शिक्षासम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान
१२. पुस्तकालय र वाचनालयहरू
१३. शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला, सम्मेलन तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क तथा समन्वय
१४. शिक्षासम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौताहरू
१५. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
१६. संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ (युनेस्को)
१७. नेपाल शिक्षा सेवा सञ्चालन

## महाशाखा र शाखाहरू

| सि.नं. | महाशाखा | महाशाखाको काम | मातहतको शाखा |
|---|---|---|---|
| १. | प्रशासन | कर्मचारी व्यवस्थापन र विकास, कर्मचारी भर्ना, सरुवा, बढुवा, आर्थिक प्रशासन, सम्पत्ति व्यवस्थापन, ऐन नियम परामर्श र जनसम्पर्क | १. कर्मचारी प्रशासन तथा जनशक्ति विकास<br>२. आर्थिक प्रशासन<br>३. ऐन नियम परामर्श<br>४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन<br>५. खेलकुद तथा युवा कार्यक्रम |
| २ | उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन | उच्च तथा प्राविधिक शिक्षा, छात्रवृत्ति र विद्यालय शिक्षासम्बन्धी कार्यहरू | १. विद्यालय शिक्षा<br>२. छात्रवृत्ति<br>३. उच्च तथा प्राविधिक शिक्षा |
| ३. | योजना | शिक्षाको राष्ट्रिय नीतिअनुरूप वार्षिक तथा आवधिक योजनाहरू तयार गर्ने, शैक्षिक नीतिको विकास तथा विश्लेषण, शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि वैदेशिक सहायताको समन्वय गर्ने | १. नीति विश्लेषण तथा कार्यक्रम<br>२. वैदेशिक सहायता तथा समन्वय<br>३. पुस्तकालय समन्वय |
| ४. | अनुगमन, मूल्याङ्कन तथा निरीक्षण | कार्यक्रम कार्यान्वयनको अनुगमन, शैक्षिक सूचना व्यवस्थापनका कार्यहरू, मन्त्रालयको सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन तथा निरीक्षणसम्बन्धी कार्यहरूको संयोजन गर्ने | १. अनुगमन तथा मूल्याङ्कन<br>२. अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन<br>३. निरीक्षण |

**नोटः** मन्त्रालयका महाशाखामा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवहरू प्रमुख रहने व्यवस्था छ।

## शिक्षा मन्त्रालयसम्बद्ध निकायहरू

शिक्षाका निर्दिष्ट उद्देश्य एवम् लक्ष्यहरू हासिल गर्नका लागि शिक्षा मन्त्रालयअन्तर्गत विभिन्न केन्द्रीय, क्षेत्रीय, जिल्लास्तरीय, स्थानीयस्तर एवम् स्वायत्त निकायहरूको स्थापना गरिएको छ। यिनीहरू शैक्षिक विकासका कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापनमा सक्षमता सुनिश्चित गर्ने, सक्षम जनशक्ति

उत्पादन गर्ने प्राविधिक निकाय हुन् । मन्त्रालयअन्तर्गतका केन्द्रीयस्तरका निकायहरूले योजना तथा कार्यक्रमहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व निर्वाह गर्छन् भने क्षेत्रीय शिक्षा निर्देशनालयले समन्वय र मूल्याङ्कन गर्ने निकायको रूपमा र जिल्ला शिक्षा कार्यालयहरूले कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा भूमिका निर्वाह गरिरहेका छन् । यसै गरी मन्त्रालयअन्तर्गत स्थापित स्वायत्त निकाय, परिषद्हरू एवम् आयोगहरूले तोकिएको क्षेत्रमा शैक्षिक प्रशासन तथा सेवा प्रदान गर्दछन् ।

| सिन | निकाय | अर्न्तगतका निकायहरू |
|---|---|---|
| १ | केन्द्रीय | १. शिक्षा विभाग<br>२. पाठ्यक्रम विकास केन्द्र<br>३. परीक्षा नियन्त्रण कार्यालय<br>४. शैक्षिक जनशक्ति विकास केन्द्र<br>५. अनौपचारिक शिक्षा केन्द्र<br>६ विद्यालय शिक्षक किताबखाना<br>७. शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| २. | क्षेत्रीय | १ पाँच क्षेत्रीय शिक्षा निर्देशनालयहरू - पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल |
| ३. | जिल्लास्तर | १. पचहत्तर ओटा जिल्ला शिक्षा कार्यालयहरू |
| ४. | स्थानीयस्तर | १ स्रोतकेन्द्रहरू<br>२. विद्यालयहरू |
| ५. | आयोग | १. विश्वविद्यालय अनुदान आयोग<br>२. शिक्षक सेवा आयोग<br>३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग |
| ६. | विश्वविद्यालय | १ त्रिभुवन विश्वविद्यालय<br>२ नेपाल संस्कृत विश्वविद्यालय<br>३ काठमाडौँ विश्वविद्यालय<br>४ पूर्वाञ्चल विश्वविद्यालय<br>५ पोखरा विश्वविद्यालय<br>६ लुम्बिनी बौद्ध विश्वविद्यालय<br>७. (हालसालै विधेयक पास भएका तीनओटा विश्वविद्यालयहरू - सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र कृषि तथा वन विश्वविद्यालय |
| ७ | परिषद् | १. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्<br>२. उच्च माध्यमिक शिक्षा परिषद् |
| ८ | पुस्तकालय | १. नेपाल राष्ट्रिय पुस्तकालय<br>२. केशर पुस्तकालय<br>३. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय |
| ९ | संस्थान | १. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| १०. | प्रतिष्ठान | १. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान<br>२ बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान<br>३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान |

# शिक्षा विभाग

**परिचय**

**स्थापना** : वि.सं. २०५६ जेठ ९ गते

**प्रमुख** : महानिर्देशक (रा.प. प्रथम श्रेणी शिक्षा)

**दरबन्दी सङ्ख्या** : ८४

**अवस्थिति** : सानोठिमी, भक्तपुर

**लक्ष्य**

शिक्षालाई विकासको संवाहक बनाउने दृष्टिकोणले सबैलाई आधारभूत शिक्षा उपलब्ध गराउने तथा सोभन्दा अगाडिको विद्यालयस्तरीय शैक्षिक अवसर सहज बनाउने

**उद्देश्यहरू**

१. निर्धारित नीति-नियमका आधारमा आधारभूत तथा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षाको योजना तथा बजेट तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने,
२. शिक्षा मन्त्रालयले बनाएका नीति-नियमहरूका आधारमा प्राथमिक र माध्यमिक शिक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने,
३. प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षासम्बन्धी कार्यक्रमहरूको रेखदेख, अनुगमन एवम् मूल्याङ्कन गर्ने र त्यसको प्रगति प्रतिवेदन मन्त्रालय र सम्बन्धित निकायमा पठाउने,
४. कर्मचारीहरूको वृत्ति विकासका लागि योजना तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने,
५. शिक्षा विभागको कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रीय निकायहरूका कार्यक्रमसँग समन्वय हुने गरी कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने,
६. शिक्षा मन्त्रालय र मन्त्रालयसित सम्बन्धित निकायहरूबाट क्षेत्र र जिल्लास्तरमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरूका निमित्त आवश्यक पर्ने जनशक्ति उपलब्ध गराई सहयोग गर्ने,
७. दातृसंस्थाहरूको सहयोगबाट सञ्चालित शैक्षिक कार्यक्रमहरूको बजेट खर्च सम्बन्धित निकायबाट गर्ने/गराउने र त्यसको लेखा परीक्षणको व्यवस्था गरी-गराई समयमै सोधभर्ना लिने व्यवस्थासमेत गर्ने,
८. जिल्लास्तरमा स्रोतकेन्द्रहरूको स्थापना र तिनीहरूको व्यवस्थापन गर्ने ।

## महाशाखा तथा शाखाहरू

| सि.नं. | महाशाखा | महाशाखाको काम | मातहतको शाखा |
|---|---|---|---|
| १. | प्रशासन | सामान्य तथा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, शैक्षिक सामग्री वितरण तथा भौतिक सेवासँग सम्बन्धित जिम्मेवारीहरू | १. सामान्य तथा कर्मचारी प्रशासन<br>२. आर्थिक प्रशासन<br>३. भौतिक सेवा<br>४. शैक्षिक सामाग्री व्यवस्थापन तथा वितरण |
| २. | योजना तथ अनुगमन | योजना, अनुगमन, अनुसन्धान तथा विकाससँग सम्बन्धित जिम्मेवारीहरू | १. कार्यक्रम तथा बजेट<br>२. अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन<br>३. अनुगमन तथा निरीक्षण |
| ३. | शैक्षिक व्यवस्थापन | प्रारम्भिक बालविकास शिक्षा, विद्यालय व्यवस्थापन, महिला शिक्षा, विशेष शिक्षा र शैक्षिक तथ्याङ्कसँग सम्बन्धित जिम्मेवारीहरू | १. प्रारम्भिक बालविकास<br>२. विद्यालय व्यवस्थापन (प्राथमिक)<br>३. विद्यालय व्यवस्थापन (माध्यमिक)<br>४. लैङ्गिक समविकास<br>५. समाहित शिक्षा |

**नोटः** महाशाखा प्रमुखमा रा.प.प्रथम श्रेणीका निर्देशक रहने व्यवस्था छ।

# पाठ्यक्रम विकास केन्द्र

## परिचय

स्थापना : वि.सं. २०२८ साल भाद्र ५ गते पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको नामबाट स्थापना भएको र २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र नामकरण गरिएको

प्रमुख : कार्यकारी निर्देशक, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा)

दरबन्दी सङ्ख्या : ५९

अवस्थिति : सानोठिमी, भक्तपुर

## उद्देश्यहरू

१. विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, निर्माण, परिमार्जन तथा सुधार गरी लागू गर्ने,

२. पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, बालसन्दर्भ सामग्री, शिक्षक स्रोत सामग्रीलगायतका शैक्षणिक सामग्री विकास गर्ने,

३. पाठ्यक्रम पाठ्यपुस्तकसम्बन्धी नीति निर्माण गर्ने,

४. पाठ्यक्रम, पाठ्यसामग्री प्रबोधीकरण गर्ने,

५. थप पाठ्यसामग्री तथा सहयोगी सामग्रीको मूल्याङ्कन गरी प्रयोगमा ल्याउन स्वीकृति प्रदान गर्ने,

६. विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक शिक्षा सरह परीक्षा उत्तीर्ण गरी प्राप्त गरेको प्रमाणपत्र वा उपलब्धिका सम्बन्धमा समकक्षता निर्धारणसम्बन्धी कार्य गर्ने,

७. सहकार्यकलापसम्बन्धी कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,

८. विद्यालय शिक्षासँग सम्बन्धित शैक्षिक अध्ययन अनुसन्धान गर्ने, गराउने,

९. विद्यार्थी मूल्याङ्कनका लागि शिक्षक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

१०. स्वीकृत नीतिअनुसार स्वदेशी एवम् विदेशी शैक्षिक संस्थाहरूसँग समन्वय गर्ने,

११. पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षामा समन्वय र सामञ्जस्य कायम गर्न पाठ्यक्रम र पाठ्यपुस्तक विकासका कार्यक्रमहरू गर्ने,

१२. पाठ्यक्रम तथा विद्यार्थी मूल्याङ्कनका विविध उपाय पहिल्याउनु र कार्यान्वयन गर्ने/गराउने,

१३. विद्यार्थीको शैक्षिक मूल्याङ्कनका लागि प्रश्न निर्माण र अङ्क प्रदान गर्ने विधि विकाससम्बन्धी कार्य गर्ने,

१४. देशमा प्रचलित विभिन्न मातृभाषामा पुस्तकहरू उत्पादन, अनुवाद तथा प्रकाशनसम्बन्धी कार्य गर्ने,

१५. निजी क्षेत्रलाई शैक्षिक सामग्री उत्पादन, प्रकाशन र वितरणमा स्तरीयता, एकरूपता कायम गर्न समन्वय गर्ने र यस्ता कार्यमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने,

१६. स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहलाई सहजीकरण गर्ने,

१७. पाठ्यक्रम, पाठ्यसामग्रीसम्बन्धी अध्ययन अनुसन्धानका लागि एक स्रोतकेन्द्र स्थापना गर्ने ।

## शाखाहरू

| सि.नं. | शाखा | शाखाको काम |
|---|---|---|
| १. | भाषा शिक्षा | भाषा शिक्षण सिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार र मातृभाषासम्बन्धी कार्यहरू |
| २. | गणित, विज्ञान तथा व्यावसायिक शिक्षा | गणित, विज्ञान तथा विभिन्न व्यावसायिक विषयहरूको शिक्षण सिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार गर्नु |
| ३. | सामाजिक शिक्षा | सामाजिक शिक्षा, सामाजिक अध्ययन शिक्षण सिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, निर्माण, परिमार्जन तथा सुधार गर्नु |
| ४. | परीक्षण, मूल्याङ्कन, योजना तथा अनुसन्धान | पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री, सन्दर्भसामग्री आदिको मूल्याङ्कनका अतिरिक्त विद्यार्थी मूल्याङ्कन एवम् शिक्षण सिकाइ क्रियाकलापको मूल्याङ्कन र केन्द्रको आवधिक, वार्षिक योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कनलगायत केन्द्रको कार्यविधिअनुसार प्रभावकारिता अभिवृद्धिका लागि अध्ययन अनुसन्धान तथा अनुगमन गर्नु |
| ५. | सम्पादन तथा प्रकाशन | केन्द्रबाट विकास, निर्माण, परिमार्जन हुने सामग्रीहरूको भाषा सम्पादन गर्नु, मुद्रणीय प्रति तयार गर्नु, मुद्रण गर्नु, वितरणको व्यवस्था गर्नु गराउनु, पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षिक सामग्रीसम्बन्धी नीति नियम निर्माण तथा कार्यान्वयन गर्नु |
| ६. | आर्थिक प्रशासन | केन्द्रको वार्षिक बजेट तर्जुमा, आम्दानी र खर्च तथा सोको लेखा, लेखाको आन्तरिक तथा अन्तिम परीक्षण, बेरुजुको अभिलेख तथा फछ्र्यौटलगायतका कार्यहरू व्यवस्थित गर्नु |
| ७. | प्रशासन | केन्द्रको सुरक्षा, सरसफाइ, दैनिक प्रशासन, कर्मचारी प्रशासन, जिन्सी व्यवस्थापनलगायतका कार्यहरूका साथै अन्य आवश्यक कार्यसम्पादन गर्नु |

**नोटः** पाठ्यक्रम विकास केन्द्रअन्तर्गत कुनै महाशाखा नरहेको ।

# शैक्षिक जनशक्ति विकास केन्द्र

## परिचय

**स्थापना** : वि.सं. २०५० साल श्रावण १ गते (वि.सं.२०६१ सालमा माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत गरेको )

**प्रमुख** : कार्यकारी निर्देशक, रा. प. प्रथम श्रेणी (शिक्षा)

**दरबन्दी सङ्ख्या** : ८५

**अवस्थिति** : सानोठिमी, भक्तपुर

## दूरदृष्टि

अनुसन्धान र नयाँ प्रविधिको माध्यमद्वारा गुणात्मक शिक्षाको प्रत्याभूतिका लागि उत्कृष्ट शैक्षिक व्यवस्थापन र शैक्षणिक क्रियाकलापहरू अभिवृद्धि गर्न सक्ने सक्षम र गतिशील जनशक्ति तयार गर्न नेतृत्वदायी भूमिका खेल्न सक्ने अन्तर्राष्ट्रिय स्तरमै पहिचान भएको संस्थाको रूपमा स्थापित हुने छ ।

## मूल ध्येय

शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षणिक सिद्धान्तहरू र अभ्यासहरू तथा शैक्षणिक व्यवस्थापनको क्षेत्रमा मानव संशाधन विकासका लागि दक्षिण एसियाली क्षेत्रमा अग्रणी संस्थाको रूपमा स्थापित हुन चाहन्छ । यसले दक्षिण एसिया क्षेत्रमा दक्ष शिक्षक, शिक्षा व्यवस्थापक र तालिम व्यवस्थापक विकास गर्नका लागि कार्य गर्ने छ । यसले शिक्षा मन्त्रालयलाई मानव संशाधन विकास र शैक्षिक नीति तर्जुमा र कार्यान्वयन गर्नमा सहयोग गर्ने छ । यसका अतिरिक्त सेवाग्राही संस्थालाई प्राविधिक एवम् विशेषज्ञ सेवाहरू प्रदान गर्नमा सहयोग गर्ने छ ।

## अधिकार क्षेत्रहरू

१. शिक्षा मन्त्रालयअन्तर्गतका व्यवस्थापक तथा प्राविधिक, विद्यालय शिक्षक किताबखाना तथा शिक्षासम्बन्धी समुदायमा कार्यरत व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न शैक्षिक जनशक्ति विकाससम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने,

२. शैक्षिक नीति निर्माणमा मन्त्रालयलाई पृष्ठपोषण प्रदान गर्ने,

३. मन्त्रालयअन्तर्गत कार्यरत व्यवस्थापक एवम् प्राविधिकहरू तथा विद्यालय शिक्षकको तालिम प्रमाणीकरण गर्ने,

४. शैक्षिक विकाससम्बन्धी अनुसन्धान गर्ने,

५. शैक्षिक जनशक्ति विकाससम्बन्धी सूचना उत्पादन, प्रबोधीकरण तथा प्रकाशन गर्ने,

६. शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने संस्थालाई सम्बन्धन गर्ने ।

## तालिम कार्यक्रमहरू

| सि.नं. | तालिम | कार्यक्रम |
|---|---|---|
| १. | व्यवस्थापन तालिम | शिक्षामन्त्रालय र अन्तर्गतका निकायहरूमा कार्यरत शिक्षा व्यवस्थापक - नीति निर्मातादेखि कार्यान्वयन तहमा रहेका कर्मचारीहरू - तथा प्रधानाध्यापकहरूलाई प्रदान गरी क्षमता विकास गर्ने । यसअन्तर्गत निम्नलिखित तालिमहरू पर्दछ - रा.प. प्रथम श्रेणीका अधिकृतहरूलाई एकहप्ते सेमिनार, रा.प. द्वितीय श्रेणीका अधिकृतहरूलाई एकमहिने सेवाकालीन तालिम, रा.प. तृतीय श्रेणीका अधिकृतहरूलाई एकमहिने सेवाकालीन तालिम, रा.प. अनं. प्रथम श्रेणीका कर्मचारीहरूलाई एकमहिने तालिम, शिक्षक व्यवस्थापन सूचना प्रणालीसम्बन्धी एकमहिने तालिम, एकहप्ते अनुगमन तालिम, एकमहिने मूल्याङ्कन तालिम, पुनर्ताजगी तालिमहरू |
| २. | शिक्षक तालिम | प्राथमिक शिक्षक तालिम (१० महिने) कार्यक्रम : यस कार्यक्रमअन्तर्गत पूर्वसेवाकालीन तालिम र सेवाकालीन तालिमहरू, निम्न माध्यमिक तथा माध्यमिक शिक्षक तालिम (१० महिने) कार्यक्रम |

## महाशाखा र शाखाहरू

| सिनं | महाशाखा | मातहतको शाखा |
|---|---|---|
| १. | योजना, अनुसन्धान तथा अनुगमन | १. कार्यक्रम तथा अनुगमन<br>२. अनुसन्धान तथा गुणस्तर सुधार<br>३. आन्तरिक प्रशासन तथा स्रोत व्यवस्थापन<br>४. आर्थिक प्रशासन<br>५. तालिम स्रोत व्यवस्थापन |
| २. | मानव संशाधन विकास | १. विद्यालय शिक्षक तालिम<br>२. व्यवस्थापन तालिम<br>३. तालिम प्रमाणीकरण |
| ३. | दूर शिक्षा र खुला सिकाइ | १. खुला सिकाइ तालिम<br>२. कार्यक्रम सम्पादन तथा प्रसारण<br>३. सामग्री विकास |
| ४. | शैक्षिक तालिम केन्द्रहरू | १. शैक्षिक तालिम केन्द्र 'क' ९ ओटा र 'ख' २० गरी जम्मा २९ ओटा शैक्षिक तालिम केन्द्रहरू |

## शिक्षकको पेसागत विकास मोड्युल संरचना

शिक्षक एवम् विद्यालयबाट प्रस्तुत गरिएका पठनपाठनसम्बन्धी विविध समस्या एवम् थप पेसागत सहयोगको आवश्यकतालाई सम्पूर्ण रूपमा परिपूर्ति गर्न देहायका अन्तरसम्बन्धित र एकीकृत तीनओटा भागहरूको संयोजनबाट विविधतायुक्त १० कार्य दिने मोड्युल विकास गरिने छ । यस्ता समस्या र पेसागत आवश्यकतालाई तिनको प्रकृतिअनुसार तीनओटै भागहरूबाट सम्बोधन गर्ने गरी मोड्युल सामग्री निर्माण एवम् सञ्चालन गर्नुपर्ने छ । यी तीन भागहरू एकअर्काका परिपूरक भएकाले ती सबैको सञ्चालनबाट मात्र एउटा मोड्युलले पूर्णता पाउने छ । साथै प्रत्येक शिक्षकले यस्ता तीनओटा १० कार्य दिने स्वतन्त्र मोड्युल पूरा गरेपछि मात्र एक महिना बराबरको शिक्षक पेसागत विकास प्रमाणपत्र प्राप्त गर्न सक्ने छ । यस मोड्युल विकास एवम् सञ्चालनका लागि विद्यालयको नयाँ संरचनाअनुसार शिक्षकहरूको तहगत मिलान कार्य जारी रहेको हुँदा उक्त कार्य पूर्णतः सम्पन्न नहुन्जेलसम्म कक्षा १-८ अध्यापन गर्ने शिक्षकहरूलाई आधारभूत शिक्षक र कक्षा ९-१० अध्यापन गर्ने शिक्षकहरूलाई माध्यमिक शिक्षकका रूपमा मानिने छ ।

**(क) भाग–१ : तालिम–कार्यशाला (Training-workshop)**

यो भाग ५ दिनसम्म प्रत्येक टिपिडी हबमा सहभागी शिक्षकहरू र विशेषज्ञ/प्रशिक्षक बीच फेस टु फेस मोडबाट सञ्चालन हुने छ ।

**(ख) भाग–२ : स्वाध्यय अभ्यास (Self-study exercise)**

यो भाग पहिलो भाग सञ्चालन भए पश्चात सामान्यतया २० देखि ३० दिनभित्र ३ दिन कार्यभार बराबरको केडिट पाउने गरी प्रत्येक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरू सम्पादन गरी सम्पन्न गर्नुपर्ने छ ।

**(ग) भाग–३ : शैक्षिक परामर्श (Instructional counselling)**

यो भागमा दोस्रो भागको अवधि पूरा भए लगत्तै प्रत्येक हबका प्रशिक्षकद्वारा दुई दिनसम्म सहभागीहरू कार्यरत विद्यालयमै भ्रमण गरी तिनीहरूले दोस्रो भागअन्तर्गत सम्पादन गरेका कार्यको अवस्था/प्रतिवेदन मूल्याङ्कन तथा एजेन्डामा आधारित बैठक सञ्चालन गर्नुपर्ने छ र त्यसका आधारमा टिपिडी मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्ने छ ।

# परीक्षा नियन्त्रण कार्यालय

## परिचय

**स्थापना** : वि. सं. २०२८ साल

**प्रमुख** : परीक्षा नियन्त्रक, रा.प.प्रथम श्रेणी

**दरबन्दी सङ्ख्या** : ५८

**अवस्थिति** : सानोठिमी, भक्तपुर

## दूरदृष्टि

१. माध्यमिक तहका विद्यार्थीको उपलब्धि परीक्षणको कार्य गर्ने विश्वसनीय केन्द्रको रूपमा रहने,
२. राष्ट्रिय र जिल्लास्तरका परीक्षाहरूको विश्वसनीयता र वैधता कायम राख्ने,
३. परीक्षासँग सम्बन्धित नयाँ नयाँ प्रविधिहरूको विकास र प्रबोधीकरण गर्ने ।

## कार्यहरू

१. एसएलसी परीक्षा बोर्डबाट स्वीकृत नीति र निर्णयहरू कार्यान्वयन गर्ने,
२. एसएलसी परीक्षाको सञ्चालन, नतिजा प्रकाशन तथा प्रमाणपत्र वितरण गर्ने,
३. एसएलसी परीक्षा सञ्चालनका लागि आवश्यक केन्द्र निर्धारणसम्बन्धी नीति तयार गर्ने,
४. एसएलसी परीक्षा सञ्चालन तथा उत्तरपुस्तिका परीक्षणमा संलग्न हुने व्यक्तिहरूको योग्यतासम्बन्धी मापदण्ड तयार गर्ने,
५. एसएलसीका परीक्षार्थीहरूको अभिलेख अद्यावधिक गर्ने,
६. एलएलसी परीक्षाको नतिजाका तथ्याङ्कीय सूचनाको प्रबोधीकरण गर्ने,
७. परीक्षणका सूचकहरूलाई बढी विश्वसनीय र वैध बनाउन अनुसन्धानात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,
८. परीक्षा प्रणालीलाई समयसापेक्ष सुधार गर्न विभिन्न सेमिनार, कार्यशाला तथा गोष्ठी सञ्चालन गर्ने,
९. उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षणको अनुगमन गर्ने ।

## शाखाहरू

| सिनं | शाखा | शाखाको काम |
|---|---|---|
| १. | परीक्षा | एसएलसी परीक्षाको रजिस्ट्रेसन र आवेदन फाराम भराउने, प्रश्नपत्र निर्माण, मोडरेसन, छपाइ, प्रश्नपत्र र उत्तर पुस्तिकाहरूको ढुवानीका साथसाथै परीक्षा सञ्चालनको व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, विद्यालयलाई प्रमाणपत्र र मार्कलेजर उपलब्ध गराउने, स्थगित नतिजा प्रकाशन गर्ने, पुनर्योगका कार्य, मार्किडस्किम, विशिष्टीकरण तालिका तथा नमुना प्रश्नपत्र निर्माण आदि । |
| २. | प्रमाणपत्र | एसएलसी परीक्षाका परीक्षार्थीहरूको अभिलेख व्यवस्थापन गर्ने, प्रश्नपत्र र नतिजाको विश्लेषण र मूल्याङ्कन गर्ने, प्रमाणपत्र तयार गर्ने, रुजु गर्ने, सच्याउने तथा प्रमाणपत्रको प्रतिलिपि वितरण गर्ने, मूल र अस्थायी प्रमाणपत्र उपलब्ध गराउने । |
| ३. | तालिम, अनुसन्धान तथा मूल्याङ्कन | प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण, कक्षा आठ, सेन्ट अप टेस्ट र एसएलसीको परीक्षा सञ्चालन, प्रभावकारी कक्षा शिक्षण र विद्यार्थी मूल्याङ्कनसम्बन्धी तालिम सञ्चालन, पुनर्योग, प्रश्नपत्र विश्लेषण, प्रश्नपत्र भण्डार, वर्गीकरण पद्धति, तालिमको प्रभावकारिता, बौद्धिक अध्ययन तथा समानान्तर प्रश्नपत्रसम्बन्धी अध्ययन अनुसन्धान, परीक्षा मूल्याङ्कन, प्रश्नपत्र निर्माण, परीक्षा प्रणालीको अनुगमन र उत्तरकुञ्जिका निर्माण गर्ने । |
| ४. | कर्मचारी प्रशासन | कर्मचारीहरूको अभिलेख दुरुस्त राख्ने, भौतिक सम्पत्तिको सुरक्षाको व्यवस्था मिलाउने, जिन्सी स्रेस्ता दुरुस्त राख्ने तथा निरीक्षणको व्यवस्था मिलाउने, सवारी साधनहरूको प्रयोग, पाले पहराको व्यवस्था, तथा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने । |
| ५. | आर्थिक प्रशासन | कार्यालयको खर्चको विवरण तयार गर्ने, निकासा लिने, खर्चको अभिलेख राख्ने, आन्तरिक तथा बाह्य लेखा परीक्षण गराउने, बेरुजु परीक्षण तथा फछ्र्योट गराउने, राजस्व सङ्कलन र धरौटीको अभिलेख राख्ने, विनियोजित बजेट राजस्व र धरौटीको मास्केवारी तयार गरी सम्बन्धित निकायमा पठाउने तथा वार्षिक बजेट तयार गर्ने । |

**नोटः** परीक्षा नियन्त्रण कार्यालयअन्तर्गत कुनै महाशाखा नरहेको

# अनौपचारिक शिक्षा केन्द्र

## परिचय

**स्थापना** : वि. सं. २००७ सालमा शिक्षा मन्त्रालयको स्थापनासँगै अनौपचारिक शिक्षाका कार्यक्रम तर्जुमा र विस्तारका लागि मन्त्रालयमा प्रौढ शिक्षा शाखाको स्थापना भएको र यसले साक्षरता शिक्षा केन्द्रित कार्यक्रमको विस्तार र कार्यान्वयन गर्दै आएको थियो । राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्को गठन भई वि.सं. २०४९ सालसम्म कार्यरत रहेको र वि.स. २०४९ सालको राष्ट्रिय शिक्षा आयोगको सिफारिसअनुरूप वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको हो ।

**प्रमुख** : निर्देशक, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा)

**दरबन्दी सङ्ख्या** : २५

**अवस्थिति** : सानोठिमी, भक्तपुर

## दूरदृष्टि

प्रत्येक नागरिकलाई गुणस्तरीय जीवनयापनका लागि आवश्यक सीप दक्षता अभिवृद्धि गर्दै सन्तुलित राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्षम तथा पूर्णसाक्षर समाजको विकास गर्नु यस केन्द्रको दूरदृष्टि रहेको छ ।

## लक्ष्य

देशको प्रौढ साक्षरता स्थितिमा सुधार गर्ने र मुलुकको गरिबी निवारण र समतामूलक सामाजिक, आर्थिक विकासका लागि योगदान पुऱ्याउन सक्षम जनशक्ति विकास गर्न महिला, दलित र समाजका सीमान्तकृत समुदायलाई लक्षित गरी समग्र प्रौढ तथा युवाहरूलाई साक्षरतालगायतका उपयुक्त सिकाइ तथा सीप विकासका कार्यक्रमहरूको विकास र विस्तार गर्नु यस केन्द्रको लक्ष्य रहेको छ ।

## उद्देश्यहरू

१. साक्षरता तथा अनौपचारिक शिक्षासम्बन्धी निर्धारित गुणात्मक र परिमाणात्मक लक्ष्य प्राप्तिका लागि यस्ता कार्यक्रम सञ्चालक सङ्घसंस्थाहरूलाई सहयोग र समन्वय गर्ने उपयुक्त नीतिगत एवम् योजना तर्जुमाका ढाँचाहरू प्रदान गर्नु,

२. सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले तय गरेका सन् २०१५ सम्म विद्यमान प्रौढ साक्षरता दरमा ५० प्रतिशत वृद्धि गर्ने लक्ष्य हासिल गर्नु,
३. साक्षरता, अनौपचारिक शिक्षा र खुला सिकाइ पद्धतिबाट मुलुकको सामाजिक आर्थिक र मानव विकासका लक्ष्य हासिल गर्नु,
४. राष्ट्रिय विकासका प्रयासहरूलाई सहयोग गर्ने निरन्तर सिकाइ प्रणाली विकासका लागि गतिशील र दिगो राष्ट्रिय अनौपचारिक शिक्षा पद्धति स्थापना गर्ने,
५. सामुदायिक सहयोगलाई प्रवर्द्धन गर्न प्रवर्तनात्मक स्थानीय मौलिक राष्ट्रिय अनौपचारिक शिक्षा कार्यक्रमहरूको विकास गर्ने,
६. साक्षरता लगायतका अनौपचारिक शिक्षा कार्यक्रमलाई सहयोग गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारितालाई सुदृढ बनाउने,
७. सूक्ष्म तथा समष्टि दुवै तहमा योजना निर्माण, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने राष्ट्रिय क्षमता अभिवृद्धि गर्ने,
८. विशेष गरी जनजाति, दलित र महिलालाई लक्षित गरी कार्यमूलक साक्षरता तथा अनौपचारिक शिक्षाका उपयुक्त कार्यक्रमहरूलाई संस्थागत गर्न,
९. प्राथमिक तहको औपचारिक शिक्षा पूरा गरी माथिल्लो तहको शिक्षाको अवसरबाट वञ्चित किशोरकिशोरीहरूलाई खुला सिकाइको माध्यमबाट निम्न माध्यमिक तह समकक्षी शिक्षा प्रदान गर्नु ।

## कार्यहरू

१. साक्षरता लगायतका अनौपचारिक शिक्षासम्वन्धी दीर्घकालीन तथा तत्कालीन नीतिहरू तर्जुमा गर्ने र निर्मित नीतिहरू कार्यान्वयन गर्ने,
२. साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा विद्यालय शिक्षा समकक्षताका वैकल्पिक तथा खुला शिक्षा सिकाइ कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गराउने,
३. सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रबाट सञ्चालित अनौपचारिक शिक्षासम्वन्धी कार्यक्रमहरूको निर्धारित लक्ष्य प्राप्ति गर्न प्राविधिक सहयोग उपलब्ध गराउने र त्यस्ता कार्यक्रमहरूको अनुगमन र समन्वय गर्ने,
४. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबीच समन्वय गर्ने,
५. अनौपचारिक शिक्षाको पाठ्यक्रम विकास, निर्धारण, उत्पादन तथा आपूतिको व्यवस्था गर्ने,
६. अनौपचारिक शिक्षा कार्यक्रमहरूको विस्तारका लागि सामुदायिक अध्ययन केन्द्रको स्थापना गर्ने र तिनीहरूलाई सहयोग गर्ने,
७. सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने,
८. अनौपचारिक शिक्षासम्बन्धी अध्ययन तथा अनुसन्धानका कार्यहरू गर्ने,
९. कार्यक्रम कार्यान्वयन रणनीति तयार पार्ने र तदनुरूप कार्यान्वयन गर्ने गराउने,

१०. अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम र अभिमुखीकरण सञ्चालन गर्ने ।

## शाखाहरू

| सि.नं. | शाखा | उप शाखा |
|---|---|---|
| १. | योजना तथा व्यवस्थापन | १. योजना तथा प्रशासन<br>२. अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन<br>३. समन्वय, सामग्री वितरण<br>४. लेखा<br>५. तथ्याङ्क/कम्प्युटर<br>६. स्टोर |
| २. | पाठ्यक्रम पाठ्यपुस्तक तथा तालिम | १. आधारभूत प्रौढ साक्षरता, साक्षरोत्तर शिक्षा र महिला शिक्षा<br>२. निरन्तर शिक्षा (आय आर्जन तथा सामुदायिक अध्ययन केन्द्र<br>३. वैकल्पिक विद्यालय<br>४. बीचैमा विद्यालय छाड्ने बालबालिकाका लागि कार्यक्रम<br>५. पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य सामाग्री प्रकाशन<br>६. खुला तथा वैकल्पिक शिक्षा |

## कार्यक्रमहरू

| सि.नं. | कार्यक्रम | लक्षित समूह | अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| १ | आधारभूत प्रौढ साक्षरता | १५-४५ वर्षका निरक्षर प्रौढ | ६ महिना | आधारभूत साक्षरता र कार्यमूलक शिक्षा |
| २ | साक्षरोत्तर | १५-४५ वर्ष | ३ महिना | आधारभूत साक्षरता पूरा गरेकालाई साक्षरोत्तर शिक्षा |
| ३ | महिला शिक्षा प्रथम | १५-४५ वर्ष उमेरसमूहका निरक्षर प्रौढ महिला | ६ महिना | आधारभूत साक्षरता तथा कार्यमूलक शिक्षा |
| ४ | महिला शिक्षा दोस्रो | आधारभूत महिला साक्षरता प्रथम पूरा गरेका १५-४५ वर्षका प्रौढ महिला | ६ महिना | आधारभूत साक्षरता पूरा गरेकालाई साक्षरोत्तर शिक्षा |
| ५ | राष्ट्रिय साक्षरता अभियान | १५-६० उमेरसमूहका निरक्षर प्रौढ | ३ महिना | छोटो अवधिमा निरक्षरता घटाउन आधारभूत साक्षरता |
| ६ | प्राथमिक शिक्षा विस्तार कार्यक्रम | प्राथमिक शिक्षाबाट वञ्चित ६-८ उमेर समूहका बालबालिका | ३ वर्ष | कक्षा १-३ सम्मको शिक्षा |
| ७ | अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम | प्राथमिक शिक्षाबाट वञ्चित ८-१४ उमेर समूहका बालबालिका | ३ वर्ष | कक्षा १-५ समकक्षताको प्राथमिक शिक्षा |

| सि.नं. | कार्यक्रम | लक्षित समूह | अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| ८ | अनौपचारिक प्रौढ प्राथमिक शिक्षा | १४ वर्षभन्दा माथिका प्राथमिक शिक्षाबाट वञ्चित किशोर किशोरी तथा प्रौढ | ३ वर्ष | कक्षा १-५ समकक्षताको प्राथमिक शिक्षा |
| ९ | निम्न माध्यमिक तहको खुला शिक्षा | १४ वर्षभन्दा माथिका निम्नमाध्यमकि शिक्षाबाट वञ्चित किशोर किशोरी तथा प्रौढ | २ वर्ष | कक्षा ६-८ समकक्षताको निम्न माध्यमिक शिक्षा |
| १० | आय आर्जन | १५ वर्ष माथिका प्रौढ महिला | निरन्तर | रोजगारमूलक स्थानीय व्यवसायमा संलग्न गरी उत्पादन बढाउने |
| ११ | सामुदायिक अध्ययन केन्द्र | स्थानीय समुदायका बासिन्दाहरू | निरन्तर | स्थानीय समुदायका सिकाइ आवश्यकताको परिपूर्तिका कार्यक्रम र आय आर्जन कार्यक्रमको संयोजन |

# विद्यालय शिक्षक किताबखाना

## परिचय

**स्थापना** : वि.स. २०५४ चैत्र २६ गते

**प्रमुख** : महानिर्देशक, रा.प. प्रथम श्रेणी (प्रशासन)

**दरबन्दी सङ्ख्या** : २७

**अवस्थिति** : ताहाचल, काठमाडौँ

## दूरदृष्टि

आधुनिक प्रविधिमा आधारित वैज्ञानिक र व्यवस्थित अभिलेख व्यवस्थापनको माध्यमबाट सेवाग्राहीहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्दै भरपर्दो अभिलेखका आधारमा सुधारात्मक नीति तथा कार्यक्रम निर्माणमा सरकारलाई सहयोग पुऱ्याउने यस किताबखानाको दूरदृष्टि रहेको छ ।

## उद्देश्यहरू

१. सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूको सुरु नियुक्तिदेखि अवकाशसम्मको अभिलेख अद्यावधिक गर्ने,
२. सेवाबाट अलग भएका शिक्षकहरूले निवृत्तभरण, उपादान, औषधोपचार, बिमा, पारिवारिक निवृत्तभरण, सन्तति वृत्ति आदि सुविधा उपलब्ध गराउने र तिनको अभिलेख राख्ने,
३. अवकाशप्राप्त शिक्षकहरूको अभिलेख राख्ने,
४. शिक्षकहरूको सूचना केन्द्रका रूपमा कार्य गर्ने,
५. सरकारका विभिन्न निकायहरूलाई नीति निर्माणका लागि आवश्यक पर्ने शिक्षकसम्बन्धी सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराउने,
६. शिक्षकहरूको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने/गराउने ।

## कार्यहरू

१. वैयक्तिक विवरण दर्ता गरी नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवम् अध्ययन बिदा, औषधीउपचारको रकमजस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक विवरण फाइलमा संलग्न गरी अद्यावधिक गर्ने,

२. शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने गराउने,
३. शिक्षकहरूको अवकाशको सूचना ६ महिना अगावै सम्बन्धित शिक्षकलाई दिने,
४. सेवाबाट अलग भएका शिक्षकहरूको निवृत्तभरण, उपादान, औषधी, बिमा, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्तिजस्ता सुविधा किटान गरी अधिकार पत्र प्रदान गर्ने,
५. शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने,
६. शिक्षकहरूको स्थायी ठेगाना परिवर्तन गर्ने,
७. शिक्षकसम्बन्धी सूचना केन्द्रका रूपमा काम गर्ने,
८. शिक्षकहरूको प्राप्त सम्पत्ति विवरण राख्ने,
९. सम्बन्धित शिक्षक तथा व्यक्ति, संस्था र निकायहरूलाई शिक्षकहरूको अभिलेखअनुरूपका तथ्याङ्कहरू नियमानससार उपलब्ध गराउने,
१०. शिक्षकहरूको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरूप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने,
११. शिक्षा मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने र तोकिएका अन्य काम गर्ने ।

## शाखा तथा मातहतका शाखाहरू

| सि.नं. | शाखा | मातहतको शाखा |
|---|---|---|
| १. | अभिलेख | १. पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल शाखा<br>२. पूर्वाञ्चल र मध्यमाञ्चल शाखा<br>३. कम्प्युटर शाखा |
| २. | निवृत्तभरण तथा उपदान शाखा | १. पूर्वाञ्चल तथा सुदूर पश्चिमाञ्चल शाखा |
| | | २. मध्यमाञ्चलन शाखा |
| | | ३. पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल शाखा |
| | | ४. प्रशासन, दर्ता चलानी र स्टोर शखा |
| | | ५. आर्थिक प्रशासन शाखा |

# शिक्षक सेवा आयोग

## परिचय

**स्थापना** : वि.स. २०५८ माघ २५ गते

**प्रमुख** : प्रशासकीय प्रमुख (रा.प. प्रथम, शिक्षा)

**दरबन्दी सङ्ख्या** : २९

**अवस्थिति** : सानोठिमी, भक्तपुर

## कार्यहरू

१. सामुदायिक विद्यालयका शिक्षकहरूको स्थायी नियुक्तिका लागि कार्यसम्पादनपश्चात् सिफारिस गर्ने,

२. अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन र प्रमाणपत्र प्रदान गर्ने,

३. शिक्षकहरूको खुला प्रतियोगितात्मक परीक्षा, बढुवा र अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र परीक्षासम्वन्धी अन्य कार्य गर्ने,

४. शिक्षकहरूको सेवा, सर्त र सुविधाका सम्वन्धमा मन्त्रालयलाई सुझाव दिने आदि मुख्यरूपले रहेका छन् ।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## परिचय

स्थापना : वि.सं.२०६६

प्रमुख : सहसचिव, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा)

अवस्थिति : शिक्षा मन्त्रालय, केशरमहल

## उद्देश्य

१. शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि समग्र शैक्षिक संरचना तथा कार्यप्रणालीको परीक्षण गरी शिक्षा मन्त्रालयसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने,

२. निर्दिष्ट नीति तथा कार्यक्रमहरू प्रचलित ऐन, नियमबमोजिम कार्यान्वयन भए नभएको सम्बन्धमा लेखाजोखा गरी सुधारका लागि प्रतिवेदन प्रस्तुत गर्ने ।

## प्रमुख कार्यहरू

१. निर्धारित मापदण्ड, मानक, कार्यनिर्देशिका, उद्देश्य, एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने

२. शिक्षा ऐन तथा नियमावलीबमोजिम विद्यालयहरूको वर्गीकरणसमेतको कार्यप्रक्रियाको परीक्षण गर्ने

३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने

४. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइस्तरको आवधिक रूपमा परीक्षण गर्ने

५. सम्बन्धित शैक्षिक निकायहरूले सम्पादन गरेका कार्य प्रभावकारिताका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पूरा गरेका आधारमा गुणस्तरियता जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने

६. मन्त्रालय र अन्तर्गतका निकायहरू वा पदाधिकारीहरूबाट सम्पादित कार्यहरूको परीक्षण गरी निष्कर्ष सार्वजनिक गर्ने

७. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबीच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने

८. शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरूको रोष्टर निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुनरावलोकन कार्यमा संलग्न गराउने

९. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने

१०. विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारणसम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने

## संरचना

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा देहायका एकाइहरू रहने छन् :

क. निकायगत कार्यसम्पादन परीक्षण एकाइ (Institutional Performance Audit Unit)

ख. विद्यालयगत कार्यसम्पादन परीक्षण एकाइ (School Performance Audit Unit)

ग. विद्यार्थी सिकाइस्तर मापन एकाइ (NASA Unit)

**पहल भएका कार्यक्रमहरूको हालसम्म भएका प्रगति विवरण**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र, व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ स्वीकृत
- नीतिगत निर्णयका लागि निर्देशक समिति र प्राज्ञिक सल्लाह सुझावका लागि प्राविधिक समिति गठन
- विषयगत रूपमा विद्यार्थी मूल्याङ्कनका मापदण्ड तथा आधारहरू तयार गर्न परामर्श दिने विषय समिति (नेपाली, सामाजिक र गणित) गठन
- संस्थागत उपलब्धि परीक्षण सूचक विकासको क्रममा केन्द्रीय निकायहरूको सूचक निर्माण अभ्यास थालनी भई ४ ओटा केन्द्रीय निकायमा उपलब्धि परीक्षणको कार्य सुरु
- जिल्ला शिक्षा कार्यालयहरूको उपलब्धि सूचक निर्माण गर्ने क्रममा १० ओटा जिशिकामा सूचक विकास अभ्यास भएको
- विद्यालय स्तरीय सूचक निर्माण गर्ने कार्य प्रक्रियामा रहेको
- नीतिगत सुझावका लागि विश्वविद्यालयका प्राध्यापकहरूको समन्वयमा ५ ओटा समसामयिक शैक्षिक मुद्दाहरूमा लघु अनुसन्धान कार्य सुरु
- राष्ट्रियस्तरमा कक्षा ८ को विद्यार्थीका उपलब्धि परीक्षणका लागि पूर्व परीक्षण कार्य हुने क्रममा रहेको

**National Assessment for Student Achievement (NASA)**

- पुरानो परीक्षण (२००८) का Data Analysis
- गणित, नेपाली र सामाजिक विषयको प्रश्नपत्र (५/५सेट) तयारी
- अन्तिम Booklet (४ सेट) Final गरी छपाइ
- २०६८।३।३१ गते Pre-Test सञ्चालन

# क्षेत्रीय शिक्षा निर्देशनालय

## परिचय

**सुरुवात** : वि.स.२००३ (सन् १९४६) मा पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा विद्यालय उपनिरीक्षकको कार्यालय स्थापनासँगै शिक्षामा क्षेत्रीय प्रशासनको सुरुवात भएको । तर विद्यमान क्षेत्रीय शिक्षा निर्देशनालयहरू भने राष्ट्रिय शिक्षा योजना, २०२८ लागू भएपछि स्थापना भएका हुन् ।

**प्रमुख** : निर्देशक (रा.प.प्रथम श्रेणी, शिक्षा)

**दरबन्दी** : १४३ (पाँचओटै क्षेत्रीय शिक्षा निर्देशनालयको जम्मा)

**अवस्थित** : १) पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा २) मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, काठमाडौँ ३) पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा ४) मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत र ५) सुदूरपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल

## उद्देश्यहरू

१. मन्त्रालय र विभागको निर्देशनमा क्षेत्रभित्रका कार्यक्रमहरू कार्यान्वयन गर्ने,
२. आफ्नो क्षेत्रभित्रका शैक्षिक कार्यक्रम तथा क्रियाकलापको समन्वय गर्ने,
३. क्षेत्रभित्र शैक्षिक कार्यक्रमहरू अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्ने ।

## कार्यहरू

१. क्षेत्रभित्रका शैक्षिक योजना र कार्यक्रमहरू बीचमा समन्वय गर्ने,
२. विद्यालय शिक्षाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने,
३. निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूलाई अनुमति र स्वीकृत दिने,
४. उच्च माध्यमिक विद्यालयहरूको अनुगमन तथा सुपरिवेक्षणमा सहयोग पुऱ्याउने,
४. प्रवेशिका परीक्षा (एसएलसी) सञ्चालन गर्न सहयोग गर्ने,
६. जिल्ला शिक्षा अधिकारी, निरीक्षक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि तालिम, गोष्ठीहरू सञ्चालन गर्ने,

७. औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूको स्थलगत सुपरिवेक्षण तथा कार्यक्रमहरू अनुगमन गर्ने,

८. आर्थिक प्रशासनको रेखदेख गरी विद्यालयको लेखापरीक्षणका लागि लेखा परीक्षकको सूची तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने,

९. सरकारी तथा गैरसरकारी शिक्षा परियोजनाहरूको समन्वय र निरीक्षण गर्ने,

१०. माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरूको प्रमाण-पत्रमा नाम, थर र जन्म मिति सच्चाउने तथा अस्थायी प्रमाणपत्र दिने ,

११. जिल्ला शिक्षा अधिकारीहरूको काममा समन्वय, निरीक्षण र मूल्याङ्कन गर्ने,

१२. जिशिका र स्रोत केन्द्रबाट नियमित रूपमा प्रभावकारी तवरले विद्यालयको निरीक्षण गराउने,

१३. विद्यालयलाई सार्वजनिक तथा निजी गुठीअन्तर्गत दर्ता गर्ने,

१४. निम्न माध्यमिक तथा माध्यमिक तहका विद्यालयहरूको व्यवस्थापन हस्तान्तरण गर्ने ।

# जिल्ला शिक्षा कार्यालय

## परिचय

**प्रमुख** : जिल्ला शिक्षा अधिकारी, रा. प. द्वितीय श्रेणी, प्राविधिक

**अवस्थिति** : ७५ जिल्ला

## दायित्व

जिल्लास्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु र राष्ट्रिय नीति र कार्यक्रमका साथै सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय, शिक्षा विभाग तथा शिक्षा मन्त्रालयको निर्देशानुसार जिल्लामा पठनपाठन प्रक्रिया भएनभएको सुपरिवेक्षण तथा अनुगमन गर्नु हो । विद्यालय प्रशासन तथा सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउनका लागि प्रत्येक जिल्लालाई विद्यालय सङ्ख्या र भौगोलिक बनावटका आधारमा निरीक्षण क्षेत्रमा विभाजन गरिएको छ । प्रत्येक निरीक्षण क्षेत्रका विद्यालयहरूलाई प्राविधिक सहयोग, निरीक्षण तथा शैक्षिक सेवाहरू प्रदान गर्नका लागि स्रोत केन्द्र स्थापना गरिएको छ ।

## जिल्ला वर्गीकरण

विद्यालय सङ्ख्याको आधारमा जिल्ला शिक्षा कार्यालयलाई 'क', 'ख', 'ग' र 'घ' गरी चार वर्गमा विभाजन गरिएको छ । 'क' वर्गमा एकमात्र जिल्ला काठमाडौँ रहेको छ भने 'ख' वर्गमा ७ जिल्ला, 'ग' वर्गमा ५९ जिल्ला र 'घ' वर्गमा ८ जिल्लाहरू रहेका छन् ।

## प्रमुख कार्यहरू

१. सरकारको शैक्षिक नीति तथा योजनाहरूका आधारमा जिल्लामा विभिन्न शैक्षिक विकास कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने गराउने,
२. विद्यालय र स्रोतकेन्द्रहरूको सुपरिवेक्षण गरी शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने,
३. जिल्लाको शैक्षिक प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने,
४. शिक्षकहरूको नियुक्ति, पदस्थापन तथा सरुवा गर्ने र सोको अभिलेख राख्ने,
५. विद्यालय, शिक्षक आदिको वार्षिक र आवधिक तथ्याङ्क प्रतिवेदन तयार गर्ने,
६. नयाँ विद्यालयहरूको स्थापना र विद्यमान विद्यालयहरू सुदृढ गर्ने,

७. छोटो अवधिका शिक्षक तालिम, कार्यशाला तथा गोष्ठीहरू सञ्चालन गर्ने,
८. अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
९. जिल्लास्तरीय एवम् एसएलसी परीक्षा सञ्चालन गर्ने,
१०. जिल्लाका विद्यालयहरूमा विद्यार्थीहरूको पहुँच एवम् शैक्षिक गुणस्तरवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने,
११. शैक्षिक सूचना सङ्कलन विश्लेषण र प्रबोधीकरण गर्ने गराउने,
१२. सरोकारवालाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,
१३. जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालनार्थ गैसस र अन्य सङ्घ संस्थाहरूसँग समन्वय गर्ने गराउने,
१४. केन्द्रीय एवम् क्षेत्रीय निकायहरूबाट तोकिएका अन्य कार्य सम्पादन गर्ने ।

# स्रोतकेन्द्र

## परिचय

प्रमुख : स्रोतव्यक्ति (सामुदायिक विद्यालयका शिक्षकहरूबाट काजमा ल्याइएका)

सङ्ख्या : मुलुकभर कुल १०९१ स्रोतकेन्दहरू तोकिएकामा हाल १०५३ स्रोतकेन्द्रहरू सञ्चालित

## कार्यहरू

जिल्ला शिक्षा कार्यालयमार्फत् जिल्लामा सञ्चालन हुने शैक्षिक गतिविधिको नेतृत्व गर्ने । जिल्ला स्तरमा स्रोतकेन्द्रहरूको निरीक्षण, अनुगमन र मूल्याङ्कन गर्ने कार्य विद्यालय निरीक्षकमार्फत हुने गर्दछ ।

## कार्यक्रमहरू

१. **योजना निर्माण र कार्यान्वयन**

१.१ सम्पूर्ण विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण गर्न लगाई सोअनुसार कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

१.२ स्रोतकेन्द्रस्तरीय वार्षिक योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने ।

२. **विद्यालय निरीक्षण**

२.१ पाठ्यक्रमअनुरूप शिक्षक निर्देशिकाको प्रयोग गरी पठनपाठन भएनभएको निरीक्षण गर्ने,

२.२ विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका प्राप्त भएनभएको निरीक्षण गर्ने र नभएमा समयमा नै व्यवस्था गर्ने वा गराउने,

२.३ स्रोतकेन्द्रअन्तर्गतका विशेष कक्षा सञ्चालन भएका लगायत अन्य सम्पूर्ण विद्यालयहरूको नियमित निरीक्षण गर्ने र प्रतिवेदन जिशिकामा पठाउने ।

३. **तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन**

३.१ स्रोतकेन्द्र र समूह विद्यालयको विवरण अद्यावधिक गर्ने,

३.२ स्रोतकेन्द्रअन्तर्गतका शिक्षकहरूको विवरण अद्यावधिक गर्ने ।

४. **कक्षा अवलोकन/नमुना पाठ प्रदर्शन**

४.१ स्रोतकेन्द्रभित्रका दक्ष शिक्षकहरूबाट नमुना पाठ प्रदर्शन गर्ने काममा लगाउने,

४.२ शैक्षिक सामग्री निर्माण गर्न लगाई Peer teaching गर्न लगाउने र अवलोकन गर्ने,

४.३ विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गर्ने र पृष्ठपोषण दिने,

४४ विषयगत सुहाउँदो शैक्षिक सामग्री प्रयोग गर्न सहजीकरण गर्ने ।

**५ अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम**

५.१ अनौपचारिक शिक्षाका लागि आवश्यक पर्ने निरक्षरहरूको तथ्याङ्क सङ्कलन गर्ने ।

**६. शैक्षिक गुणस्तर अभिवृद्धिसम्बन्धी कार्य**

६.१ विद्यमान प्राकृतिक, भौतिक, मानवीयजस्ता स्रोतहरूको उचित परिचालन गर्ने,

६.२ विभिन्न संस्थाहरूको सहयोगमा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,

६.३ शिक्षकको शिक्षण-सिकाइ क्रियाकलापको निकटतम रही शिक्षकको एक सहयोगी मित्रका रूपमा कार्य गर्ने,

६.४ शैक्षिक विकासका लागि स्रोतकेन्द्रअन्तर्गतका शिक्षक, प्रधान अध्यापक., व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ एवम् अभिभावकहरूलाई आवश्यकता हेरी अल्पकालीन तालिम, गोष्ठी, सेमिनार आयोजना गर्ने,

६.५ शिक्षकलाई शिक्षण सिकाइ तथा विषयगतसम्बन्धी तालिमको व्यवस्था गर्ने,

६.६ आवश्यक पर्ने कक्षाको विवरण सम्बन्धित निकायमा माग गर्ने,

६.७ अनौपचारिक कक्षा सञ्चालनका लागि आवश्यक सहयोग पुर्‍याउने,

६.८ सहयोगी कार्यकर्ता, स्थानीय निरीक्षकको नियुक्तिको लागि सिफारिस गर्ने,

६.९ गाउँ साक्षरता अभियान समिति गठन गर्ने,

६.१० अनौपचारिक शिक्षा कार्यक्रमको निरीक्षण गर्ने र विवरण जिशिकामा पठाउने ।

**७ अतिरिक्त क्रियाकलाप सञ्चालन**

७.१ अतिरिक्त क्रियाकलाप र शैक्षिक सामग्री प्रदर्शनी गर्न लगाउने,

७.२ अन्य रचनात्मक कार्य (जस्तै : रेडक्रस, स्काउट तथा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको व्यवस्था मिलाउने कार्य) गराउने ।

**८ अन्य कार्यहरू**

८.१ विद्यालय मूल्याङ्कन र पुरस्कृत

८.२ विशेष शिक्षा कक्षा सञ्चालनका लागि आवश्यक कार्य

८.३ स्रोतकेन्द्रस्तरीय परीक्षा सञ्चालन

८.४ समय समयमा शैक्षिक भ्रमणको व्यवस्था

८.५ जिशिकाबाट निर्देशित अन्य कार्यहरू

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

## परिचय

**स्थापना** : वि. सं २०११ साल श्रावण ११ गते (२२ जुलाई १९५४)

**अवस्थिति** : शिक्षा मन्त्रालय, केशरमहल

## उद्देश्यहरू

१. शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक कार्यहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकास गर्ने,
२. शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने,
३. आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा आफ्नो साधनले भ्याएसम्म परिचित गर्ने गराउने,
४. युनेस्कोको उद्देश्य एवम् कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुऱ्याउने,
५. अन्तर्राष्ट्रिय एवम् क्षेत्रीयस्तरमा युनेस्कोद्वारा सञ्चालित कार्यक्रममा सघाउ पुऱ्याउने,
६. युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवम् कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

## संरचना

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनको विधानबाट निर्देशित रहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको संरचनासँग मिल्दो किसिमले अङ्गीकार गरेको छ । विधानअनुसार आयोगको संरचना निम्नानुसार रहेको छ :

१. **आयोग**

शिक्षा मन्त्रीको अध्यक्षतामा युनेस्को विषय क्षेत्रसम्बद्ध मन्त्रालयका प्रतिनिधिहरू, विश्वविद्यालयका प्रतिनिधि, लब्ध-प्रतिष्ठित विद्वान्हरू, विषय विशेषज्ञहरूसमेतबाट गठन भएको आयोग व्यवस्थापकीय अङ्गको रूपमा रहेको छ । पदेन र मनोनीत दुई प्रकारका सदस्य रहने यस

आयोगले नीति निर्माण र निर्देशन गर्दछ । यसको महाधिवेशन वार्षिक रूपमा हुने व्यवस्था छ । आयोगको गठन विधि देहायबमोजिम रहेको छ :

| | | |
|---|---|---|
| क) | शिक्षा मन्त्री | अध्यक्ष |
| ख) | शिक्षा राज्यमन्त्री वा सहायक मन्त्री | उपाध्यक्ष |
| ग) | विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत दुईजना | सदस्य |
| घ) | परराष्ट्र मन्त्रालयको प्रतिनिधि | सदस्य |
| ङ) | विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिनिधि | सदस्य |
| च) | सङ्घीय मामिल, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको प्रतिनिधि | सदस्य |
| छ) | जनसङ्ख्या तथा वातावरण मन्त्रालयको प्रतिनिधि | सदस्य |
| ज) | विभिन्न सङ्घ, संस्थाका प्रमुखहरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत बढीमा ४ जना | सदस्य |
| झ) | शिक्षाविद्हरूमध्येबाट शिक्षा मन्त्रालयद्वारा मनोनीत बढीमा ५जना | सदस्य |
| ञ) | विषय समितिका पदाधिकारीहरू र सदस्यहरू | सदस्य |
| ट) | शिक्षा सचिव | महासचिव |
| ठ) | सहायक महासचिव, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | सदस्य |

## २. कार्यकारिणी समिति

आयोगले पारित गरेका नीति एवम् कार्यक्रमहरूलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न गराउनका लागि केन्द्रीय स्तरमा एक कार्यकारिणी समिति रहने व्यवस्था रहेको छ । जसमा कार्यकारिणी समितिको सचिवको रूपमा सचिवालयको सहायक महासचिवले कार्य गर्ने व्यवस्था छ ।

## ३. सचिवालय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एक सचिवालय रहने व्यवस्था छ । हाल यो सचिवालय शिक्षा मन्त्रालय केशरमहलमा रहेको छ । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले शिक्षा मन्त्रालयले तोकेको शिक्षा सेवाको उप-सचिवले सचिवालयको सचिव भई कार्य गर्ने व्यवस्था गरेको छ । यस सचिवालयमा महासचिवको रूपमा शिक्षा सचिव र सहायक महासचिव तथा अन्य कर्मचारीहरू रहने व्यवस्था रहेको छ ।

आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार र सामाजिक क्षेत्रका गरी पाँचओटा समिति गठन गरिएका छन् । जसमा बढीमा सात जना सदस्य रहने र उनीहरूको पदावधि चार वर्षको हुने व्यवस्था गरेको छ ।

# उच्च माध्यमिक शिक्षा परिषद्

## परिचय

**स्थापना** : वि.सं. २०४६ साल फागुन १२ गते

**प्रमुख** : उपाध्यक्ष

**अवस्थित** : सानोठिमी, भक्तपुर

## उद्देश्यहरू

१. राष्ट्र निर्माणका लागि विभिन्न क्षेत्रमा आवश्यक मध्यमस्तरीय जनशक्ति तयार पार्ने,
२. उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने,
३. उच्च माध्यमिक शिक्षा परिषद्का नियमित कार्यहरू गर्ने,
४. उच्च माध्यमिक तह सञ्चालन गर्नका लागि विद्यालयहरूलाई सम्बन्धन प्रदान गर्ने,
५. उच्च माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण एवम् परिमार्जन गर्ने,
६. उच्च माध्यमिक तहको परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन गर्ने,
७. परीक्षामा उत्तीर्ण विद्यार्थीहलाई उपाधि प्रदान गर्ने,
८. उच्च माध्यमिक विद्यालयहरूको अनुगमन र निरीक्षण एवम् मूल्याङ्कन गर्ने,
९. उच्च माध्यमिक शिक्षामा सुधारका लागि योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने ।

## कार्यहरू

१. दस जोड दुई विद्यालयहरूको स्वीकृति दिने,
२. पाठ्यक्रम र पाठ्य सामग्रीहरूको विकास तथा परिमार्जन गर्ने,
३. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,
४. उच्च माध्यमिक परीक्षामा पास भएका विद्यार्थीहरूलाई प्रमाण पत्र प्रदान गर्ने,
५. उच्च माध्यमिक विद्यालयका कार्यक्रमहरूको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने,
६. उच्च माध्यमिक शिक्षामा सुधारका निम्ति योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने,
७. प्राविधिक, पेसागत तथा प्रशासनिक कर्मचारीहरूको नियुक्ति गर्ने,
८. उच्च माध्यमिक शिक्षक तथा अन्य कर्मचारीहरूका लागि तालिम कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने,
९. उच्च माध्यमिक शिक्षासम्बन्धी विभिन्न मुद्दाहरूमा अध्ययन र अनुसन्धान कार्यहरू गर्ने ।

**कार्यक्रमहरू**

१. माध्यमिक विद्यालयहरूलाई १०+२ सञ्चालन गर्न सम्बन्धन कार्यक्रम
२. उच्च माध्यमिक तहमा गरिब, पिछडिएका वर्ग तथा महिलाहरूको सहभागितामा वृद्धि गर्ने कार्यक्रम
३. पाठ्यक्रम विकास तथा परिमार्जन कार्यक्रम
४. परीक्षा प्रणालीमा सुधार गर्नका लागि कार्यक्रमहरू
५. शिक्षण तथा शैक्षिक व्यवस्थापन क्षमता अभिवृद्धि कार्यक्रमहरू
६. अनुगमन तथा मूल्याङ्कनलगायत संस्थागत सुधार कार्यक्रमहरू
७. साझेदारहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम
८. Geographic Information System (GIS) को माध्यमद्वारा विद्यालय नक्साङ्कन कार्यक्रम

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## परिचय

| | | |
|---|---|---|
| स्थापना | : | वि.सं. २०४५ (सन् १९८९) |
| प्रमुख | : | उपाध्यक्ष |
| अवस्थित | : | सानोठिमी, भक्तपुर |
| हालको अवस्था | : | हाल प्राविधिक तथा व्यावसायिक क्षेत्रका २० ओटा विषयमा, २५ ओटा प्राविधिक शिक्षालय र बहुप्राविधिक शिक्षालय, एउटा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, २ ओटा व्यावसायिक तालिम केन्द्र तथा ३२९ ओटा (छोटो अवधिका व्यावसायिक तालिम सञ्चालन गर्ने ५४ समेत) र ३० ओटा एनेक्स विद्यालयहरू छन् । यी प्राविधिक संस्थाहरूले तीनवर्षे डिप्लोमा, प्राविधिक एसएलसी, एनेक्स कार्यक्रम तथा छोटो अवधिको तालिम कार्यक्रम सञ्चालन गर्दै आएका छन् । |

## उद्देश्य

सीपयुक्त जनशक्ति तयार पार्नु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मुख्य जिम्मेवारी हो ।

## लक्ष्यहरू

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले उपर्युक्त दूरदृष्टि तथा उद्देश्य हासिल गर्न निम्नलिखित लक्ष्यहरू राखेको छ :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रभावकारी व्यवस्थापनका लागि नीति निर्धारण गर्ने,

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको गुणस्तर, प्रभावकारिता बढाउनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गर्ने,

३. आय आर्जनका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनका निम्ति संस्थागत क्षमता बढाउने,

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,

५. प्राविधिक तथा व्यावसायिक तालिममा समाजका सबै वर्गको पहुँच तथा अवसरमा समानता ल्याउने,

६. रोजगारी दरलाई तालिम कार्यक्रमको सफलता मापनको मुख्य आधार बनाउने,

७. संस्थालाई स्थायित्व तथा निरन्तरता दिने,

८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच बढाउन र रोजगारको क्षेत्र विस्तारको परामर्श र रोजगारको सहजीकरण गर्ने,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा व्यापारिक तथा औद्योगिक प्रतिष्ठानहरूको सहभागिता बढाउन प्रोत्साहित गर्ने ।

## कार्यहरू

१. TEVT नीति तथा कार्यक्रमसम्बन्धी सरकारलाई सल्लाह दिने,

२. TEVT कार्यक्रमहरूको क्षेत्र तथा मापदण्ड निर्धारण गर्ने,

३. आधारभूत तहदेखि उच्च शिक्षासम्म TEVT कार्यक्रमहरूको व्यवस्था तथा सञ्चालन गर्ने,

४. गुणस्तरयुक्त शिक्षा तथा तालिमका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय TEVT संस्थाहरूसँग समन्वय गर्ने,

५. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन भएका कार्यक्रम तथा संस्थाहरूलाई अनुदान तथा समकक्षता निर्धारणसम्बन्धी सेवा प्रदान गर्ने,

६. पाठ्यक्रम र शिक्षण सामग्रीहरू प्रदान गरी तालिमको मापदण्ड कायम तथा समन्वय गर्ने,

७. सरकारी तथा गैरसरकारी तहमा सञ्चालित TEVT कार्यक्रम तथा क्रियाकलापहरूको मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने,

८. पोलिटेक्निक, छोटो व्यावसायिक तालिम, Apprenticeship तालिम तथा मोबाइल तालिम कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गर्ने,

९. परिषद्ले पहिचान गरेका प्राविधिक विद्यालय, मोबाइल तालिम तथा अन्य TEVT कार्यक्रमहरूमार्फत् सीपयुक्त मानव संशाधन उत्पादन गर्न सबै प्रकार तथा तहका सीप विकास तालिम कार्यक्रमहरूको स्थापना तथा सञ्चालन गर्ने,

१०. तालिमको सम्भाव्यता अध्ययन, कार्य बजार (Job market) विश्लेषण तथा Follow-up studies लगायत TEVT क्षेत्रको अनुसन्धान कार्यहरू गर्ने,

११. TEVT कार्यक्रमहरूको गुणस्तर सुधार गर्न प्राविधिक प्रशिक्षक तथा व्यवस्थापन तालिम कार्यक्रमहरू सञ्चालन गर्ने,

१२. सीप/पेसाको वर्गीकरण, सीपको मापदण्ड विकास, सीप परीक्षण गर्ने र प्रमाण पत्र प्रदान गर्ने,

१३. TEVT क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगहरूको पहिचान, प्राप्ति तथा प्रयोग गर्ने

१४. TEVT कार्यक्रमहरूको पहिचानका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था तथा विश्वविद्यालयहरूसँग संस्थागत सम्बन्ध स्थापना गर्ने

१५. TEVT कार्यक्रमहरू सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूसँग सम्झौता गर्ने ।

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

## परिचय

योग्य र प्रशिक्षित जनशक्ति तयारीका लागि आवश्यक शिक्षक प्रशिक्षण तालिम सामग्री उत्पादन गर्ने उद्देश्यले वि. सं. २०१२ सालमा यस केन्द्रको स्थापना गरिएको हो । २०१३ सालमा कलेज अफ एजुकेसनअन्तर्गत ब्युरो अफ पब्लिकेसनमा परिणत भई वि. सं २०१८ सालमा शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्रका रूपमा परिणत भएको थियो । वि. सं. २०२४ सालमा सानोठिमी सरेको केन्द्र सोही वर्षमा राष्ट्रिय विभूतिको सम्झनामा 'जनक' शब्द थपेर जनक शिक्षा सामग्री केन्द्र नामकरण गरिएको पाइन्छ । वि. सं २०२८-२०३२ सालमा राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि विद्यालयस्तरीय सम्पूर्ण पाठ्यपुस्तक उत्पादन तथा बिक्रीवितरण गर्ने दायित्व यस केन्दलाई हस्तान्तरण गरिएको हो । यस केन्द्रले वि. सं २०३० सालमा विकास समितिमा परिणत हुँदै वि. सं. २०३५ साल आश्विन ८ गते मुनाफारहित विशुद्ध सेवामूलक सार्वजनिक संस्थाको रूपमा परिणत भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको नामबाट आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ ।

## उद्देश्यहरू

१. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय शिक्षा नीतिअनुरूपका कक्षा १ देखि १० सम्मका पाठ्पुस्तक प्रकाशन गरी बिक्री वितरण गर्नु,
२. विभिन्न प्रकारका अभ्यास पुस्तिका, स्केच प्याड, रजिस्टर, फाइल आदि शिक्षासँग सम्बन्धित अन्य शैक्षिक सामग्रीहरूसमेत उत्पादन गरी सुपथ मूल्यमा बिक्रीवितरण गर्नु,
३. न्यूनतम मूल्यमा आफ्ना उत्पादनहरू बिक्रीवितरणमा ल्याउनु ।

## विभागहरू

जनक शिक्षा सामग्री केन्द्रको उद्देश्य प्राप्तिमा प्रशासन विभाग (सामान्य प्रशासन महाशाखा, कर्मचारी प्रशासन महाशाखा) सामान्य सेवा विभाग, योजना विभाग, आर्थिक नियन्त्रण विभाग, पाठ्पुस्तक प्रकाशन विभाग (अफसेट महाशाखा, वाइन्डिङ महाशाखा) बाह्य सामग्री, छपाइ विभाग (अभ्यास पुस्तिका महाशाखा) बजार व्यवस्था विभाग, प्राविधिक सेवा तथा सम्भार विभाग, शैक्षिक सामग्री तयारी विभाग क्रियाशील छन् ।

# विश्वविद्यालय अनुदान आयोग

## परिचय

**स्थापना** : वि.स. २०५० मङ्सिर ७ गत

**प्रमुख** : अध्यक्ष

**अवस्थिति** : सानोठिमी, भक्तपुर

## उद्देश्यहरू

१. विश्वविद्यालयहरूको सञ्चालन तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम समुचित तवरबाट वितरण गर्ने,
२. विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गर्ने,
३. गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने,
४. नेपाल सरकारलाई नयाँ विश्वविद्यालय स्थापनाका सम्बन्धमा परामर्श दिने ।

## प्रमुख कार्यहरू

१. विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने,
२. विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने,
३. विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूका लागि सम्बन्धित निकायहरूमा सिफारिस गर्ने,
४. विश्वविद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबीच समन्वय कायम गराउने,
५. शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त विद्वद्वृत्ति र अनुसन्धानलगायतका कार्यक्रम तर्जुमा गर्ने,
६. विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
७. नेपाल राज्यभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबीच छात्रवृत्ति, विद्वद्वृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
८. आयोगको कामकारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने ।

## नीति तथा कार्यक्रमहरू

विश्वविद्यालय अनुदान आयोगले आ.व. २०६६/६८ र २०६७/६८ का लागि गुणस्तरीय उच्च शिक्षाको विकास र विस्तार गर्न निम्नानुसारको नीतिगत व्यवस्था गरेको छ :

१. उच्च शिक्षामा प्राविधिक शिक्षाको विकासमा जोड दिने,

२. प्राविधिक शिक्षासँग सम्बन्धित नयाँ शैक्षिक संस्थाहरू र हाल सञ्चालित संस्थाहरूमा उक्त शिक्षा सञ्चालन गर्न Public-Private साझेदारीमा जोड दिने । विश्वविद्यालयहरूलाई प्राविधिक शिक्षाका कार्यक्रमहरूमा वृद्धि गर्न प्रोत्साहन स्वरूप आर्थिक सहयोग गर्ने तथा विश्वविद्यालयहरूलाई प्रदान गरिने अनुदानलाई क्रमैसँग प्राविधिक शिक्षाको विकाससँग आबद्ध गर्दै लैजाने,

३. सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भएकाले ती विश्वविद्यालयका लागि आवश्यक भौतिक, प्राज्ञिक एवम् प्रशासनिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

४. सामुदायिक र निजी क्षेत्रबाट विश्वविद्यालयहरू स्थापनाको माग भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी आवश्यकताअनुरूप नयाँ विश्वविद्यालयहरूको स्थापना गर्दै लैजाने,

५. विश्वविद्यालयअन्तर्गत क्याम्पसहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरूको गुणस्तरमा सुधार ल्याउन विश्वविद्यालय अनुदान आयोगले अनुदान निर्धारण गर्दा Performance Evaluation को आधारमा गर्ने,

६. उच्च शैक्षिक संस्थाहरूमा अनुसन्धान र अन्य प्राज्ञिक क्रियाकलापहरूलाई प्रोत्साहित गर्न पर्याप्त आर्थिक सहयोगको व्यवस्था गर्ने,

७. खुला विश्वविद्यालय लगायत अन्य प्रस्तावित विश्वविद्यालय तथा अनुसन्धान एवम् विकास कार्यक्रम सञ्चालन गर्दै जाने,

८. उच्च शिक्षामा सूचना प्रविधिको विकास गर्दै लैजाने ।

# विश्वविद्यालय तथा प्रतिष्ठानहरू

उच्च शिक्षाअन्तर्गत हाल नेपालमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय गरी छ ओटा विश्वविद्यालयहरू सञ्चालित छन् । त्यसरी नै विश्वविद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन् ।

## त्रिभुवन विश्वविद्यालय

नेपालको ९० प्रतिशतभन्दा बढी उच्च शिक्षाको भार त्रिभुवन विश्वविद्यालयले नै बोकेको अवस्था रहेको छ । यो मुलुकको सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय हो जसमा ६० आङ्गिक क्याम्पसहरू र ७३२ सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन् । त्रिविमा हाल १,८६,८९४ जना विद्यार्थी आङ्गिकमा अध्ययनरत थिए भने सम्बन्धन प्राप्त क्याम्पसमा विद्यार्थीहरूको सङ्ख्या १,८७,८१२ रहेको छ (विश्वविद्यालय अनुदान आयोग, २०६७) ।

त्यस्तै गरी २०६६/६७ को तथ्याङ्कअनुसार १३,४११ शिक्षकहरू त्रिभुवन विश्वविद्यालयमा सेवारत रहेका छन् । यस विश्वविद्यालयमा पाँच अध्ययन संस्थानहरू: (१) कृषि र पशुविज्ञान अध्ययन संस्थान (२) वनविज्ञान अध्ययन संस्थान (३) इन्जिनियरिङ अध्ययन संस्थान (४) चिकित्साशास्त्र अध्ययन संस्थान र (५) विज्ञान तथा प्रविधि अध्ययन संस्थान रहेका छन् । त्यस्तै चारओटा साधारण शिक्षातर्फका सङ्कायहरू : (१) मानविकी तथा सामाजिकशास्त्र सङ्काय (२) व्यवस्थापन सङ्काय (३) कानुन सङ्काय र (४) शिक्षाशास्त्र सङ्काय रहेका छन् । साथै चारओटा अनुसन्धान केन्द्रहरू : (१) आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA) (२) नेपाल एसियाली अनुसन्धान केन्द्र (CNAS) (३) व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST) र (४) शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) रहेका छन् । यस विश्वविद्यालयबाट आ.व. २०६६/६७ मा ६९,०२३ जनशक्ति उत्पादन भएका थिए (विश्वविद्यालय अनुदान आयोग, २०६६/६७) ।

## नेपाल संस्कृत विश्वविद्यालय

संस्कृत भाषा एवम् शिक्षाको आधुनिकीकरण र यसको मूल्य र मान्यताहरूको जगेर्ना गर्न वि.सं. २०४३ मा दोस्रो विश्वविद्यालयको रूपमा नेपाल संस्कृत विश्वविद्यालय (तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय) को स्थापना भएको हो । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बेलझुन्डी दाङमा रहेको छ । यो विश्वविद्यालयका १२ ओटा आङ्गिक र ९ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयले करिब ३,६२४ विद्यार्थी, ४२३

शिक्षकहरूको भार बहन गरेको छ । यस विश्वविद्यालयबाट आ.व. २०६६/६७ मा २,०१७ जनशक्ति उत्पादन भएका थिए (विश्वविद्यालय अनुदान आयोग, २०६६/६७) ।

## काठमाडौँ विश्वविद्यालय

वि.सं. २०४८ मा तेस्रो विश्वविद्यालयको रूपमा काठमाडौँ विश्वविद्यालयको स्थापना भएको हो । विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन, ललितकला आर्ट्स र चिकित्साशास्त्र तर्फका अध्ययन/अध्यापन हुने यस विश्वविद्यालयमा ६ ओटा आङ्गिक र १५ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयअन्तर्गत ९,२८२ विद्यार्थी, ३४१ शिक्षकहरू रहेका छन् । यस विश्वविद्यालयबाट आ.व. २०६६/६७ मा १,५१७ जनशक्ति उत्पादन भएका थिए (विश्वविद्यालय अनुदान आयोग, २०६६/६७) ।

## पूर्वाञ्चल विश्वविद्यालय

केन्द्रीय कार्यालय मोरङ जिल्लामा रहने गरी वि.सं. २०५१ मा मुलुकको चौथो उच्च शैक्षिक संस्थाको रूपमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना भएको हो । विज्ञान र प्रविधि, व्यवस्थापन, फाईन आर्ट्स, कानुन र शिक्षाशास्त्रतर्फको अध्ययन/अध्यापन हुने यस विश्वविद्यालय अन्तर्गत ३ आङ्गिक र ९२ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयमा १८,४९० विद्यार्थीहरू, ४९ (२०२ पद खाली) शिक्षकहरूहरू कार्यरत रहेका छन् । यस विश्वविद्यालयबाट आ.व. २०६६/६७ मा २१६४ जनशक्ति उत्पादन भएका थिए (विश्वविद्यालय अनुदान आयोग, २०६६/६७)।

## पोखरा विश्वविद्यालय

कास्की जिल्लाको पोखरामा केन्द्रीय कार्यालय रहनेगरी वि.सं. २०५४ मा पोखरा विश्वविद्यालयको स्थापना भएको हो । मानविकी, व्यवस्थापन र विज्ञान तथा प्रविधिसम्बन्धी अध्ययन/अध्यापन हुने यस विश्वविद्यालयका ४ आङ्गिक र ४६ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयमा १३,१७१ विद्यार्थी, ५० शिक्षकहरू रहेका छन् । यस विश्वविद्यालयबाट आ.व. २०६६/६७ मा १,०५३ जनशक्ति उत्पादन भएका थिए (विश्वविद्यालय अनुदान आयोग, २०६६/६७) ।

## लुम्बिनी बौद्ध विश्वविद्यालय

भगवान गौतम बुद्धको नामबाट वि.सं. २०६२ मा स्थापित यस विश्वविद्यालयको केन्द्रीय कार्यालय गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा नै रहने व्यवस्था गरिएको छ । बौद्ध दर्शनको अध्ययन/अध्यापनमा केन्द्रित हुने यस विश्वविद्यालयमा २ जना पदाधिकारी र करिब ४ जना कर्मचारी कार्यरत छन् । यस विश्वविद्यालय हालसम्म पनि प्रारम्भिक अवस्थामा रहेको छ ।

## बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्था हो । यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ । यो प्रतिष्ठानमा १,१९२ विद्यार्थी अध्ययनरत छन् ।

## चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

वीर अस्पताललाई केन्द्रबिन्दु मानी विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी देशमा नै दक्ष चिकित्सक र नर्सहरूको उत्पादन गरी नेपाली नागरिकको स्वास्थ्य सेवाका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वि.सं. २०५९ मा स्थापना भएको हो । यस प्रतिष्ठानमा २०३ विद्यार्थी, १४२ शिक्षकहरू कार्यरत छन् ।

## पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

पाटन अस्पताललाई आधार मानी विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी स्वदेशमा नै दक्ष चिकित्सक उत्पादन गरी नेपाल र नेपाली नागरिकको स्वास्थ्य सेवामा समर्पित रहन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान वि.सं. २०६४ मा स्थापना भएको थियो । यस प्रतिष्ठानले MBSS अध्ययन सन् २००९ देखि सुरु गरेको हो ।

# नेपाल राष्ट्रिय पुस्तकालय

## परिचय

**स्थापना** : वि.सं. २०१३ साल

**अवस्थिति** : हरिहरभवन, ललितपुर

**प्रमुख** : पुस्तकालय प्रमुख

**सङ्ग्रह** : ९० हजार भन्दा बढी पुस्तक तथा पत्रपत्रिकाहरू Dewey Decimal Classification प्रणालीअनुसार वर्गीकरण गरिएको छ । सन् २००९ देखि ISSN National Agency को रूपमा काय गरेको र हालसम्म ८५ ओटा Serial लाई ISSN नम्बर प्रदान गरिसकेको

## हालसम्म गरेका कार्यहरू

राष्ट्सङ्घीय सूची प्रकाशन, घुम्ती पुस्तकालय सेवा, आधारभूत पुस्तकालय तालिम, बाल साहित्य प्रकाशनहरू आदि

नेपाल सरकारद्वारा राष्ट्रिय पुस्तकालयलाई राष्ट्रिय सूचना स्रोतको रूपमा विकास गर्न मिति २०३८/०४/२८ को मन्त्रिपरिषद्को निर्णयअनुसार प्राथमिकता दिइएको

## उद्देश्यहरू

१. राष्ट्रिय वाङ्गमय सूची तथा राष्ट्रिय सङ्घीय सूची प्रकाशन गरी अन्य सन्दर्भ सामग्रीको निर्माणका साथै आवश्यक केन्द्रीय सेवाको व्यवस्था गर्ने,
२. पाठकलाई पुस्तकालय सेवा प्रदान गर्ने,
३. देशभित्र प्रकाशन भएका सम्पूर्ण पाठ्यसामग्री सङ्कलन गर्नुका साथै सङ्कलित सामग्रीहरूको संरक्षण तथा सुव्यवस्था गर्ने,
४. नेपाली साहित्यको प्रकाशनलगायत घुम्ती पुस्तकालय सेवाबाट साक्षरता कार्यक्रमलाई बढावा दिन विशेष जोड दिने,
५. देशभित्रका अन्य सार्वजनिक पुस्तकालयहरूको विकासमा सहयोग पुऱ्याउने ।

## शाखाहरू

१. प्रशासन शाखा : प्रशासन तथा आर्थिक, सङ्कलन तथा प्राप्ति, सुरक्षा तथा संरक्षण, प्रकाशन

२. पुस्तकालय तथा सूचना सेवा शाखा : भाषागत कक्षहरू, बाल पुस्तकालय, बाह्य सम्बन्ध तथा नेटवर्किङ
३. प्राविधिक शाखा : प्राविधिक तथा विकास कार्य, सुरक्षा तथा संरक्षण
४. पत्रपत्रिका शाखा

## सेवाहरू

हाल यस पुस्तकालयले सन्दर्भ सेवा, अन्तरपुस्तकालय सापटी र घुम्ती सेवा तथा सुविधा उपलब्ध गराउँदै आएको छ । पाठक, सरकारी कर्मचारी, शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता तथा बालबालिकाहरू यस पुस्तकालयका प्रयोगकर्ता हुन् ।

यस पुस्तकालयमा दैनिक करिब ७५ जनाभन्दा बढी पाठक अध्ययनका लागि आउने गर्दछन् भने Online बाट यसको Catalogue प्रयोगकर्ताहरूले सन् २००७ मा ३०,१३५ Page download गरेका छन् । यस पुस्तकालयले हालसम्म प्रकाशन र बालसाहित्य सहप्रकाशन गरी दुई दर्जन पुस्तक सार्वजनिक गरेको छ ।

## डाटाबेस

यस पुस्तकालयले युनेस्कोद्वारा विकसित WIN/ISIS सफ्टवेयर प्रणाली प्रयोग गरेर हालसम्म १५,१०० सामग्री रेकर्ड गरेको छ । देवनागरी लिपिमा प्रकाशित सामग्रीहरूलाई मदन पुरस्कार पुस्तकालयले बनाएको नेपाली युनिकोड प्रयोग गरेर २४,७०० सामग्री रेकर्ड राखिएका छन् । देशभरिका विभिन्न पुस्तकालयले राष्ट्रिय सङ्घीय सूची बनाउन सूचना उपलब्ध गराई सहयोग गरेका छन् ।

## बाल पुस्तकालय एकाइ

वि.सं. २०५२ भाद्र ४ गते बालदिवसको अवसरमा बालबालिकाहरूका लागि छुट्टै पुस्तकालय एकाइ स्थापना भएको थियो । हालसम्म यस एकाइमा बालबालिकाहरूका लागि उपयोगी विभिन्न विषयका ५,००० भन्दा बढी पुस्तक सङ्कलित छन् ।

# केसर पुस्तकालय

## परिचय

केसर पुस्तकालय नेपालकै एक महत्त्वपूर्ण पुस्तकालय हो । यो पुस्तकालय शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित छ । केसरशमसेर राणाले किशोर अवस्थादेखि नै विभिन्न किसिमका पुस्तक, पत्रपत्रिका, चित्रहरू सङ्कलन गर्ने गर्दथे । सन् १९०८ मा बुवा चन्द्रशमसेरसँग बेलायत भ्रमण गर्दा बेलायतको म्युजियम तथा पुस्तकालयको अवलोकनबाट प्रभावित भएर उनले केशर पुस्तकालयको स्थापना गरेका थिए । उनको मृत्युपश्चात् उनको इच्छाअनुसार रानी कृष्ण चन्द्रदेवीले केशर पुस्तकालय, केशरमहल, स्वप्न बगैँचा केशर पुस्तकालयको नाममा नेपाल सरकारलाई हस्तान्तरण गरेकी थिइन् । वि.सं २०२६ सालदेखि यो पुस्तकालय सम्पूर्ण पाठकका लागि खुला गरियो ।

## उद्देश्यहरू

१. शैक्षिक सामग्रीहरूको सङ्कलन, संरक्षण र संवर्द्धन गर्ने,
२. आम नागरिक समक्ष पुस्तकालय तथा सूचना सेवाको पहुँच पुऱ्याउने,
३. पुस्तकालय विकासका लागि तालिम, गोष्ठी आदि आयोजना गर्ने,
४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयहरूसँग सम्बन्ध र समन्वय कायम गर्ने,
५. ऐतिहासिक तथा पुराना सामग्रीहरूलाई विशेष महत्त्व दिई सङ्कलन एवम् संबर्द्धन गर्ने ।

## सङ्कलनहरू

केसर पुस्तकालयमा करिब पचपन्न हजार ऐतिहासिक महत्त्वका पुस्तक, दस्तावेज, हस्तलिखित ग्रन्थ तथा चित्रहरू सङ्कलन गरिएका छन् । यसका साथै संस्कृत भाषामा लेखिएका पुराण, वेद, उपनिषद्, रामायण, महाभारत, गीता पनि सङ्कलन गरिएका छन् । अङ्ग्रेजी भाषाका पुस्तकहरूमा खेलकुद, सिकार, बगैँचा सजावट, यात्रा, ज्योतिष शास्त्रसँग सम्बन्धित पुस्तकहरू रहेका छन् । त्यस्तै विभिन्न भाषा र लिपिका बहुमूल्य हस्तलिखित ग्रन्थहरू र हजार वर्ष पुरानो मानिएको सहोत्तर तन्त्र (भैषज्य शास्त्र) समेत रहेको छ । सम्पूर्ण सङ्कलनहरूलाई छ कक्षमा विभाजन गरिएको छ, जसमा केसर सङ्कलन, नयाँ सङ्कलन, पत्रपत्रिका, हस्तलिखित ग्रन्थ, बालबालिका सङ्कलन र युनेस्को सङ्कलन रहेका छन् ।

## सेवाहरू

केसर पुस्तकालय, सन्दर्भ पुस्तकालय (Reference library) भएकाले पाठकहरूलाई यहाँका सबै सङ्कलन पुस्तकालयभित्र मात्र प्रयोग गर्ने सुविधा छ । दुर्लभ र महत्त्वपूर्ण सङ्कलनहरूबाहेक सम्पूर्ण सङ्कलित सामग्रीहरू सबै पाठकका लागि खुला गरिएका छन् । पुस्तकालयले आफ्ना सेवाहरू आधुनिक र वैज्ञानिकीकरण गर्दै लैजानका लागि वेभसाइटमार्फत पनि सेवा प्रदान गर्दै आएको छ । यसले आफ्ना सङ्कलित पुस्तकहरूलाई डिवे डेसिमल (Deway decimal classification) को आधारमा वर्गीकरण गरेको छ । सङ्कलनलाई सूचीकृत गर्न WIN/ISIS programme को प्रयोग गरेको छ । यसको वेभसाइट www.klib.gov.np बाट पनि पुस्तकालय सेवाहरू लिन सकिन्छ । निकट भविष्यमा यस पुस्तकालयले बालबालिकाका लागि बाल पुस्तकालय सञ्चालनमा ल्याउने भएको छ ।

## विशेष आकर्षणहरू

पुस्तकालयका भित्ताहरू विभिन्न मृत जनावरका टाउकाहरूले सिङ्गारिएका छन् । यसै गरी भित्ताहरूमा राणा शासकहरूले खेलेका शिकारका तस्विरहरू, राणा शासकहरूका पूर्ण कदका कलात्मक तथा आकर्षक रङ्गीन तस्बिरहरूलाई फ्रेममा राखेर सजाइएका छन् । सिंह, बाघ, मृग तथा अन्य जङ्गली जनावरहरूको छालायुक्त प्रतिरूपहरूले पुस्तकालयको सुन्दरतालाई अझ बढाएका छन् ।

यो पुस्तकालयले स्थापनाको सय वर्ष पूरा गरेको गरेको अवसरमा स्मारिका प्रकाशन, पोस्टकार्ड र हुलाक टिकटलगायतका विभिन्न प्रकाशनहरू गरेको छ ।

# डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय

## परिचय

**स्थापना** : वि.सं २०३७ (सन् १९८०)

**प्रमुख** : पुस्तकालय प्रमुख

**अवस्थित** : लाजिम्पाट, काठमाडौँ

**संरक्षण, विकास तथा विस्तार** : डा. डिल्लीरमण रेग्मी ट्रस्ट, शिक्षा मन्त्रालयद्वारा पुस्तकालय सङ्ग्रहालय संरक्षणका लागि छुट्टै कोषको व्यवस्था ।

**सर्वसाधरणलाई खुला** : वि.सं २०६१ साल पुस ३ गते डा. रेग्मीको ९१ औँ जन्मजयन्तीका दिनदेखि डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेश, २०६१ द्वारा गरिएको

## उद्देश्यहरू

१. प्रतिवर्ष शान्ति र अहिंसाका लागि अग्रणी भूमिका निर्वाह गर्ने स्वदेशी तथा विदेशी व्यक्तित्वहरूलाई शान्ति अहिंसा पुरस्कार प्रदान गर्ने
२. डा. डिल्लीरमण रेग्मीको जीवनदर्शन र सिद्धान्तको प्रचार प्रसार गर्ने तथा रेग्मीका बारेमा अनुसन्धान गर्न चाहने व्यक्तिलाई विद्वतवृत्ति प्रदान गर्ने
३. शान्ति, अहिंसा र नागरिक शिक्षा जस्ता राष्ट्रिय मुद्दाहरूमा गोष्ठी, सेमिनार, अन्तर्क्रिया आदि कार्यक्रमहरू सञ्चालन गर्ने
४. सर्वसाधारणलाई सार्वजनिक पुस्तकालय सेवा प्रदान गर्ने
५. स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने
६. सार्वजनिक पुस्तकालयको विकास र शैक्षिक स्तर उकास्न सहयोग गर्ने

## सङ्कलन

यस पुस्तकालयमा विभिन्न विषयहरूमा कुल ३०,००० पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरू सङ्कलित छन् । तीमध्ये १५०० पुस्तक तथा पत्र पत्रिकाहरू बाल शाखाअन्तर्गत छन् । दुर्लभ हस्तलिखित ग्रन्थहरू माइक्रो फिल्ममा सुरक्षित गरी राखिएको छ । साथै विभिन्न पुरातात्त्विक मूर्ति तथा अन्य पुरातात्त्विक

वस्तुहरूसमेत समेटेर सङ्ग्रहालय कक्षमा राखिएको छ । उक्त कक्षमा डा. रेग्मी तथा भारतका अहिंसावादी नेता स्व. महात्मा गान्धीको अर्धकदको मूर्ति पनि राखिएको छ ।

विभिन्न अप्राप्य फोटोहरूलाई पुस्तकालय भवनको माथिल्लो तलामा प्रदर्शनीका लागि राखिएका छन् । जहाँ महात्मा गान्धीका हस्ताक्षरमा लेखिएका र भारतका चर्चित साहित्यकार स्व. रवीन्द्रनाथ टैगोरका हस्ताक्षरका चिठीपत्रहरूलाई सजाएर राखिएका छन् । यस बाहेक भगवान् बुद्ध, जिसस क्राइस्ट तथा अन्य फोटोहरू पनि राखिएका छन् ।

पुस्तकालय भवनको बाहिरी परिसरमा विभिन्न देवी-देवताका ढुङ्गाका मूर्ति, बौद्धस्तूप राखिनुका साथै एक स्तूपमा स्व.रेग्मीको अस्थिधातु पनि राखिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ ।

## सेवाहरू

**Reference Reading :** आफ्ना सङ्ग्रहहरूलाई पुस्तकालयमै बसेर पढ्ने सुविधा प्रदान गर्दै आएको छ ।

**Reader's Advisory Services :** यस पुस्तकालयले यसका अतिरिक्त पाठकहरूलाई पाठ्यसामग्रीहरू खोज्न सहयोग पुऱ्याउने, पाठकहरूलाई पुस्तक तथा अन्य पुस्तकालयको बारेमा आवश्यक जानकारी उपलब्ध गराउने तथा प्रचलित मूल्यमा पाठ्यसामग्रीहरू फोटोकपी गरी लैजाने सुविधाका साथै इन्टरनेट सुविधासमेत उपलब्ध गराउँदै आएको छ ।

**Referral Services :** पुस्तकालयका सदस्यहरूलाई यस पुस्तकालयमा नभएका अन्य पुस्तकहरूको स्रोतको जानकारीसमेत दिँदै आएको छ ।

**बाल शाखा** : बालबालिकामा पढ्ने बानीको विकास गराउन सन् २००५ डिसेम्बरमा रुम टु रिडको सहयोगमा बाल शाखा स्थापना गरेको छ । बालबालिकाहरूको मनोरञ्जनका लागि शैक्षिक तथा कार्टुन चलचित्रहरू देखाउने व्यवस्थासमेत गरिएको छ । साथै बालबालिकाहरूको व्यक्तित्व विकासका लागि विभिन्न प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्यसमेत यस पुस्तकालयले लिइएको छ ।

## अन्य सुविधाहरू

फोटोकपी, इन्टरनेट, बेभसाइट, लाइबेरी हल, कम्प्युटराइजड डाटाबेस आदि ।

# खण्ड-ख

# योजना, नीति तथा निर्देशिकाहरू


| | | |
|---|---|---|
| १. | त्रिवर्षीय योजनाको आधारपत्रमा शिक्षासम्बन्धी व्यवस्था | ५४ |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४ | ६० |
| ३ | अनौपचारिक शिक्षा नीति, २०६३ | ६४ |
| ४. | **Open and Distance Learning Policy, 2063** | ६६ |
| ५ | निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्वन्धमा बनेको आधारभूत नीति, २०६३ | ७३ |
| ६. | शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२ | ७७ |
| ७. | विशेष शिक्षा नीति, २०५३ | ७९ |
| ८. | विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९ | ८२ |
| ९ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ | ८९ |
| १०. | विद्यालय क्षेत्रसुधार कार्यक्रम कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ | ९४ |
| ११. | निजामती कर्मचारी सरुवासम्बन्धी निर्देशिका, २०६७ | १०५ |

# वर्तमान योजना

## त्रिवर्षीय योजनाको आधारपत्रमा शिक्षासम्बन्धी व्यवस्था (२०६७/२०६८-२०६९/२०७०)

**पृष्ठभूमि**

शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत प्रयासहरू एवम् गरिएको लगानीको परिणामस्वरूप शैक्षिक पूर्वाधारहरूको उल्लेखनीय विकास तथा विस्तार हुनुका साथै विशेषतः प्राथमिक विद्यालय भर्नादरमा उल्लेख्य सुधार भएको छ । आधारभूत तहको शिक्षामा लगानी मैत्री वातावरण सिर्जना भई विद्यालय तहको पहुँच, गुणस्तर र व्यवस्थापकीय क्षमतामा दिगो रूपले अभिवृद्धि गर्ने दिशामा सकारात्मक प्रयासहरू भएका छन् । फलस्वरूप कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका करिब ५० प्रतिशत, प्राथमिक तहमा खुद भर्ना दर ९३.७ प्रतिशत, निम्न माध्यमिक तहको खुद भर्नादर ६३.२ प्रतिशत, माध्यमिक तह (कक्षा ९(१०) मा खुद भर्नादर ४०.८ प्रतिशत, प्रौढ साक्षरता ५३ प्रतिशत र प्राथमिक तहमा लैङ्गिक अनुपात समदरमा पुगेको छ ।

यति हुँदाहुँदै पनि सबै विद्यालयहरूमा निश्चित मापदण्डअनुसारको पूर्वाधार विकास हुन नसक्नु, बालिका तथा वञ्चितीकरणमा परेका समुदायका बालकहरूलाई विद्यालयमा टिकाइराख्न नसक्नु, सबैलाई उच्च शिक्षाको अवसर पुऱ्याउन नसक्नु, शिक्षाका सबै तहलाई अद्यावधिक गर्न नसक्नु, संस्थागत विद्यालयहरूलाई नियमन गर्न नसक्नु, सामुदायिक र संस्थागत विद्यालयबीचको शैक्षिक उपलब्धिलाई एक समान बनाउन नसक्नु, शिक्षक व्यवस्थापन प्रभावकारी रूपमा गर्न नसक्नु र शिक्षालाई उत्पादन, रोजगारी तथा व्यवहारसँग जोड्न नसक्नु जस्ता प्रमुख समस्या रहेका छन् । राष्ट्रिय साक्षरता अभियान प्रभावकारी नहुनु, अपेक्षा गरिएअनुरूप शिक्षा समावेशी नहुनु, प्रारम्भिक बालविकासका क्षेत्रमा समन्वयको अभाव हुनु, बालमैत्री वातावरणको सिर्जना गर्न नसक्नु, निःशुल्क अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयनमा समस्या हुनु, माध्यमिक तह क्रमिक रूपमा निःशुल्क गर्न दिगो स्रोतको अभाव हुनु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच सर्वसाधारणसम्म पुऱ्याउन नसक्नु तथा यस क्षेत्रमा भए गरेका काममा पनि समन्वयको अभाव रहनु, उच्च शिक्षामा नीतिगत स्पष्टता नहुँदा अत्यधिक राजनीतिक प्रभाव बढ्नु तथा व्यवस्थापकीय कमजोरी रहनु, सबै तहको शिक्षामा गुणस्तर कमजोर रहनु र सबै तहको शिक्षासम्बन्धी तथ्याङ्क विश्वसनीय नहुनु यस क्षेत्रका अन्य प्रमुख समस्या तथा चुनौतीका रूपमा देखिएका छन् ।

शैक्षिक गुणस्तरप्रति अभिभावकहरूको चासो बढ्नु, शिक्षामा निजीक्षेत्रको लगानी उल्लेख्य रूपमा वृद्धि हुनु, वैदेशिक साझेदारहरूले समन्वयात्मक रूपमा साझा कार्यक्रममा लगानी वृद्धि गर्नु यस क्षेत्रका अवसरका रूपमा रहेका छन् । सोही अवसरको उपयोग गर्दै समृद्ध समन्यायिक नेपालको निर्माणका

लागि सबैलाई समावेशी, समन्यायिक र स्तरीय शिक्षा सुनिश्चित गरी चेतनशील, सक्षम तथा उत्पादनशील नागरिक तयार गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागअनुरूप प्रतिस्पर्धी एवम् क्षमतावान् जनशक्ति विकास गर्ने दीर्घकालीन सोच लिएर शिक्षा क्षेत्रका उद्देश्य तथा रणनीति निर्धारण गरिएका छन् ।

**उद्देश्यहरू**

१. साक्षरतालाई जीवन पद्धतिसँग आबद्ध गरी सीप र कामको अन्तरसम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरूलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरू उपलब्ध गराउने,

२. प्रारम्भिक बालविकास शिक्षाको विकास तथा विस्तार गर्ने,

३. सबैलाई निःशुल्क र अनिवार्य आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गरी तथा माध्यमिक शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने,

४. सीपमूलक रोजगारोन्मुख शिक्षाको विकास र विस्तार गर्ने,

५. उच्च शिक्षालाई ज्ञान केन्द्रित समाज (Knowledge Society) सिर्जना गर्न केन्द्रित गर्दै राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गरी क्षेत्रीय सन्तुलन कायम गर्ने,

६. सबै तहको शिक्षालाई समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रूपमा विकास गर्ने,

७. सामुदायिक र संस्थागत विद्यालयवीच साझेदारी र समन्वय कायम गरी सामुदायिक विद्यालयको शैक्षिकस्तर अभिवृद्धि गर्न यी दुवैमा रहेका असल अभ्यासको उपयोग गर्ने ।

**रणनीति**

१. योजना अवधिमा निरक्षरतामा उल्लेख्य रूपले कमी ल्याउने । साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग आबद्ध गरी सञ्चालन गर्ने,

२. प्रारम्भिक बाल विकासलाई विस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने,

३. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने,

४. विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,

५. शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासनमा रहेका समस्याहरूलाई स्पष्ट कार्ययोजनासहित समाधान गर्ने,

६. शिक्षामा संस्थागत विद्यालयको सहभागिता, त्यसको व्यवस्थापन, सामाजिक शैक्षिक दायित्व तथा गुणस्तरीय पक्षका सम्बन्धमा स्पष्ट नीतिगत व्यबस्था गर्ने,

७. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई अलगअलग धारका रूपमा विकास गरी व्यावसायिक तालिममा अधिकाधिक युवाहरूलाई अवसर प्रदान गर्दै रोजगारोन्मुख बनाउने,

८. उच्च शिक्षा नीतिको तर्जुमा गरी यसलाई राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गर्ने । विश्वविद्यालय स्थापना र सञ्चालनलाई व्यबस्थित गर्न उच्च शिक्षा ऐन (छाता ऐन) जारी गर्ने,

९. सबै तहको शिक्षाको पाठ्यक्रम, पठनपाठन सामग्री तथा विधि र गुणस्तरमा समसामयिक परिवर्तन तथा सुधार गर्ने,

१०. स्थानीय निकाय एवम् समुदायलाई विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस र विश्वविद्यालय सञ्चालनमा जिम्मेवारीसहित सहभागी बनाउने,

११. सबै तहको शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने ।

**कार्यनीति**

१ स्थानीय निकाय, गैरसरकारी संस्था तथा नागरिक समाज, विद्यालय, विश्वविद्यालयका विद्यार्थीहरू, धार्मिक सङ्घसस्थाहरू, निजी क्षेत्र तथा राजनीतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गरिने छ । साक्षरतासम्बन्धी तथ्याङ्कलाई आधार मानी साक्षरता कार्यक्रमसँग जीवनयापनका लागि उपयोगी हुने व्यावसायिक तालिमलाई आबद्ध गरिने छ ।

२ प्रारम्भिक बालविकासमा विपन्न दलित र सीमान्तकृत समुदायका बालवालिकालाई समावेश गर्दै यस कार्यमा संलग्न सरकारी, सामुदायिक तथा अन्य निकायका कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा अघि बढाउँदै बालविकास केन्द्रहरूको व्यवस्थापनमा सुधार ल्याउने गरी स्थानीय सरकारलाई क्रियाशील बनाइने छ ।

३ निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट रूपमा परिभाषित गरिने छ र आवश्यक स्रोत साधन विनियोजन गरी स्पष्ट कार्ययोजनासहित लागू गरिने छ ।

४ अङ्ग्रेजी भाषा शिक्षण समेतलाई समावेश गरी भाषिक सर्वेक्षणका आधारमा स्थानीय भाषाका शिक्षकहरूको नियुक्ति र स्थानीय भाषामा पाठ्य सामग्रीहरूको विकास गर्दै बहुभाषिक शिक्षाका अवसरहरू विस्तार गर्दै लगिने छ ।

५ समष्टिगत विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कक्षा १–१२ को शिक्षा ऐन लागू गरिने छ ।

६ विद्यालय क्षेत्र सुधारका कार्यक्रम अनुरूप माध्यमिक तह (९-१२) को एकीकरण (Integration) लाई नमुनाका रूपमा सञ्चालन गर्नुका साथै माध्यमिक शिक्षाको संस्थागत व्यवस्थापन गरिने छ ।

७ क्रमिक रूपले कक्षा १० सम्मको शिक्षालाई निःशुल्क गरिने छ ।

८ विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै आधारभूत शिक्षा र माध्यमिक शिक्षामा गुणस्तर सुनिश्चित गर्न सामुदायिक विद्यालयको कक्षा १० को परीक्षा परिणामलाई विद्यालयको उपलब्धिको आधार मानिने छ । साथै कक्षा १० को सिकाइ उपलब्धि समेत मापन गरिने छ ।

९ विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह पूर्णरूपले विस्थापित गरिने छ ।

१० कक्षा ११ र १२ मा विज्ञान विषयमा सबै जिल्लाका विद्यार्थीहरूको पहुँच पुग्ने गरी योजना अवधि भरमा कार्यक्रम विस्तार गरिने छ ।

११ शिक्षामा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग आदिको पहुँच सुनिश्चित गर्न राष्ट्रिय र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१२ माध्यमिक विद्यालय शिक्षक (९-१२) लाई एकीकृत गरी शिक्षकहरूको मिलान सङ्ख्या तय गरिने छ र शिक्षक पुनमिलान (Redeployment) को नीति तथा कार्यक्रम ल्याइने छ ।

१३ विद्यालय तहलाई एकाइ मानी न्यूनतम शिक्षक दरबन्दी निर्धारण गरी विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक सङ्ख्या यकिन गरिने छ ।

१४ विद्यार्थीको शैक्षिक उपलब्धिका आधारमा शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया तय गरिने छ र पारदर्शी मापदण्डसहित कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आबद्ध गरिने छ ।

१५ जिल्लामा रहेका स्रोतकेन्द्रहरूलाई क्रियाशील गराई शिक्षकको पेसागत विकास र समष्टिगत शिक्षाको प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्दै शैक्षिक प्रणाली र सेवा प्रवाहलाई सुदृढ गरिने छ ।

१६ विद्यालय व्यवस्थापन समितिलाई समावेशी बनाउनुका साथै क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइने छ ।

१७ शिक्षामा बढ्दै आएको राजनीतिक प्रभाव न्यूनीकरण गर्न निश्चित मापदण्डका आधारमा मात्र समष्टिगत सेवा प्रवाह गर्ने प्रणालीको विकास गरिने छ ।

१८ स्थागत विद्यालयको सञ्चालनका लागि विद्यमान नीतिगत तथा कानुनी व्यवस्थामा आवश्यक सुधार गरिने छ । यी विद्यालयहरूले गरिब तथा जेहनदार विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्तिलाई निजी सरकारी साझेदारीमा व्यवस्थित गर्दै प्रतिभाको खोजी (Talent Search) गर्ने माध्यमका रूपमा उपयोग गरिने छ । साथै, छात्रवृत्ति सङ्ख्या वृद्धि गर्न अभिप्रेरित गरी सोको वितरणलाई पारदर्शी गराइने छ ।

१९ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा संलग्न संस्थाहरूको आवश्यकता र प्रभावकारिताको अध्ययन गरी संस्थागत वितरण सुदृढ एवम् व्यवस्थित गर्नुकासाथै यस क्षेत्रमा सरकारी-निजी क्षेत्रको साझेदारीमा कार्य करारका आधारमा लगानी बिस्तार गरिने छ ।

२० व्यावसायिक तालिमका क्षेत्रमा समन्वयात्मक एवम् व्यवस्थित तरिकाले अघि बढ्न उच्चस्तरीय समितिका सुझावहरू एकीकृत रूपमा प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइने छ । सीप विकासका लागि उपलब्ध सबै स्रोतहरूलाई एकीकृत कोष खडा गरी समन्वयात्मक रूपमा सञ्चालन गरिने छ ।

२१ उच्च शिक्षाको स्पष्ट नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन उच्च शिक्षा ऐन (छाता ऐन) जारी गरिने छ । हाल सञ्चालनमा रहेका विश्वविद्यालयको संस्थागत क्षमता, दिगो आर्थिक

विकास, सामाजिक दायित्व, गुणस्तर तथा व्यवस्थापकीय पक्षमा सुधार गर्दै नेपाललाई उच्च शिक्षा हासिल गर्ने उपयुक्त थलोका रूपमा विकसित गरिने छ ।

२२ उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विश्वविद्यालय स्थापना गरिने छ ।

२३ विद्यार्थी वित्तीय सहयोग जस्ता शैक्षिक कर्जासम्बन्धी विद्यमान कार्यक्रमको सुधार र विस्तार गरी प्रत्येक क्षेत्र र जिल्लाका विपन्न परिवारका प्रतिभाशाली विद्यार्थीहरूलाई चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, विज्ञान प्रविधि आदि विषयमा निश्चित मापदण्डका आधारमा अध्ययनको लागि ऋण उपलब्ध गराउने नीति लिइने छ ।

२४ विद्यालय तहमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय गुणस्तर मापन र उच्च शिक्षामा गुणस्तर निर्धारण संयन्त्र (Quality Assurance Mechanism) तयार गरी लागू गर्नुका साथै त्यसको नियमित अनुगमन तथा लेखाजोखा गर्ने व्यवस्था मिलाइने छ ।

२५ सबै तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पठनपाठन सामग्री तथा विधिमा पुनरवलोकन गरी समसामयिक परिवर्तनलाई समावेश गरिने छ ।

२६ शिक्षा प्रणालीलाई समाजका वास्तविक समस्या र आवश्यकताहरूको सम्बोधन गर्न सक्षम बनाउन मुलुकको सामाजिक आर्थिक प्रणाली सान्दर्भिक बनाइने छ ।

२७ स्तरीय पाठ्य पुस्तक तथा पाठ्य सामग्रीहरूमा पहुँच अभिवृद्धि गर्न पुस्तकालयहरूको विकास तथा विस्तार गरिने छ ।

२८ विद्यालय तहका पाठ्यपुस्तकहरू स्वदेशी लेखक प्रकाशकबाट उत्पादन गर्ने नीति लिई स्वदेशी लेखन तथा प्रकाशनलाई प्रोत्साहन गरिनुका साथै पाठ्यपुस्तकको अव्यवस्थित लेखन, उत्पादन र बिक्री वितरणलाई व्यवस्थित गर्न आवश्यक नीति र कार्यक्रम ल्याइने छ ।

२९ सबै तहको परीक्षा प्रणालीमा देखिएका समस्याहरूको निराकरणका लागि प्रभावकारी कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ । विद्यालय तह (१-१२) को परीक्षालाई व्यवस्थित गर्न माध्यमिक तथा उच्च माध्यमिक परीक्षा बोर्डलाई एकीकृत गरी राष्ट्रिय विद्यालय परीक्षा बोर्ड गठन गरिने छ ।

३० सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक-सार्वजनिक साझेदारी, सार्वजनिक-निजी साझेदारी (Public-Public Partnership, Public-Private Partnership) लगायतका कार्यपद्धतिहरूको प्रयोग गरी स्थानीय निकायकै तहमा विद्यालय सञ्जाल, शिक्षक सञ्जाल, प्रधानाध्यापक सञ्जाल र व्यवस्थापन समिति सञ्जाल बनाइने छ । साथै विद्यालयमा अध्ययनरत विद्यार्थीका आमाबाबु मात्र सो विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन पाउने नीतिगत व्यवस्था मिलाइने छ ।

३१ सबै तहको शिक्षामा अनुसन्धान र प्रविधिको प्रयोगको विस्तार गरिने छ ।

३२ शिक्षाका विभिन्न तह पूरा गरेपछि थप अध्ययनको विषय चयन गर्न तथा रोजगारीको क्षेत्र छनोट गर्न विद्यार्थीलाई आवश्यक परामर्श (Counselling) को व्यवस्था गरिने छ ।

३३. स्थानीय तहमै युवा रोजगारीका सम्भावना खोज्ने, त्यसका लागि लगानीको प्रबन्ध मिलाउने र विद्यालयदेखि उच्च शिक्षासम्मको शैक्षिक व्यवस्थापनको कार्यमा तत् तत् स्थानको विद्यालय, क्याम्पस, निजी उद्यमी र स्थानीय निकायलाई क्रियाशील र जिम्मेवार बनाइने छ ।

३४. शिक्षा र स्थानीय व्यवसायवीच सामन्जस्य कायम गरी उत्पादनमुखी शिक्षा प्रदान गर्न केही स्थानमा नमुना व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

३५. सबैलाई शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विद्यालय, निरक्षर र विद्यालय छोडेका गृहिणी, किसान, मजदुरका साथै विपन्न समुदायका लागि लक्षित शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि स्थानीय निकायको तहमा शैक्षिक विकास कोष खडा गरिने छ ।

३६. सबै तहको खण्डीकृत शिक्षासम्बन्धी तथ्याङ्क स्थानीय निकायको तहमा अद्यावधिक गर्दै शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइने छ ।

**अपेक्षित प्रतिफल**

१. योजनाको अन्त्यमा प्रौढ साक्षरता दर ६७ प्रतिशत पुगेको हुने छ ।

२. ५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९० प्रतिशत पुगेको हुने छ ।

३. कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिका ५७ प्रतिशत र प्राथमिक तहमा (१-५) खुद भर्ना दर ९७ प्रतिशत पुगेको हुने छ ।

४. निम्न माध्यमिक तह (६-८) को खुद भर्नादर ७२ प्रतिशत पुगेको हुने छ ।

५. माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्नादर ४६ प्रतिशत पुगेको हुने छ ।

६. आधारभूत (१-८) मा खूद भर्ना दर ९० प्रतिशत तथा माध्यमिक तह (९-१२) मा खुद भर्नादर २७ प्रतिशत पुगेको हुने छ ।

७. स्थानीय निकायसँग शिक्षामा साझेदारी गर्ने कार्यको थालनी हुने छ ।

८. विद्यालयदेखि उच्च शिक्षासम्म खुला शिक्षा कार्यक्रमको संस्थागत व्यवस्था हुने छ ।

९. उच्च शिक्षाको स्पष्ट नीति र ऐन आइसकेको हुने छ ।

१०. विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह पूर्ण रूपमा विस्थापित हुँदै विद्यालय तहमा समाहित हुने छ ।

११. सामुदायिक विद्यालयबाट माध्यमिक परीक्षा उत्तीर्ण हुने प्रतिशत बढेको हुने छ ।

१२. विद्यालय शिक्षा कक्षा १० को सिकाइ उपलब्धि परीक्षण गरिएको हुने छ ।

१३. उल्लेख्य सङ्ख्यामा सीपमूलक तालिम प्राप्त युवा युवतीहरू रोजगारी कार्यमा संलग्न हुने छन् ।

# नीतिहरू

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४

(२०६४।६।३ **को मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत**)

विभिन्न अध्ययन तथा अनुसन्धानमा उल्लेख भएअनुसार विद्यालय उमेर समूहका बहुसङ्ख्यक बालबालिकाहरू १० कक्षासम्मको शिक्षा नै पूरा नगरी बीचैमा विद्यालय छाड्छन् । विद्यालयबाट बाहिर जाने उल्लिखित समूहका बालबालिकाहरू आर्थिक क्रियकलाप सञ्चालन गर्न सक्षम भइसकेका हुँदैनन् । साक्षर भएका उल्लिखित जनशक्तिलाई व्यावसायिक सीपहरू प्रदान गर्ने प्रकृतिका सान्दर्भिक अल्पकालीन तालिम सहज रूपमा उपलब्ध नभएको अवस्था छ ।

विद्यालय नगएका तथा कुनै प्राविधिक शिक्षा वा व्यावसायिक सीप तालिमको अवसर समेत नपाएका वयस्कहरूको सङ्ख्या समेत उल्लेख्य रूपमा रहेको छ । अझ द्वन्द्वको सिकार भएका र सामान्य उत्पादनमूलक जीवनयापन गर्नबाट वञ्चित भएकालाई समेत जोड्दा परिस्थिति अझ गम्भीर र जटिल रहेको देखिन्े छ । यसरी विद्यालयबाट बाहिरिएका, साक्षर नभएका तथा विद्यायलय नगएका एवम् कुनै पनि किसिमको प्राविधिक शिक्षा तथा व्यावसायिक सीप नपाएका युवा तथा वयस्क जनशक्तिलाई जीवन निर्वाहका लागि आय आर्जन हुने कार्यमा संलग्न गराउन आववश्यक छ ।

यस सन्दर्भमा स्वदेशी तथा वैदेशिक रोजगारीमा संलग्न जनशक्तिमा उत्पादनशील क्षमता कमीका कारण रोजगारीमा अनेकौं समस्याहरू देखिएका छन् । उत्पादनशील क्षमताको कमीका कारण रोजगारीका अवसर र आय आर्जनका सम्भावनाहरूमा समेत प्रतिकूल प्रभाव परेको कारण गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामा समेत अपेक्षाकृत सुधार आउन सकेको देखिँदैन ।

यस परिप्रेक्षमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका अवसरहरूलाई राष्ट्रिय रूपमा विस्तार गर्न आवश्यक देखिने छ । देशको उत्पादनशील जनशक्तिलाई आवश्यकताअनुसारका व्यावसायिक तथा पेसागत क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल हुने गरी सीपमूलक शिक्षा र तालिम उपलब्ध गराउनु आवश्यक देखिएको छ । उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत वञ्चित भएकालाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार गर्नु वर्तमान सन्दर्भमा वाञ्छनीय देखिएको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी प्रस्तुत नीतिको मुख्य लक्ष्य 'तालिम कार्यक्रमहरूको क्षेत्रमा विस्तार र तालिम कार्यक्रमको सहभागितामा सबै क्षेत्रका महिला, दलित, जनजाति, मधेसी तथा

विपन्न समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि समावेशीकरण' राखिएको छ । माथिका दुवै उद्देश्यहरूले आयमूलक काम वा पेसामा लक्षित समूहको संलग्नताको सम्भावनामा अभिवृद्धि हुने र यस्ता कार्यक्रमहरू नेपाली समाजका सबै वर्ग र तहहरूमा समानरूपले वितरण गरिने गरी तयार गरिने छ ।

यस नीतिअन्तर्गत देशका बिभिन्न क्षेत्रमा बसोवास गरेका तालिम लिन चाहने तर शुल्क तिर्न नसक्ने सम्पूर्ण नागरिकहरूलाई वा तालिमको पहुँचभित्र पुग्न नसकेकाहरू प्रारम्भमा आधारभूत तालिम (Entry training) मा सहभागी हुन सक्ने छन् । यस्तो वर्गलाई उत्पादनशील रोजगारी प्राप्त गर्न प्रोत्साहन हुने गरी आर्थिक सहयोग स्वरूप विभिन्न प्रकारका छात्रवृत्तिहरू उपलब्ध गराउने नीति अख्तियार गरिने छ ।

यो नीति सीप प्रशिक्षण गर्न, रोजगारीको बजारमुखी अवधारणाको विकास र प्रवर्द्धन गर्न उन्मुख हुने छ । यसले तालिम पद्धतिको विकास गर्न गति प्रदान गर्ने छ जसबाट आगामी १० वर्षमा तालिमका अवसरहरूमा ४ गुणा वृद्धि हुने अपेक्षा गरिएको छ ।

तालिमका नयाँ पाठ्यक्रमहरूको स्वाभाविक विकासलाई नेपाल व्यावसायिक योग्यता (Nepal Vocational Qualifications) को पुनः निर्मित पद्धति (राष्ट्रिय सीप परीक्षण समिति) मा समेटिने छ । यस समितिले औपचारिक परीक्षा लिई त्यसको प्रमाणपत्र उपलब्ध गराउने नीति अक्तियार गरी सबै प्रकारका व्यावसायिक तालिमहरूको संयोजन गर्ने छ । परीक्षणका लागि कामदारको व्यवसायको व्यावसायिक उन्नति पथको पहिचान, प्रारम्भिक तालिम र तालिमपछिको पर्याप्त व्यावसायिक अनुभव तथा विभिन्न खालका थप तालिमहरू (Further Trainings) को समेत समग्र रूपमा विश्लेषण गर्ने छ । औपचारिक वा अनौपचारिक, विद्यालयभित्र वा कार्यगत तालिमका क्षेत्रमा सिकाइका सबै प्रकार र स्थानहरूलाई एउटै पद्धतिमा आबद्ध गरिने छ जुन अग्रगमन र सङ्क्रमण दुवैका लागि उपयोगी हुने छ । आफ्नो उत्पादनशील क्षमता प्रदर्शन गर्न चाहने नागरिकहरू, मानवीय संशाधनको विकासमा आफूलाई समर्पित गर्न चाहने तालिम प्रदायक संस्थाहरू र आफ्नो उत्पादकत्व बढाउनुका साथसाथै आफू जस्तै अन्य नागरिकहरूलाई काम र दाम दिन चाहने रोजगारदाताहरूका आवश्यकता र मागलाई यो नीतिले सम्बोधन गर्ने छ ।

सीप विकाससम्बन्धी नीतिले जोड दिएका पाँच मुख्य उद्देश्यहरू देहायअनुसार रहने छन् :

१. विस्तार : तालिमका अवसरहरू र सेवाको विस्तार गर्ने ।

२. समावेशीकरण र पहुँच : तालिमको आवश्यकता भएका सम्पूर्ण नागरिकहरूमा तालिमको पहुँच पुऱ्याउने र सबैलाई सीप सिक्ने अवसर सुनिश्चित गर्ने ।

३ एकीकरण : विभिन्न तालिम पद्धति र तालिम प्रदायकहरूलाई एउटै प्रणालीमा आबद्ध गर्ने ।

४ सान्दर्भिकता : तालिमको विषयवस्तु र तालिमबाट प्राप्त उपलब्धिहरू (Outcome) लाई आर्थिक मागसँग आबद्ध गर्ने ।

५ <u>लगानी :</u> प्राविधिक शिक्षा र व्यावसायिक तालिमको बजारले गति लिन सक्ने वातावरण सिर्जना गर्नका लागि दिगो लगानी सुनिश्चित गर्ने

यस नीतिमा प्रस्तावित गरिएका उद्देश्यहरूलाई कार्यान्वयन अवलम्बनका गर्नका लागि उपयुक्त ठानिएका रणनीतिहरूलाई देहायबमोजिमको तालिकामा सार सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

| मुख्य सन्देशहरू | मुख्य नीतिगत क्षेत्र | अवलम्वन गरिने उपायहरू |
|---|---|---|
| नागरिकहरूका लागि सबै नेपाली नागरिकहरूलाई कम्तीमा ३ महिना अवधिको रोजगारीका लागि निःशुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाइका लागि सशुल्क तालिमका अवसरहरू प्रदान हुने छन् । | तालिमका अवसरहरूमा व्यापक विस्तार (Expansion) | • लचिलोपन, नियमन, स्वायत्तता, विकेन्द्रीकरण अवलम्बन गरिने<br>• संस्थागत र भरपर्दा तालिम प्रदायकहरूलाई निःशुल्क प्रारम्भिक सहयोग गर्ने<br>• उत्पादनको गुणस्तरको सुनिश्चितता (राष्ट्रिय व्यावसायिक स्तरसँग सुहाउँदो) प्रदान गरिने<br>• उपभोक्ताको हक हित सुरक्षित गर्ने तत्वका रूपमा वस्तुगत कार्यसम्पादन, पारदर्शिता र गुणस्तर चिह्नरूको व्यवस्था गरिने |
| तालिम प्रदायकहरूका लागि विभिन्न तालिम प्रदायक संस्थाहरूलाई विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन मिल्ने छ । | तालिम आवश्यक पर्ने सबै नागरिकका लागि पहुँचको सुनिश्चितता र समावेशीकरण (Inclusion and Access) | • न्यूनतम सुविधाबाट वञ्चित समूहका नागरिकहरूका लागि प्रशिक्षण शुल्क र निर्वाह भत्ता सुनिश्चित गरिने<br>• खुला परीक्षणको व्यवस्थाका लागि पूर्व सिकाइको अनुभवलाई मान्यता दिइने<br>• प्रवेश तहमा व्यावसायिक मापदण्डहरू निर्धारण गरिने ।<br>• शैक्षिक मूलप्रवाहका लागि तयारीका कार्यक्रमहरू सञ्चालन गर्ने र प्रशिक्षणका सहयोगी सामग्रीहरू निर्माण गरिने |
| व्यावसाय गर्ने समुदायका लागि दक्ष र आत्मविश्वासी कामदारको आपूर्ति गर्ने काममा व्यापक विस्तार हुने छ । यसबाट राष्ट्रिय उत्पादकत्व अभिवृद्धि हुने छ । | विभिन्न प्रकृतिका तालिम र व्यावसायिक वृत्तिविकासको प्राज्ञिक मार्गको (Pathways) भरपर्दो एकीकरण र संयोजन (Integration) | • व्यावसायिक योग्यताको संरचना तयार गरी सो संरचनाभित्र औपचारिक र अनौपचारिक तालिमका विषयवस्तुलाई सिकाइका श्रेणीका मार्गका रूपमा विकसित गरिने<br>• साधारण शिक्षाले निर्धारण गरेअनुसारको प्राज्ञिक योग्यताको समकक्षी बनाउन नपुग पाठ्यक्रमहरू तयार गरिने<br>• विशिष्टीकृत पेसागत वृत्तिविकासका तहहरूको प्रवर्द्धन गर्ने<br>• जनशक्तिलाई वृत्तिविकासमा टेवा पुग्ने गरी जीवन पर्यन्त सिकाइका लागि मार्गदर्शन (Career guidance) तयार गर्ने |

| मुख्य सन्देशहरू | मुख्य नीतिगत क्षेत्र | अवलम्वन गरिने उपायहरू |
|---|---|---|
| सार :<br>प्राविधिक शिक्षा, व्यावसायिक तालिम र सीप विकासका लागि सबल र सक्रिय बजारको विकास हुने छ। | सिकारुको दक्षता वृद्धि र पाठ्यवस्तुको सान्दर्भिकता (Relevance) मा जोड | • कार्यसञ्चालन अनुमति पत्र भएका (Licensed trainers) औद्योगिक अनुभवसहितका प्रशिक्षकहरू तयार गर्ने<br>• आवश्यकता पहिचान र पेसागत मापदण्डमा आधारित पाठ्यक्रमहरू तयार गर्ने,<br>• व्यावहारिक तालिम (कार्यगत र परियोजनाहरू) को व्यवस्था गर्ने, स्वायत्त परीक्षा र प्रमाणपत्र प्रणालीको विकास गरिने । |
| | दिगो (Sustained) लगानी (Funding) कोष र संयन्त्रहरू | • सरकारी लगानीमा व्यापक अभिवृद्धि गरिने<br>• नि:शुल्क तीन महिने तालिमको व्यवस्था गरिने<br>• दातृ निकायबाट हुने सहयोगको सामूहिक र एकीकृत प्रयास गरिने<br>• जिल्ला स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विकास कोष (Fund) को व्यवस्था गरिने<br>• विगतमा छात्रवृत्ति पाएर तालिम प्राप्त गर्नेहरूबाट हुन सक्ने सहयोगका सम्भावनाको खोजी गरिने |

# अनौपचारिक शिक्षा नीति, २०६३

(२०६३ **माघ** २५ **गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्वीकृत**)

**(मुख्य बुँदाहरू मात्र समावेश)**

१) विभिन्न उमेर र वर्गका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुरूपको प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गरिने छ ।

२) शिक्षाको अवसरबाट वञ्चित वा बीचैमा पढाइ छाडेकाहरूलाई औपचारिक शिक्षा सरह मान्यता भएको अनौपचारिक शिक्षा प्रदान गरिने छ ।

३) शिक्षामा पहुँच बढाउन विशेष व्यवस्था गरिने छ ।

४) पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण तथा वितरण प्रक्रियालाई स्थानीयकरण गर्दै लैजाने सन्दर्भमा विकेन्द्रित गरिने छ ।

५) शिक्षामा पहुँच, गुणस्तर र समता प्राप्त गर्नका लागि सामुदायिक अध्ययन केन्द्रहरूलाई कार्यक्रम सञ्चालन र संयोजनको आधार बनाइने छ ।

६) विकेन्द्रीकृत तरिकाबाट अनौपचारिक शिक्षा कार्यक्रमहरूको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरिने छ ।

७) साधन र स्रोत जुटाउने तथा सदुपयोग गर्नका लागि विभिन्न निकायहरूबीच साझेदारी, सञ्जाल र समन्वय कायम गरिने छ ।

८) पहुँच सुनिश्चित गर्न र गुणस्तर तथा सहअस्तित्व कायम गर्न समावेशी शैक्षिक नीतिहरू अपनाइने छ ।

९) अनौपचारिक शिक्षा कार्यक्रम चलाउने सबै संस्थाहरूको साझा तथ्याङ्क भण्डार (Data Base) बनाइने छ ।

१०) कार्यक्रमलाई सवलीकरण गर्न र कार्यरत जनशक्तिको कार्यदक्षता बढाउन तालिम, अनुसन्धान, स्वानुगमन एवम् प्रवर्तनकार्यलाई समावेश गरिने छ ।

११) 'सबैका लागि शिक्षाका' लक्ष्यहरू प्राप्त गर्न निजी, सरकारी, एवम् गैरसरकारी क्षेत्रलाई परिचालन गरिने छ ।

१२) अनौपचारिक शिक्षाको वित्तीय व्यवस्था राष्ट्रको आर्थिक अवस्था एवम् नीतिअनुसार हुने छ ।

१३) अनौपचारिक शिक्षा कार्यक्रमको व्यवस्थापनका लागि स्थानीय निकायले परिचालक (Regulator) को भूमिका खेल्ने छ । अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालकहरूले भने विभिन्न मोडालिटीहरू अपनाउन सक्ने छन् । तिनमध्ये स्थानीय निकाय, गैरसरकारी संस्था, सामुदायिक अध्ययन केन्द्र र शिक्षालय मोडालिटीहरू प्रमुख हुने छन् ।

१४) अनौपचारिक शिक्षा केन्द्रले विभिन्न सरकारी, गैरसरकारी संस्था एवम् अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गरी आपसी सहयोगको वातावरण सिर्जना गर्ने छ।

१५) निरक्षरता उन्मूलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइने छ । यस कार्यमा स्थानीय निकायहरूलाई जिम्मेवार बनाइने छ।

१६) अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले यस नीति, कार्यनीति र रणनीतिअन्तर्गत रही आफ्नो कार्यनीतिहरूको तर्जुमा गर्ने छन्।

# Open and Distance Learning (ODL) Policy, 2063

## Vision

Creating supplementary/alternative ODL System to benefit with all the possible opportunities for the citizens belonging to diverse need contexts to give access to education and opportunities to acquire formal education and overall personality development especially to the deprived community, women and working people through distance mode.

## Objectives

- Expanding full access to school and higher education to learners having diverse and special needs especially of out-of-school children, deprived groups, working people, housewives and so on through open and distance learning system as supplementary to the existing system of education.
- Improving the quality of conventional education through different kinds of support mechanisms and materials by the application of ICT.
- Promoting the life long learning, continuing education and professional development through open and distance learning system by applying mix mode delivery mechanism
- Establish a provision to provide skill-based education through customized courses to cater the needs of labor force seeking employment in the national and international job market
- Creating an avenue for skill certification and accreditation to preserve the traditional skills and customary learning of the tribal and indigenous community.

## Statements

***Agenda 1: Expanding access to education to learners of diverse needs***

- An Open and Distance Learning (ODL) System for both school and higher education will be created to act as alternative to existing conventional education system in order to ensure fuller access of all interested learners belonging to various groups especially poor, women, deprived, marginalized citizens to education.

- Under the ODL system, there will be two separate streams of open education: viz., general and vocational with the provision of separate curriculum to be developed under the National Curriculum Framework for the country. Flexible learning practice will be introduced as a strategy to overcome various barriers to education, such as time, physical and pedagogical etc.
- The ODL system will be institutionalized by the creation of a Semi Autonomous High Level Council with mandates to policy formulation and overall execution at the national level.
- The government will take major role to finance for establishment of the system and collaboration with private, NGOs and other agencies will highly be encouraged to run the system for sustainability.

***Agenda 2: Improving quality of conventional education***

- A special arrangement will be made to integrate the learning facilities under the ODL system into the conventional system of education in order to create varieties of opportunities for quality education.
- Various programmatic schemes such as application of appropriate media and learner support materials to benefit students of the conventional system; credit transfer system between open and conventional schooling, teacher development programs will be developed and implemented through the distance mode.
- The council will initiate and develop the programs and establish official collaboration with relevant agencies in the public and private sector for implementation and monitoring.
- Initial investment for such supplementary programs will be born by the government. At the same time private sector will be encouraged for large-scale implementation. Possibilities of public private collaboration will be explored and implemented in the execution of the programs.

***Agenda 3: Promoting continuing education and professional development***

- Under the ODL system, a separate mechanism will be established to create various provisions for life long/continuing education and occupational skill upgrading by targeting to different actors working in various sectors and the community members.
- Different programs in areas like teacher development, afforestation, social awareness, civic education, health education, human rights education, child

rights education, environment education will be developed and implemented through distance mode.

- The DEOL Council will coordinate the efforts of various agencies involved in the implementation of programs through distance mode for designing and planning of activities. At the sub-national level all relevant agencies and networks including the Community Learning Centres (CLCs) and the Tele-Centres will be utilized for the purpose of implementing such programs.
- In addition to the government investments in the targeted areas sponsors will be attracted to fund the programs. Further, fees will fund part of the costs in case of the registration based courses. The Council will mobilize all other possible sources of generating resources including the involvement of private sector.

***Agenda 4: Establishing a system of knowledge and skill certification***

- Special mechanism will be established under the ODL system for accreditation and certification of the skills in the vocational field and customary learning/knowledge in the general field of education acquired by citizens of diverse communities such as tribal and indigenous communities.
- Appropriate testing, customized remedial/bridging courses and counseling programs will be developed and organized to certify the skills and knowledge at the primary and secondary levels of education.
- A separate board will be created at the national level under the ODL system and the board will be made responsible for developing and organizing the testing, remedial and counseling programs in close coordination with relevant agencies like CTEVT and so on.
- Operational cost will be managed on the basis of cost recovery principle. Institutional linkages and networking will consolidated to utilize resources from various sources.

## Implementation Strategies

***Curriculum and Learning Material***

- Curricula for open education (open schooling and higher education) will be developed within the national framework of curriculum and with the consultation of the Curriculum Development Centre and universities. Besides, curricula for other programs to be run under the ODL system will be developed and implemented by the council.

- Different sets of learning materials will be designed, adopted, reproduced and approved for the implementation by taking the consideration of better experiences at the international level. The materials will be gradually developed in different languages to meet the diverse demands of the clients.
- Different kinds of self learning materials (print, audio and audio visual and multimedia) for the ODL learners will be prepared to use in the classroom setting and to facilitate the independent style of learning.

***Institutional Arrangement and Human Resources***

- A high level semi-autonomous DEOL Council will be established at the national level with all the legal and functional mandates to act as an apex institution in the field of open and distance learning. The council will stand in a two layers- a) governing body constituted with representation of all kinds of stakeholders and b) executing body dealing with overall implementation affairs.
- Five regional study centers by the administrative region will be created under the council and local level resource centers will be established in selected institutions presently dealing with training, research and education at the local level.
- The council will have own cadre system comprising a pool of professional and management staff at the national and regional level. Initially, the cadres can be selected from those working for universities and MOE system by applying standard selection procedures.
- The ODL system will be promoted with the recognition and affiliation to the aided community schools, institutional schools and other governmental and nongovernmental educational organizations.
- The DEOL council will be responsible and accountable for policy formulation; course and program approval; recognition and affiliation of the ODL institutes; certification/accreditation and implementation of ODL programs of the country.
- A number of existing schools and educational institutions will be identified / registered or affiliated as ‘open schools’ that will operate in a flexible mode to work as study and support centre. These schools will work as a focal point for the ODL learner support.
- Technical and academic resources of the DEOL division of NCED will be utilized to initiate the preparatory activities for official establishment of the

new ODL system. This mode of policy implementation will continue until the Council will be created.

***Certification and Accreditation***

- A strong certification and accreditation mechanism will be set up by establishing a separate examination board to ensure the quality of ODL programs after the establishment of DEOL council.
- For certification and accreditation purposes, the written, oral, portfolio and practical oriented evaluation system will be applied.
- A system of credit transfer and accreditation will be developed so as to build a link with similar educational system, both nationally and internationally. Moreover, such a system will be developed to tie up with the technical/vocational education system.

***Learner Support System***

- All kinds of academic support and technical backstopping to the schools and study centers will be provided by DEOL division of NCED through the ETCs at the initial stage of the implementation.
- Pool of experts and full time tutor will be available in central and regional study centers where as the local level study center will be facilitated by part time tutors. For learner support on/off line discussion between tutor to tutor, tutor to student, and student to student will be extensively used. Besides these, the library facility, counseling, material delivery, student orientation will be provided.
- An effective learner support system will be put in place with face to face meeting of the learner and tutor and by the extensive use of new technologies and available media such as mail; telephone; internet; e-mail; tele conferencing/video conferencing etc.
- The open school system will be sustained by utilizing the local expertise and resources (trainers, teachers, head-teachers or lecturers) as facilitators for the learner support.

***Media Application***

- All kinds of available mass media and print media will be extensively used for designing and delivery of ODL materials.

- Electronic media should be applied with the use of new technologies such as internet, email, teleconferencing and video conferencing, multimedia and on/off line discussion.
- The provisions of mandatory broadcast of educational materials on all types of Radio, FM and TV channels for a fixed duration will be formulated.
- Separate Educational Radio and TV are to be set up by refurnishing and renovating the existing audio and visual studios of DEOL division of NCED with the collaboration of the international donor agencies.
- Existing TV and Radio channels are to be utilized for delivering the ODL programs until there will be a separate media station/network created under the academy.

***Linkage and Networking***

- For sustainability of ODL system in the country, institutional linkage and networking with national and international ODL institutions/ organizations such as SACODiL, IGNOU, OU, ICDE and so on will be consolidated and established materials design and delivery and for human resource development.
- The cooperation and collaboration of SACODiL will be sought for preparing ODL curricula and materials to meet the standard set up by it.
- The ODL system will be sustained with collaboration and partnership of NGOs and INGOs.
- Local community involvement for management and supervision; monitoring and follow up will be ensured.

***Funding and Budgeting***

- A sustainable resource management and funding mechanism will be set up and required provisions are to be made to establish a funding scheme for ODL system of the country.
- The Department of Education will have responsibility of funding support to open schooling and the University Grant Commission (UGC) will be responsible for managing funding support to the institutes of higher education. They are also responsible for channeling the resources, and to provide incentives and scholarships to students under open schooling.
- The government grant will be obtained as sole source of funding for ODL institutes at the initial stage but gradually some special schemes of cost

recovery of the resource mobilization- tuition fee, material production; support and grants from NGOs and INGOs will be obtained.

- Realizing the disadvantageous position of the target audience the major portion of the financing will be taken care by the government. At the same time, options will be explored to share costs at the local level. This will take the form of subsidy in the educational materials, scholarships, and other supports.
- The partnership with private agencies, collaboration with non-government organizations and linkages with international institutions will systematically be introduced for self-sustainability of ODL system.
- Private sector and local bodies, NGOs and INGOs will be involved for production and distribution of instructional materials.

**Note:** *Approved by MoE on Pous 20, 2063 BS.*

# निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३

**प्रस्तावना**

नेपाली विद्यार्थीहरू निजी खर्चमा विदेशका महाविद्यालयमा अध्ययन गर्न जाने प्रवृत्तिलाई कम गर्न र देशभित्रै गुणात्मक प्राविधिक शिक्षाको विकास गर्न आवश्यक महसुस गरिएको छ । विश्व बजारवाट समेत आइरहेको रोजगारको अवसर, विज्ञान तथा प्रविधिको विकासको क्रमसँगै नेपालको प्राविधिक शिक्षाको गुणस्तरको विकास गर्न अन्तर्राष्ट्रिय र दक्षिण एसियाली सहयोग सङ्गठनका देशहरूको शैक्षिक स्तरसँग, प्राबिधिक शिक्षाको स्तर कायम गर्न गराउन प्राबिधिक शिक्षाको विकास सम्बन्धमा हाम्रा प्रशस्त चुनौतीहरू छन् ।

द्रुतगतिमा भइरहेको विकासको आधुनिकीकरण, सामाजिक स्तरमा भएको वृद्धि तथा विश्वमा विकास भएका विज्ञान र प्राविधिक शिक्षासमेतको आधारमा नेपालमा निजी सहयोग वा साझेदारीबाट प्राविधिक शिक्षाको विकास गर्न गराउन नितान्त आवश्यक भएको छ । प्राविधिक उच्च शिक्षा खर्चिलोसमेत भएको परिप्रेक्ष्यमा जनसहभागिता तथा निजी क्षेत्रको संलग्नता बढाई प्रतिस्पर्धा र विविधताको आधारमा, प्राविधिक उच्च शिक्षालाई समसामयिक, गुणस्तरयुक्त एवम् सान्दर्भिक बनाउन आवश्यक भएकाले स्वदेशी तथा विदेशी लगानीमा निजी क्षेत्रमा प्राविधिक महाविद्यालय सञ्चालन गर्ने गराउनेसम्बन्धी व्यवस्था गर्न आवश्यक भएकाले यो नीति लागू गरिएको छ ।

**उद्देश्यहरू**

१ देशमा उच्च प्राविधिक शिक्षाको विकासका लागि निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गर्ने,
२ सम्बन्धित विश्वविद्यालय र प्राविधिक परिषद्हरूसँग समन्वय राखी प्राविधिक शिक्षामा गुणस्तरीयता सुनिश्चित गर्ने,
३ गरिब तथा जेहनदार विद्यार्थीहरूलाई उच्च प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्ने,
४ महिला, जनजाति, दलित तथा आर्थिक एवम् सामाजिक दृष्टिले पिछाडिएका क्षेत्रका नेपाली युवालाई उच्च प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
५ उच्च प्राविधिक शिक्षामा निजी तथा बैदेशिक पुँजीलाई आकर्षित गर्ने,
६ उच्च प्राविधिक शिक्षा हासिल गर्ने विदेशी विद्यार्थीहरूलाई आकर्षण विन्दुको रूपमा नेपाललाई विकास गर्ने ।

**नीति**

१ निजी क्षेत्रमा प्राविधिक महाविद्यालय सञ्चालन गर्न प्रोत्साहन गर्ने,

२ देशको प्राविधिक जनशक्ति विकास गर्ने क्रममा जनसङ्ख्या र भौगोलिक आधारमा प्राविधिक महाविद्यालय स्थापना गर्न अनुमति प्रदान गर्ने,

३ देशमा निजी लगानीको माध्यमबाट प्राविधिक शिक्षाको विकासका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूको विकासका लागि मापदण्ड निर्धारण गर्ने,

४ उच्च प्राविधिक शिक्षालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गर्न देशभित्र रहेका प्राविधिक विषयमा गठित पेसागत परिषद्समेतको सहयोगमा पूर्वाधार निर्माण गर्न आवश्यक प्राविधिक ज्ञान प्रदान गर्ने,

५ निजी क्षेत्रमा सञ्चालित प्राविधिक महाविद्यालयमार्फत गरिब तथा जेहेनदार महिला, जनजाति, दलित तथा पिछडिएका क्षेत्रका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच पुऱ्याउन निश्चित प्रतिशतमा छात्रवृत्तिको व्यवस्था गर्ने,

६ दुर्गम तथा पहाडी क्षेत्रमा निजी लगानीबाट स्थापना हुने प्राविधिक महाविद्यालयहरूलाई नेपाल सरकारले प्रचलित कानुनको अधीनमा रही भन्सार, मूल्य अभिवृद्धि कर र दरखास्त दस्तुर निश्चित अवधिका लागि छुट दिन सक्ने छ ।

उच्च प्राविधिक शिक्षाअन्तर्गत स्नातक, स्नातकोत्तर र पिएच्डी तहका निम्नलिखित विषयहरू रहने छन् :

(क) चिकित्सा विज्ञान (नर्सिङ,मेडिसिन शिक्षा र औषधी विज्ञान)

(ख) इन्जिनियरिङ

(ग) कृषि तथा वन

(घ) सूचना प्रविधि

(ङ) लेखा तथा व्यवस्थापन

(च) शिक्षा मन्त्रालयले तोकेका अन्य विषयहरू

## उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समिति

१. उच्च प्राविधिक शिक्षाको क्षेत्रमा जनसहभागित वृद्धि गरी स्वदेशी एवम् विदेशी लगानीकर्ताहरूलाई राष्ट्रिय हित र आकाङ्क्षाको मूल प्रवाहमा प्रवाहित गर्दै समन्वयात्मक ढङ्गले निजी क्षेत्रमा उच्च प्राविधिक शिक्षाको प्रवर्द्धन गर्न र मन्त्रालयलाई सो विषयमा राय सुझाव दिन देहायबमोजिमको उच्च प्राविधिक शिक्षा प्रवर्द्धन तथा अनुगमन समिति (यस पछि 'समिति' भनिएको) गठन गरिने छ ।

| | | |
|---|---|---|
| (क) | शिक्षा मन्त्री | - अध्यक्ष |
| (ख) | सचिव, मन्त्रालय | - सदस्य |
| (ग) | डिन, चिकित्साशास्त्र अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| (घ) | डिन, स्कुल अफ् मेडिसिन, काठमाडौं विश्वविद्यालय | - सदस्य |
| (ङ) | प्रतिनिधि, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | - सदस्य |
| (च) | सहसचिव, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | - सदस्य |

(छ) अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - सदस्य

(ज) अध्यक्ष नेपाल इन्जिनियरिङ काउन्सिल - सदस्य

(झ) प्राविधिक शिक्षाको क्षेत्रमा कम्तीमा १५ वर्ष को अनुभव प्राप्त गरेका व्यक्तिहरू (सम्बन्धित विषयगत विशेषज्ञहरू) मध्येबाट मन्त्रालयबाट मनोनीत ३ जना - सदस्य

(ञ) निजी क्षेत्रमा सञ्चालित मेडिकल तथा डेन्टल कलेजहरूका प्रिन्सिपलहरूमध्येबाट मन्त्रालयवाट मनोनीत १ जना - सदस्य

(ट) सहसचिव, उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा मन्त्रालय -सदस्य सचिव

२. समितिले आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ । त्यस्ता सदस्यलाई बैठकमा मताधिकार गर्न पाउने अधिकार हुने छैन ।

३. समितिमा मनोनीत भएका सदस्यहरूको पदावधि २ वर्षको हुने छ ।

४. समितिका अध्यक्ष, सदस्यहरू र आमन्त्रित सदस्यहरूको बैठक भत्ता र दैनिक भ्रमण भत्ता मन्त्रालयले तोकेबमोजिम हुने छ ।

५. समितिको सचिवालयको काम मन्त्रालयको उच्च तथा प्राविधिक शिक्षा शाखाले गर्ने छ ।

६. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) निजी क्षेत्रमा सञ्चालन हुने वा सञ्चालित शिक्षण संस्थाको सम्बन्धमा राय, सुझाव र सिफारिससहितको प्रतिवेदन समय समयमा मन्त्रालयमा पेस गर्ने

(ख) यस नीतिअन्तर्गत प्रदान गर्ने मनसाय पत्र सोको लागि आवश्यक पर्ने दरखास्तलगायतका अन्य विषयहरूमा लाग्ने दस्तुर निर्धारण गर्ने छ

(ग) प्राविधिक महाविद्यालय सञ्चालन गर्ने सम्वन्धमा मन्त्रालय समक्ष सिफारिस गर्ने

(घ) प्राविधिक महाविद्यालयको सुपरीवेक्षण, मूल्याङ्कन र अनुगमन गर्ने गराउने

(ङ) प्राविधिक महाविद्यालय सञ्चालन, गुणस्तर तथा नियन्त्रण गर्नेसम्बन्धी कार्यविधि तयार गरी लागू गर्ने

(च) समितिले गर्नुपर्ने कामका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने

७. मन्त्रालयले समितिको कामको लागि आवश्यक पर्ने रकमको लागि छुट्टै बजेटको व्यवस्था गर्ने छ ।

(क) वार्षिक बजेट : समितिले आफ्नो कार्यका लागि वार्षिक बजेट बनाउने छ ।

(ख) कोष : समितिको नाममा अलग्गै कोष स्थापना गरिने छ । सो कोषमा निजी स्तरमा महाविद्यालय सञ्चालन गर्न चाहने संस्थाले समितिले तोकेबमोजिमको नियमित रूपमा बुझाउनुपर्ने रकममध्ये ५० प्रतिशत नेपाल सरकारको राजस्व खातामा दाखिला गरी बाँकी ५० प्रतिशत रकम समितिको कोषमा जम्मा हुने छ ।

(ग) कोषको खाता सञ्चालन : कोषको खाता सञ्चालन समितिका सदस्य सचिव र समितिले तोकेको मन्त्रालयको आर्थिक प्रशासन शाखाका एक जना कर्मचारीबाट हुने छ । समितिको कोषको जिम्मा समितिका सदस्य सचिवको हुने छ ।

(घ) लेखा परीक्षण : कोषको वार्षिक लेखा परीक्षण प्रचलित कानुनबमोजिम हुने छ ।

८. प्राविधिक महाविद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने मापदण्ड, प्रक्रिया आधार र सर्तहरू अनुसूचीमा उल्लेख गरिएबमोजिम हुने छ ।

९. देहायको अवस्थामा मनसायपत्र रद्द हुने छ :

(क) निवेदक संस्थाले मनसाय पत्र रद्द गरिदिन सम्पूर्ण सञ्चालकहरूको निर्णय गराई निर्णयसहित मन्त्रालयमा निवेदन दिएमा

(ख) विश्वविद्यालयबाट सम्वन्धन र कक्षा सञ्चालनको स्वीकृति प्राप्त नभएसम्म वा सम्बन्धित काउन्सिलबाट परीक्षण मान्यता नलिई विद्यार्थी भर्नाका लागि विज्ञापन गरेमा वा विद्यार्थी भर्ना गरेमा वा मन्त्रालयसँग सम्झौता नगरी कक्षा सञ्चालन गरेमा

(ग) मनसायपत्रको अवधि भित्र पुनः अवधि थप गर्नको लागि निवेदन नदिएमा

१०. मनसाय पत्र नदिइने : यो आधारभूत नीति लागू भएपछि मनसाय पत्र रद्द भएको संस्थालाई सोही नामबाट पुनः मनसाय पत्र दिइने छैन ।

११. अनुसूचीमा हेरफेर तथा थपघट : शिक्षा मन्त्रालयले आवश्यकताअनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने छ ।

१२. खारेजी र बचाउ :

(क) स्वदेशी र विदेशी लगानीमा निजी क्षेत्रमा सञ्चालन हुने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा आधारभूत नीति, २०५२ खारेज गरिएको छ ।

(ख) उपदफा १ बमोजिमको नीति बमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिने छ ।

(ग) उपदफा १ बमोजिमको नीतिअन्तर्गत स्थापना भएका प्राविधिक महाविद्यालयले यो नीति प्रारम्भ भएको ३ वर्षभित्र यस नीतिअन्तर्गतका मापदण्ड, प्रक्रिया, आधार र सर्तहरू पूरा गर्नुपर्ने छ ।

**नोटः** अनुसूचीहरू मन्त्रालयको वेभसाइट www.moe.gov.np अन्तर्गत Laws and Regulation खण्डमा उपलब्ध छन् ।

# शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२

**(तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयबाट मिति २०६२/२/२४ मा स्वीकृत)**

१) प्राथमिक शिक्षकको हकमा विद्यमान आवश्यक न्यूनतम योग्यताको तह बढाइने छ ।

२) प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यताका अतिरिक्त पूर्वसेवाकालीन तालिमका रूपमा १० महिने शिक्षक तयारी कोर्स लिनुपर्ने व्यवस्था अनिवार्य गरिने छ ।

३) विद्यालय प्रणालीमा शिक्षण पेसाका लागि अध्यापन अनुमतिपत्रलाई एक पूर्वसर्त बनाइने छ । साथै अनुमतिपत्रको नवीकरण गर्ने व्यवस्था पनि गरिने छ ।

४) स्थानीय स्वायत्त शासन ऐन र शिक्षा ऐनको भावना अनुकूल शिक्षक छनोट प्रक्रियालाई क्रमिक रूपमा स्थानीयकरण गरिने छ ।

५) विद्यालय प्रणालीमा सेवारत तालिम प्राप्त नगरेका सबै शिक्षकहरूलाई यथाशक्य छिटो दश महिने तालिम दिइने छ ।

६) विद्यालय शिक्षाका सबै तहमा शिक्षक विकास व्यवस्थालाई सुदृढीकरण गर्ने उद्देश्यले तालिम, अनुमतिपत्र र पेसागत विकास प्रक्रियालाई एक अर्कामा आबद्ध गरिने छ ।

७) अल्पकालीन तालिम, पुनर्ताजगी तालिम र आवर्तक तालिमलाई प्रमाणीकरण तालिम कार्यक्रमको एक अङ्गको रूपमा गणना गरिने छ ।

८) सेवाकालीन र सेवाप्रवेश शिक्षक तालिमका लागि प्रभावकारी तालिम पाठ्यक्रम र सामग्रीको विकास गरी कार्यान्वयन गरिने छ ।

९) सुयोग्य, तालिम प्राप्त र प्रतिबद्ध प्रशिक्षकहरू मार्फत् शिक्षक तालिम उपलब्ध गराइने छ ।

१०) अनुकूल सिकाइ वातावरणको उपलब्धताका लागि तालिम सुविधाहरू सुनिश्चित गरिने तथा त्यस्ता सुविधाहरूमा सुधार गरी स्तर वृद्धि गरिने छ ।

११) सबै तह र संस्थाहरूमा तालिम व्यवस्थापनको दक्षतामा सुधार गर्न उपयुक्त उपाय र प्रयत्नहरू अवलम्बन गरिने छन् । यस सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रलाई आदर्श संस्थाको रूपमा विकास गरिने छ ।

१२) अनुगमन र तालिम उत्तरार्द्ध सहयोग योजनालाई तालिमको गुणस्तर सुनिश्चित गर्ने उपायको रूपमा कार्यान्वयन गरिने छ ।

१३) तालिममा निरन्तर सुधार गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्र र यसका विभिन्न तहका संस्थाहरूले अनुसन्धान, अनुगमन र मूल्याङ्कनसम्बन्धी काम गर्ने छन् ।

१४) तालिम संस्था, विद्यालय र शिक्षकहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने कार्यसम्पादन सूचकहरूको विकास एवम् कार्यान्वयन गरिने छ ।

१५) तालिममा प्रशिक्षार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गरिने छ ।

१६) सबै कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोणले संवेदनशील र सन्तुलित व्यवहार एवम् अभ्यासहरू कायम राख्न गम्भीर प्रयत्नहरू गरिने छन् ।

१७) पद बहाली गर्नु अगाडि सबै तहका प्रधानाध्यापकलगायत नयाँ नियुक्त हुने शिक्षा सेवाका अधिकृतहरू (द्वितीय र तृतीय श्रेणी) का लागि सेवा प्रवेश तालिम एक पूर्वसर्तको रूपमा रहने छ ।

१८) शैक्षिक व्यवस्थापन तालिम सबै तहमा कार्यरत सबै शैक्षिक व्यवस्थापक तथा प्रधानाध्यापकहरूका लागि अनिवार्य हुने छ ।

१९) पुनर्ताजगी तालिम कार्यक्रम, स्व-अध्ययन सामग्री तथा स्थलगत सहयोग योजनाहरूको माध्यमबाट निरन्तर पेसागत विकासका लागि अवसरहरूको सिर्जना गरिने छ ।

२०) व्यवस्थापकहरूको उत्प्रेरणा तथा मनोबल प्रवर्द्धन गर्ने एवम् उच्च कार्यसम्पादनलाई प्रोत्साहित गर्ने समेत उद्देश्यले विशेष पदस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

२१) तालिम संस्थाहरूमा योग्य, तालिमप्राप्त र प्रतिबद्ध तालिम व्यवसायीहरू उपलब्ध भएको सुनिश्चित गर्न प्रशिक्षकको तयारी, प्रशिक्षकको विकास र अभिप्रेरणा लागि विशेष प्याकेज कार्यक्रम डिजाइन गरी कार्यान्वयन गरिने छ ।

२२) तत्कालीन तालिम संस्थाहरू (शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा केन्द्र, माध्यमिक शिक्षा विकास केन्द्र) लाई एउटै छातामा गाभेर शिक्षक तालिम प्रणालीलाई एकीकृत गरी सुदृढ बनाइने छ ।

२३) प्रत्येक संस्था र निकायको भूमिका र जिम्मेवारीहरू किटान गरी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्था एवम् निकायहरूसँग संस्थागत सम्बन्ध कायम गरिने छ ।

२४) तालिम कार्यक्रमहरूको संस्थागत सहकारिता, समन्वय र सञ्चार सुनिश्चित गर्न सार्वजनिक र निजी दुवै तालिम संस्थाहरूका प्रतिनिधिहरू रहेको क्षेत्रीय (Zonal) शिक्षक तालिम समन्वय समिति (शैक्षिक तालिम केन्द्रका सेवा क्षेत्र भित्रको तालिम क्षेत्र समेट्ने समिति) गठन गरिने छ ।

२५) प्राविधिक सहयोग र प्रविधि हस्तान्तरणका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले आंशिक समय काम गर्ने आधारमा अन्य व्यावसायिक संस्थाका विशेषज्ञहरूलाई काममा लगाउन सक्ने छ ।

२६) सङ्गठनात्मक प्रभावकारिता र संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक जनशक्ति विकास केन्द्र प्रणालीलाई व्यावसायिक स्वायत्तता प्रदान गरिने छ ।

# विशेष शिक्षा नीति, २०५३

शिक्षाको राष्ट्रिय नीतिअनुरूप अपाङ्गहरूको निम्तिअनुकूल शिक्षाको व्यवस्था गरी राष्ट्रिय मूल धारामा समाहित गर्न देहायबमोजिम विशेष शिक्षा नीति तय गरिएको छ :

१. अपाङ्गको सर्वमान्य परिभाषा गरी अपाङ्गताको किसिम तथा मात्राको निर्धारण गर्ने,

२. अपाङ्ग बाल बालिकाको सङ्ख्या, उमेर लिङ्ग किसिम र मात्रा आदिको विस्तृत विवरणका लागि सर्भेक्षण कार्यक्रम र तथ्याङ्क सङ्कलनको आवश्यक व्यवस्था गर्ने,

३. विभिन्न किसिमका अपाङ्ग बाल बालिकाहरूलाई दिइने प्राथमिक शिक्षा सबैका लागि शिक्षाको अभिन्न अङ्गको रूपमा विकसित गर्ने,

४. अपाङ्गहरूको आवागमनलाई समेत विचार गरी विशेष सुविधा भएको विद्यालय भवनको निर्माण गर्ने व्यवस्था मिलाउने,

५. अपाङ्ग बालबालिकाहरूलाई प्राथमिक तहदेखि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने । यस उद्देश्यका लागि निजी क्षेत्रका सबै तहका विद्यालयहरूले समेत अपाङ्गहरूलाई निःशुल्क शिक्षा दिनका लागि आवश्यक व्यवस्था मिलाउने,

६. अपाङ्ग बालबालिकाहरूलाई साधारण विद्यालयमा एकीकृत रूपमा निःशुल्क विशेष शिक्षा प्रदान गर्ने र आवश्यकतानुसार विशेष विद्यालयको व्यवस्था गर्ने,

७. तोकिएका न्यूनतम भौतिक एवम् प्राविधिक पूर्वाधार तथा सर्तहरू पूरा गरेका विद्यालयहरूलाई मात्र विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति दिने,

८. विश्वविद्यालयहरूमा विशेष शिक्षासम्बन्धी विषयको पठन पाठनको व्यवस्था गर्ने,

९. सञ्चालित सेवाको व्यापकता, स्तर र आर्थिक क्षमताको आधारमा पटके, आंशिक र पूर्ण अनुदानको व्यवस्था गर्ने,

१०. विशेष शिक्षा दिने विद्यालयहरूको व्यवस्थापन पक्षलाई सुधार गर्न हालको निरीक्षण एवम् सुपरिवेक्षण प्रणालीमा विशेष शिक्षाको निरीक्षण पक्षलाई समेत विचार गरी एकीकृत रूप दिने,

११. अपाङ्ग बालबालिकाहरूलाई दिइने विशेश शिक्षाको लागि पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीहरू एवम् उपकरणको निर्धारण तथा उत्पादन गर्ने गराउने र आवश्यकताअनुसार निःशुल्क उपलब्ध गराउने सम्बन्धमा समेत आवशयक व्यवस्था गर्ने,

१२. अपाङ्गताका प्रारम्भिक अवस्थामा कतिपय लक्षणहरू स्वास्थ्य उपचारद्वारा निराकरण हुन सक्ने भएकाले सामान्य विद्यार्थीहरूले अध्ययन गर्ने नियमित पाठ्यक्रम र शिक्षक तालिम

पाठ्यक्रममा अपाङ्गतसम्बन्धी स्वास्थ्य शिक्षा र विशेष शिक्षासम्बन्धी सामान्य जानकारीहरू पाठ्यक्रममा समावेश गर्ने,

१३. विशेष शिक्षाका लागि आवश्यकताअनुसार पुस्तकालय र प्रयोगशालाको व्यवस्था गर्ने र हाल सञ्चालित पुस्तकालयहरूमा पनि अपाङ्गहरूले प्रयोग गर्न सक्ने सामग्रीहरू राख्ने व्यवस्था क्रमिक रूपमा गर्दै जाने,

१४. जेहेनदार अपाङ्ग विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिलगायत अन्य प्रोत्साहनको व्यवस्था गर्ने,

१५. अपाङ्ग विद्यार्थीलाई आवश्यकतानुसार आवासीय सुविधा उपलब्ध गराउने,

१६ . अपाङ्ग विद्यार्थी बाल बालिकाले दैनिकरूपमा प्रयोग गर्ने सामग्रीहरू जस्तै : ह्विल चेयर वैशाखी, ह्वाइटकेन, श्रवण यन्त्र, ब्रेल स्लेटस्टाइल, स्पेसल चेयर र कृत्रिम अङ्ग आदि आयात गर्दा यथासम्भव विशेष सहुलियत दिने व्यवस्था गर्ने,

१७. विशेष शिक्षाको क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई कम्तीमा अन्य सार्वजनिक विद्यालयका शिक्षकले पाए सरहको तलब भत्ताको व्यवस्था गरी सो पेसालाई आकर्षक बनाउने,

१८. विशेष शिक्षा दिने कार्यक्रमका लागि शिक्षकलगायत आवश्यक जनशक्तिको योजनाबद्ध विकास तथा व्यवस्था गर्ने,

१९. शिक्षक तालिम सञ्चालन गर्ने निकायसँग समन्वय राखी विशेष शिक्षा कार्यक्रमलाई आवश्यक पर्ने तालिमको पनि व्यवस्था गर्ने,

२०. विशेष शिक्षाका लागि प्रयोग गरिने विशेष माध्यम जस्तो ब्रेल, साङ्केतिक भाषा आदिमा दक्षता हासिल गरेको भएमा अपाङ्गता भएका योग्य व्यक्तिलाई समेत अपाङ्गता अनुकूल विशेष शिक्षा शिक्षकको रूपमा परिचालन गर्ने,

२१. अपाङ्ग बालबालिकाको व्यक्तित्व तथा शारीरिक विकासका लागि सांस्कृतिक एवम् खेलकुद कार्यक्रम र शारीरिक व्यायामको विशेष व्यवस्था गर्ने । यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धात्मक कार्यक्रममा भाग लिने अवसर प्रदान गर्ने र सोका लागि आवश्यक जनशक्ति तयार गर्ने,

२२. दोहोरो वा बहुअपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको राय र सुझावअनुसार विशेष प्रकारका शिक्षा वा कार्यमूलक शिक्षाको व्यवस्था गर्ने,

२३. अपाङ्गताको किसिमको आधारमा परीक्षार्थीहरूको परीक्षा र मूल्याङ्कनको विशेष व्यवस्वथा गर्ने,

२४. अपाङ्ग बालबालिकाहरूका लागि विशेष शिक्षा दिई सह्रानीय कार्य गर्ने सङ्घ संस्था तथा व्यक्तिहरूलाई प्रोत्साहन गर्न, पुरस्कार आदिको व्यवस्था गर्ने,

२५. विशेष शिक्षा परिषद्ले तोकेको निकायको सहमति लिएर मात्र गैरसरकारी सङ्घ संस्थाले विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

२६. अपाङ्गताको किसिम र मात्राअनुसार विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले आवश्यक पूर्वाधार तथा सर्तहरू तोकी तालिम केन्द्र स्थापना

गर्नका लागि कार्यक्रम सञ्चालन गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने,

२७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायबीच विशेष शिक्षाको क्षेत्रमा अन्तरसम्बन्ध तथा समन्वय कायम गरी गैरसरकारी सङ्घ संस्थालाई राष्ट्रिय विशेष शिक्षा कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्ने र यस कार्यक्रममा कार्यरत गैरसरकारी संस्थाको भौतिक एवम् प्राविधिक जनशक्ति विकास एवम् विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्ने,

२८. परोपकारी एवम् अन्य सामाजिक सङ्घ संस्थालाई विशेष कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

२९ विशेष शिक्षालाई सीप केन्द्रित बनाई समुदायमा पुनर्स्थापना गर्न अपाङ्गहरूको क्षमता र योग्यताको आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्ने,

३०. प्रौढ अपाङ्गहरूको लागि सीपमूलक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

३१. विभिन्न सांस्कृतिक, धार्मिक, जातीयता, अन्धविश्वास, रूढिवादी परम्परा, चेतनाको कमी र आर्थिक कारणले अधिकांश जनमानसमा व्याप्त रहेको अपाङ्गप्रतिको गलत धारणामा आमूल परिवर्तन ल्याउन विभिन्न स्तरमा भेला, गोष्ठी गर्ने र आमसञ्चारका माध्यमबाट सर्वसाधारणमा अपाङ्गतासम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

३२. अपाङ्ग बालबालिकाहरूलाई शैक्षिक अवसर प्रदान गर्ने वातावरण जुटाउन र उनीहरूलाई समुदायमा सामाजिकीकरणका लागि तिनका बाबु, आमा अभिभावक, शिक्षक तथा निकट सम्पर्कमा आइरहने व्यक्तिहरूलाई मनोवैज्ञानिक उत्प्रेरणा दिने खालको सरसल्लाहमूलक कार्यक्रम सञ्चालन गर्ने,

३३. विशेष शिक्षा परिषद्ले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा उपलब्ध हुने विभिन्न स्रोत तथा सामग्रीहरूको परिचालन गर्ने Network प्रणालीको विकास र विस्तार गर्ने ।

# निर्देशिकाहरू

## विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९

**प्रस्तावना**

कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा उच्च माध्यमिक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गर्ने कार्यलाई व्यवस्थित र नियन्त्रित गराउन वाञ्छनीय भएकाले यो निर्देशिका बनाइएको छ ।

**परिच्छेद –१**

**प्रारम्भिक**

१ सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम 'विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्नेसम्बन्धी निर्देशिका, २०५९' रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२ परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) 'मन्त्रालय' भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय (हाल शिक्षा मन्त्रालय) सम्झनुपर्दछ ।

(ख) 'विदेशी शिक्षण संस्था' भन्नाले कुनै देशको कानुनअनुसार सो संस्था दर्ता वा मान्यता प्राप्त

(Acrreditated) गरेको शिक्षण संस्था सम्झनुपर्दछ ।

(ग) 'समिति' भन्नाले निर्देशन नं. ६ बमोजिम गठित उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समिति सम्झनुपर्दछ ।

(घ) शिक्षण संस्था' भन्नाले विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा उच्च माध्यमिक तह वा सोभन्दा माथिल्लो तहको शिक्षा दिइने गरी खोलिएको संस्था वा कम्पनी सम्झनुपर्दछ ।

(ङ) सचिवालय' भन्नाले मन्त्रालयमा रहेको समितिको सचिवालय सम्झनुपर्दछ ।

## परिच्छेद–२

### अनुमतिसम्बन्धी व्यवस्था

३ विदेशी शिक्षण संस्थाबाट सम्बन्धन लिई नेपालमा उच्च शिक्षा सञ्चालन गर्न चाहने कुनै पनि शिक्षण संस्थाले मन्त्रालयबाट अनुमति नलिइकन सञ्चालन गर्न पाइने छैन ।

४. विदेशी शिक्षण संस्थाबाट सम्बन्धन प्राप्त गरी नेपालमा उच्च शिक्षा प्रदान गर्ने गरी शिक्षण संस्था सञ्चालन गर्न चाहने कुनै पनि सङ्घ वा संस्था वा कम्पनीले अनुसूची–१ बमोजिमको ढाँचामा सचिवालय समक्ष निवेदन दिनुपर्ने छ ।

५. निर्देशन नं.४ बमोजिम दिएको निवेदनसाथ निम्नलिखित विवरणहरू संलग्न गर्नुपर्ने छ :

(क) सम्बन्धित शिक्षण संस्था कम्पनीमा दर्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, सो कम्पनीको प्रबन्ध पत्र र नियमावलीको प्रतिलिपि

(ख) कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(ग) विदेशी शिक्षण संस्थाले सम्बन्धन (सहमति/स्वीकृति) दिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(घ) सम्बन्धन दिने शिक्षण संस्था रहेको देशमा नियमानुसार सो संस्था दर्ता भएको र सम्बन्धित देशमा मान्यता प्राप्त गरेको भनी सम्बन्धित देशको कूटनीतिक नियोगबाट प्रमाणित गरेको पत्र

(ङ) सम्बन्धित विदेशी शिक्षण संस्थाको उपाधि (प्रमाण पत्र) लाई नेपालको कुनै विश्वविद्यालय वा कुनै स्वीकृत प्राप्त शैक्षिक संस्थाले समकक्षता दिएको भए सोको प्रमाणित प्रतिलिपि

(च) अनुसूची–२ बमोजिमको भौतिक/शैक्षिक पूर्वाधारहरूको पूर्ण विवरण

(छ) सञ्चालन गरिने विषयहरू, शिक्षण तह र पाठ्यक्रमहरू

(ज) निवेदन दस्तुर बापत समितिको नाममा समितिले तोकिदिएको बैङ्क खातामा रु. १०,०००।– (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै भौचरको प्रति

(झ) समितिले तोकेको धरौटी रकम

## परिच्छेद ३

### मूल्याङ्कन तथा अनुगमन समिति

६. (१) कुनै पनि विदेशी शिक्षण संस्थासँग सम्वन्धन लिई सञ्चालन गर्ने कुनै पनि विषय, शिक्षण तह र पाठ्यक्रम एवम् निर्देशन नं. ४ बमोजिम परेको निवेदन उपर छानविन गर्न र आवश्यक निर्णयसहितको सिफारिस गर्न मन्त्रालयमा देहायअनुसारको एक उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समिति रहने छ ::

(क) शिक्षा मन्त्री वा निजले तोकेको मन्त्रालयका राज्यमन्त्री वा सहायक मन्त्री वा अन्य व्यक्ति — अध्यक्ष

(ख) सदस्य, रा.यो.आयोग (शिक्षा हेर्ने) सदस्य

(ग) सचिव, मन्त्रालय सदस्य

(घ) सदस्य-सचिव, विश्वविद्यालय अनुदान आयोग सदस्य

(ङ) सदस्य-सचिव, उच्च माध्यमिक शिक्षा परिषद् सदस्य

(च) सदस्य-सचिव, प्रा.शि.तथा व्या.ता.परिषद् सदस्य

(छ) विभिन्न विश्वविद्यालयका शिक्षाध्यक्ष वा रजिष्ट्रारहरूमध्ये अध्यक्षबाट मनोनीत दुईजना सदस्य

(ज) शिक्षा क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूमध्येवाट शिक्षा मन्त्रीद्वारा मनोनीत दुईजना सदस्य

(झ) सह-सचिव, शैक्षिक प्रशासन महाशाखा,मन्त्रालय सदस्य- सचिव

(२) समितिका मनोनीत सदस्यहरूको पदावधि ३ (तीन) वर्षको हुने छ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरू र उपसमितिका संयोजक एवम् सदस्यहरूले पाउने सुविधा समितिले समय समयमा निर्धारण गरेवमोजिम हुने छ।

(४) समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्र तथा संस्थाका विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ। यसरी आमन्त्रित सदस्यहरूलाई अन्य सदस्यले पाएसरहको सुविधा प्रदान गरिने छ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहने छ।

(६) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) विदेशी शिक्षण संस्थाहरूको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूको अनुमति वा स्वीकृति दिन र खारेजीसम्बन्धी सिफारिस गर्ने

(ख) अनुमति प्राप्त गरी सञ्चालन भएका यस्ता संस्थाहरूको सुपरिवेक्षण, मूल्याङ्कन र अनुगमन गर्ने गराउने

(ग) यस्ता शिक्षण संस्थाहरूको भौतिक पूर्वाधार शिक्षक एवम् कर्मचारीहरूको न्यूनतम सेवा सर्त र सुविधा तथा अन्य आवश्यक विषयमा नीति निर्धारण गर्ने

(७) निर्देशन ६(१) बमोजिमको समितिले सचिवालयमा प्राप्त हुन आएका निवेदनउपर देहायका विषयहरूलाई आधार मानी प्रारम्भिक छानबिन गर्ने गराउने छ। जसका लागि देहायअनुसारको प्रारम्भिक मूल्याङ्कन उपसमिति रहने छ :

(क) सहसचिव, शैक्षिक प्रशासन महाशाखा,मन्त्रालय - संयोजक

(ख) उपसचिव, ऐन नियम परामर्श शाखा,मन्त्रालय - सदस्य

(ग) उपसचिव, उच्च तथा प्राविधिक शिक्षा शाखा,मन्त्रालय - सदस्यसचिव

*उप–समितिले मूल्याङ्कन गर्ने आधारहरू*

(क) सम्बन्धन प्राप्त शिक्षण संस्थावाट दिइने शिक्षा देशको जनशक्ति आवश्यकतासँग सान्दर्भिकता हुनुपर्ने

(ख) शिक्षण संस्था सञ्चालन गर्ने पक्षको आर्थिक क्षमता भएको हुनुपर्ने

(ग) शिक्षण संस्था खोलिन लागेको स्थानको भौगोलिक उपयुक्तता हुनुपर्ने

(घ) सम्बन्धन दिने शिक्षण संस्थाको त्यस देशमा भएको विश्वसनीयता

(ङ) यसरी खोलिने शिक्षण संस्थाबाट दिइने उच्च शिक्षा नेपालको शिक्षण संस्थाहरूबाट उपलब्ध नभएकालाई प्राथमिकता दिनुपर्ने

(च) संस्थाको आर्थिक स्रोतको आधार र विश्वसनीयता विचार गर्नुपर्ने

(छ) सञ्चालन गरिने कार्यक्रमका लागि पर्याप्त जनशक्ति भएको हुनुपर्ने

(८) प्रारम्भिक उपसमितिले राय सिफारिस साथ प्रतिवेदन समितिमा पठाउनुपर्ने छ ।

(९) समितिले उपनिर्देशन (८) बमोजिम प्राप्त भएको सिफारिसउपर विचार गरी उक्त शिक्षण संस्थालाई अनुमति दिन उपयुक्त देखिएमा मन्त्रालय समक्ष सिफारिस गर्नुपर्ने छ । समितिको सिफारिसको आधारमा मन्त्रालयले सम्बन्धित संस्थालाई अनुसूची–३ मा तोकिएको सर्त पालना गर्ने गरी सञ्चालन गर्न अनुसूची–४ को ढाँचामा अनुमति दिन सक्ने छ ।

## परिच्छेद ४

## निरीक्षण तथा अनुगमन

७. (१) सञ्चालित शिक्षण संस्थाको शैक्षिक स्तर मूल्याङ्कन गर्न समितिले समय समयमा विशेष उपसमिति गठन गर्न सक्ने छ ।

(२) शिक्षण संस्थाहरूको शैक्षिक स्तर र अन्य कार्यक्रमको निरीक्षण तथा अनुगमन गर्न गठित विशेष उपसमितिले वर्षमा कम्तीमा एक पटक सम्बन्धित शिक्षण संस्थाको निरीक्षण गरी समिति समक्ष प्रतिवेदन पेस गर्नुपर्ने छ ।

## परिच्छेद ५

## समितिको कोष

८ समितिको एक छुट्टै कोष हुने छ ।

(१) समितिको नाममा कुनै वाणिज्य बैङ्कमा अलग्गै खाता खोली कोषको स्थापना गरिने छ । सो कोषमा देहायबमोजिमको रकम रहने छ :

(क) सरकारबाट प्राप्त अनुदान रकम

(ख) आवेदन शुल्क बापत प्राप्त हुने रकम

(ग) फाराम बिक्रीबाट प्राप्त हुने रकम

(घ) अनुमति पत्र प्राप्त गर्दा र अनुमति नवीकरण गरे बापत प्राप्त हुने रकम

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) कोषको खर्च समितिको निर्णयबमोजिम हुने छ र समितिले तोकिदिएको व्यक्तिवाट कोषको खाता खाता सञ्चालन हुने छ ।

(३) कोषको वार्षिक लेखा परीक्षण नियमानुसार पुँजीकृत लेखा परीक्षकबाट हुने छ ।

## परिच्छेद ६

## अनुमति खारेज हुने अवस्था

९. समितिको सिफारिसमा मन्त्रालयले देहायको अवस्थामा कुनै पनि स्वीकृति प्राप्त शिक्षण संस्थाको अनुमति खारेज गर्न सक्ने छ :

(१) शिक्षण संस्था सञ्चालन अनुमति पत्र लिँदा खुलाएको अनुसूची–२ मा उल्लिखित पूर्वाधारहरू पूरा नगरेमा वा अनुसूची – ३ मा उल्लिखित सर्त पूरा गरेको नपाइएमा, वा

(२) निर्देशन नं.७ (१) बमोजिम गठित उपसमितिबाट स्तर कायम नभएको हुँदा सम्बन्धित शिक्षण संस्थाको अनुमति खारेज हुनुपर्ने भनी समितिसमक्ष सिफारिस गरी समितिले पनि सोहीअनुसार अनुमति खारेज गर्न मन्त्रालयसमक्ष सिफारिस गरेमा । तर त्यसरी शिक्षण संस्थाको अनुमति खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाइ पेस गर्ने अवसरवाट वञ्चित गरिने छैन ।

## परिच्छेद ७

## विविध

१०. (१) यस निर्देशिकाअनुरूप अनुमति पाई सञ्चालन भएका शैक्षिक संस्थालाई सरकारले कुनै पनि किसिमको भौतिक तथा आर्थिक सहयोग उपलब्ध गराउन बाध्य हुने छैन ।

(२) सम्बन्धित शिक्षण संस्थाले हरेक वर्ष भर्ना सत्र (Admission Session) समाप्त भएपछि विद्यार्थी, शिक्षक र भौतिक साधनहरूको विवरण अनिवार्य रूपमा मन्त्रालयमा र अनुगमन गर्ने संस्थामा पेस गर्नुपर्ने छ ।

(३) अनुमति प्राप्त भई सञ्चालन भएको कुनै पनि शिक्षण संस्थालाई सामान्यतया अर्को स्थानमा सार्न पाइने छैन । तर स्थानान्तरण गर्नुपर्ने कुनै विशेष कारण भए सो कारण खोली समिति समक्ष निवेदन दिनुपर्ने छ र समितिको सिफारिसमा मन्त्रालयबाट स्वीकृति प्राप्त भएपछि मात्र सार्न सकिने छ ।

(४) अनुमतिपत्र लिने समयमा रु. ५०,०००।–(पचास हजार) समितिको नाममा समितिले तोकिदिएको बैङ्कको खातामा र रु. ५०,०००।– (पचास हजार) सरकारको राजस्व खातामा जम्मा गरी सोको भौचर सचिवालयमा पेस गर्नुपर्ने छ ।

(५) अनुमतिपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने छ र नवीकरण गर्दा समितिले तोकेको रकममध्ये आधा रकम समितिको खातामा र आधा रकम सरकारको राजस्व खातामा जम्मा गरी सोको भौचर सचिवालयमा पेस गर्नुपर्ने छ ।

(६) अनुमति प्राप्त विषय र तहभन्दा अन्य विषय वा तह वा शाखा थप गर्न परेमा पुनःउक्त तह/विषय सञ्चालन गर्न वा शाखा थप गर्न मन्त्रालयको स्वीकृति लिएर मात्र सञ्चालन गर्नुपर्ने छ ।

(७) अनुमति प्राप्त शिक्षण संस्थाले प्रत्येक वर्ष लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा बुझाउनुपर्ने छ ।

(८) अनुमति प्राप्त शिक्षण संस्थाको विधान/प्रबन्धपत्र/नियमावली संशोधन भए सोको जानकारी मन्त्रालयलाई तुरुन्त दिनुपर्ने छ ।

(९) सम्झौताबमोजिम आउने विदेशी शिक्षकहरूको लागि अध्ययन/अध्यापन भिसाको सिफारिस मन्त्रालयले गर्ने छ ।

(१०) अनुमति प्राप्त शिक्षण संस्था र कार्यरत व्यक्तिहरूले प्रचलित कानुनअनुसार कर तिर्नुपर्ने छ ।

(११) विदेशी संस्थासँग सम्बन्धन लिइ उच्च माध्यमिक तथा सोभन्दा माथिको तहमा दूर शिक्षाको अवधारणाअनुरूप सञ्चालन हुने कक्षाहरूमा पनि यही निर्देशिकाबमोजिम सञ्चालन गर्नुपर्ने छ ।

(१२) शिक्षण संस्थाको शिक्षक एवम् कर्मचारीहरू नियुक्ति गर्दा कर्मचारी एवम् शिक्षकहरूको सेवा सर्तसम्बन्धी विषयमा आफैंले नियम बनाउन सक्ने छन् । तर विदेशी कर्मचारी एवम् शिक्षकको नियुक्ति गर्दा भने मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्ने छ ।

(१३) अनुमति प्राप्त शिक्षण संस्थालाई विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन वापत रकम दिनुपर्ने भएमा त्यस्तो विश्वविद्यालय वा शैक्षिक संस्थाको सिफारिसको आधारमा मन्त्रालयले विदेशी मुद्रा सटही सुविधाको लागि सिफारिस गर्न सक्ने छ ।

(१४ शैक्षिकसत्र सुरु भई पठन पाठन सुरु भइसकेको भए त्यस्तो अवस्थामा सो शैक्षिक सत्र पूरा नगरी शिक्षण संस्था बन्द गर्न पाइने छैन ।

(१५) कुनै कारणवश शिक्षण संस्था बन्द वा शैक्षिक कार्यक्रम वा शैक्षिक सत्र रद्द गर्नुपर्ने स्थिति आएमा विद्यार्थीको पठन पाठनको व्यवस्था सम्बन्धित शिक्षण संस्थाको आफ्नै खर्चमा बाँकी अध्ययन पूरा गरिदिनुपर्ने कर्तव्य सम्बन्धित शिक्षण संस्थाको हुने छ ।

(१६) कुनै पनि शिक्षण संस्था आफ्नै कारणले बन्द गर्नुपर्ने अवस्था आइपरेमा त्यस्तो शिक्षण संस्था बन्द गर्नुपर्ने कारण खुलाई बन्द गरिने मितिभन्दा तीन महिनाअगाडि मन्त्रालयलाई जानकारी गराउनु पर्ने छ । तर शिक्षण संस्था बन्द भएको कारणले कसैलाई तिर्न वा बुझाउन बाँकी रहेका कुनै रकम वा ऋण वा अन्य कुनै दायित्वबाट भने फुर्सद पाउने छैन ।

(१७) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अघिदेखि कुनै विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धन लिएर नेपालमा उच्च माध्यमिक तह वा सोभन्दा माथिल्लो तहको शिक्षण संस्था सञ्चालन गरेको भए यो निर्देशिका प्रारम्भ भएको मितिले ६ महिनाभित्र मन्त्रालयबाट अनुमति लिइसक्नुपर्ने छ । सोबमोजिम निर्धारित अवधिभित्र अनुमति नलिएका शिक्षण संस्थाहरू स्वतः बन्द भएको मानिने छ ।

(१८) समिति र मन्त्रालयले समय समयमा दिएको निर्देशन पालन गर्नु सम्बन्धित शिक्षण संस्थाको कर्तव्य हुने छ ।

**नोटः** अनुसूचीहरू मन्त्रालयको वेभसाइट www.moe.gov.np अन्तर्गत Laws and Regulation खण्डमा उपलब्ध छन् ।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७

**प्रस्तावना**

विद्यालय क्षेत्र सुधार कार्यक्रमले मार्गनिर्देश गरेबमोजिम शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office (ERO) स्थापना भई शिक्षा मन्त्रालय र अन्तर्गतका विभिन्न निकाय तथा विद्यालयस्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरियताको सुनिश्चितता गर्ने सिलसिलामा गरिने शैक्षिक कार्यक्रम, शैक्षिक संस्था तथा पदाधिकारीहरूको कार्य सम्पादन स्तर मापन, मूल्याङ्कन, अध्ययन, अनुसन्धान, परीक्षण तथा स्तरीकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्न शिक्षा नियमावली, २०५९ को परिच्छेद ३३, नियम १९२, खण्ड (ङ) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**

१ यस निर्देशिकाको नाम शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ रहेको छ ।

२ यो निर्देशिका तुरुन्त लागू हुने छ ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१ 'ऐन' भन्नाले शिक्षा ऐन २०२८ लाई जनाउने छ ।

२ 'नियमावली' भन्नाले शिक्षा नियमावली २०५९ लाई जनाउने छ ।

३ 'मन्त्रालय' भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

४ 'निकाय' भन्नाले शिक्षा मन्त्रालय र अन्तर्गतका विद्यालय वाहेकका संस्थाहरूलाई बुझाउने छ ।

५ 'समिति' भन्नाले शैक्षिक गुणस्तर परीक्षण प्राविधिक समितिलाई जनाउने छ ।

६ 'रोस्टर' भन्नाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने कार्य सम्पादन स्तर मापन, मूल्याङ्कन, अध्ययन, अनुसन्धान, परीक्षण तथा स्तरीकरण गर्ने प्रयोजनका लागि उपयोग गरिने विज्ञहरूको सूचीलाई जनाउने छ ।

७ 'शैक्षिक नीति निर्धारण समिति' भन्नाले शिक्षा मन्त्रीको अध्यक्षता गठित नीति निर्धारण समितिलाई जनाउने छ ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यहरू

### ३. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका उद्देश्य

१. शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि समग्र शैक्षिक संरचना तथा कार्यप्रणालीको परीक्षण गरी शिक्षा मन्त्रालयसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने,

२. निर्दिष्ट नीति तथा कार्यक्रमहरू प्रचलित ऐन, नियमबमोजिम कार्यान्वयन भए नभएको सम्बन्धमा लेखाजोखा गरी सुधारका लागि प्रतिवेदन प्रस्तुत गर्ने ।

### ४. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निम्नानुसारका कार्यहरू गर्ने छ :

१. निर्धारित मापदण्ड, मानक, कार्यनिर्देशिका, उद्देश्य, एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने,

२. शिक्षा ऐन तथा नियमावलीबमोजिम विद्यालयहरूको वर्गीकरणसमेतको कार्यप्रक्रियाको परीक्षण गर्ने,

३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने,

४. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइ स्तरको आवधिक रूपमा परीक्षण गर्ने,

५. सम्बन्धित शैक्षिक निकायहरूले सम्पादन गरेका कार्य प्रभावकारिताका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पूरा गरेका आधारमा गुणस्तरियता जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने,

६. मन्त्रालय र अन्तर्गतका निकायहरू वा पदाधिकारीहरूबाट सम्पादित कार्यहरूको परीक्षण गरी निष्कर्ष सार्वजनिक गर्ने,

७ मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालयतहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबीच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने,

८ शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरूको रोस्टर निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुनरवलोकन कार्यमा संलग्न गराउने,

९ समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने,

१० विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारणसम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने

उपर्युक्त कार्यहरूलाई व्यवस्थित गर्दै लैजान शिक्षाविद्हरूसमेतको संलग्नता रहने र विज्ञले अध्यक्षता गर्ने गरी एक प्राविधिक समिति गठन गर्न सकिने छ ।

## परिच्छेद ३

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संरचना

**५. संरचना**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संरचना देहायबमोजिम हुने छ :

१ शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा देहायका एकाइहरू रहने छन् :

क. निकायगत कार्यसम्पादन परीक्षण एकाइ (Institutional Performance Audit Unit)

ख. विद्यालयगत कार्यसम्पादन परीक्षण एकाइ (School Performance Audit Unit)

ग. विद्यार्थी सिकाइ स्तर मापन एकाइ (NASA Unit)

२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यहरूमा प्राविधिक सहयोगका लागि विभिन्न समितिहरू गठन गर्न सकिने छ ।

३. विभिन्न निकायहरूको सहभागिता हुने गरी समिति गठन गर्न वा विशेषज्ञहरू परिचालन गर्नुपर्दा शिक्षा मन्त्रालयमार्फत नेपाल सरकारको सहयोग लिन सकिने छ ।

**६. एकाइगत कार्यहरू**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका देहायका एकाइले निम्नानुसारका कार्य गर्ने छन् :

*१ निकायगत कार्यसम्पादन परीक्षण एकाइ (Institutional Performance Audit Unit)*

क) निकायहरूको समष्टिगत गुणस्तर परीक्षण योजना तथा रणनीति निर्माण गर्ने,

ख) निकायगत गुणस्तर मापनको लागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका विकास गर्ने,

ग) निकायगत गुणस्तर परीक्षणका लागि मानक, मापदण्ड र सूचकहरूको अद्यावधिक गर्ने,

घ) परीक्षण गरिएका निकायहरूको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने,

ङ) परीक्षणमा संलग्न परीक्षकहरूको कार्यक्षेत्र निर्धारण तथा अभिमुखीकरण गर्ने ।

च) परीक्षण केन्द्रको उद्देश्यसँग सम्बन्धित अन्य कार्य गर्ने ।

*२ विद्यालयगत कार्यसम्पादन परीक्षण एकाइ (School Performance Audit Unit)*

क) विद्यालयहरूको समष्टिगत गुणस्तर परीक्षण योजना तथा रणनीति निर्माण गर्ने,

ख) विद्यालयहरूको गुणस्तर मापनका लागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका विकास गर्ने,

ग) विद्यालयगत गुणस्तर परीक्षणका लागि मानक, मापदण्ड र सूचकहरूको अद्यावधिक गर्ने,

घ) परीक्षण गरिएका विद्यालयहरूको प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने,

ङ) परीक्षणमा संलग्न परीक्षकहरूको कार्यक्षेत्र निर्धारण तथा अभिमुखीकरण गर्ने,

च) परीक्षण केन्द्रको उद्देश्यसँग सम्बन्धित अन्य कार्य गर्ने ।

*३ विद्यार्थी सिकाइ स्तर मापन एकाइ (NASA Unit)*

क) विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारणसम्बन्धी परीक्षणका लागि मानकहरू निर्धारण गर्ने,

ख) विद्यार्थी मूल्याङ्कन र स्तर निर्धारणसम्बन्धी मानकहरूका आधारमा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्ने,

ग) विद्यार्थीको सर्वपक्षीय मूल्याङ्कनका आधारमा सुधारका निम्ति सम्बन्धित निकाय र सरोकारवालाका लागि सुझाव प्रस्तुत गर्ने,

घ) तोकिएको मापदण्डको आधारमा शिक्षण सिकाई क्रियाकलापसम्बन्धी कार्यहरू प्रभावकारी रूपमा भए नभएको परीक्षण गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने,

ङ) ऐन नियमअनुसार विद्यार्थी मूल्याङ्कनसम्बन्धी कार्य सम्पन्न भए नभएको लेखाजोखा गर्ने,

च) विद्यार्थी मूल्याङ्कनका लागि स्तरीकृत मूल्याङ्कनका साधन विकास गरी आवधिक रूपमा विद्यार्थी उपलब्धि परीक्षण गरी प्रतिवेदन पेस गर्ने,

छ) परीक्षण केन्द्रको उद्देश्यसँग सम्बन्धित अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## विज्ञसम्बन्धी व्यवस्था

**७. रोस्टर समूह तथा परिचालन**

१ गुणस्तर परीक्षणसम्बन्धी कामको लागि दक्ष र विज्ञहरूको सूची (रोस्टर) तयार गरिने छ ।

२ दक्ष र विज्ञहरूको सूची (रोस्टर) लाई प्रत्येक वर्ष अद्यावधिक गर्न सकिने छ ।

३ दक्ष र विज्ञहरूको सूची (रोस्टर) को न्युनतम योग्यता एवम् परिचालन विषयगत प्रकृति हेरी शैक्षिक गुणस्तर परीक्षण समितिले तोकेबमोजिम हुने छ ।

## परिच्छेद ५

## प्रतिवेदन

**८. प्रतिवेदनसम्बन्धी प्रक्रिया**

१ परिक्षण केन्द्रले वार्षिक र आवधिक रूपमा आफ्नो कार्यको प्रतिवेदन शैक्षिक नीति निर्धारण समिति समक्ष पेस गर्ने छ । प्रतिवेदनले शिक्षा मन्त्रालय र अन्तर्गतका विभिन्न

निकाय तथा विद्यालयस्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरियताको सुनिश्चितताका लागि संचालन गरिने शैक्षिक कार्यक्रम, शैक्षिक संस्था तथा पदाधिकारीहरूको कार्य सम्पादन स्तरमापन, मूल्याङ्कन, अध्ययन, अनुसन्धान, परीक्षण तथा स्तरीकरणलगायतका विषयबस्तुलाई प्रस्तुत गर्ने छ।

२ केन्द्रले प्रतिवेदनमा प्रस्तुत विभिन्न क्षेत्रहरूमा भए गरेका कार्य तथा उपलब्धिहरूलाई उजागर गर्दै तिनमा रहेका समस्या र समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने छ।

## परिच्छेद ६

## विविध

**९. गुनासा तथा सुझावसम्बन्धी**

१ तथ्यगत शङ्का लागेमा वा तथ्यमा चित्त नबुझेमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रसमक्ष निवेदन दिन सकिने छ।

२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्राप्त गुनासा तथा सुझावहरू सङ्कलन गरी शैक्षिक नीति निर्धारण समितिमा पेस गर्ने छ।

**१०. केन्द्रलाई सहयोग गर्नुपर्ने**

१ प्रचलित ऐन नियम र यस निर्देशिकामा लेखिएबमोजिमका कार्य गर्न केन्द्रलाई सहयोग गर्नु सम्बन्धित सबै निकायको कर्तव्य हुने छ।

# विद्यालय क्षेत्रसुधार कार्यक्रम कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८

**प्रस्तावना**

विद्यालयीय शिक्षा क्षेत्रका विभिन्न पक्षहरूमा सुधार गरी गुणस्तरीय शिक्षा सर्वसुलभ गर्ने बृहत्तर उद्देश्यसहित कार्यान्वयन प्रारम्भ भएको विद्यालय क्षेत्र सुधार योजनाले कक्षा एकदेखि कक्षा १२ सम्मको शिक्षालाई पुनर्संरचना गरी विद्यालय शिक्षाको एकीकृत स्वरूप निर्माण गर्ने सन्दर्भमा माध्यमिक शिक्षालाई प्रतिस्पर्धी तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने, राष्ट्रिय विकासको आवश्यकता पूरा गर्ने तथा उच्च शिक्षाका लागि भरपर्दो आधारशिला तयार गर्ने तहको रूपमा विकास गर्न कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६५/०३/०३ मा दिएको स्वीकृतिको आधारमा शिक्षा मन्त्रालयद्वारा शिक्षा नियमावली, २०५९ को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद १

## सङ्क्षिप्त नाम र प्रारम्भ

१ यो निर्देशिकाको नाम "कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८" रहेको छ ।

२ यो निर्देशिका देहायका क्षेत्रमा तुरुन्त लागू हुने छ ।

(क) नमुना विकासका लागि छानिएका धनकुटा, रसुवा, कपिलवस्तु, बाँके र डडेलधुरा जिल्लाहरू

(ख) यस नमुना विकास कार्यक्रमका लागि आवश्यक टुल्स र कार्यविधिहरू परीक्षण (टेस्टिङ) का लागि छानिएका काठमाडौँ र काभ्रेपलाञ्चोक जिल्लाका नमुना शैक्षिक ग्रामअन्तर्गत पर्ने गाविसहरू

३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१ 'ऐन' भन्नाले 'शिक्षा' ऐन (संशोधन सहित) २०२८ सम्झनुपर्छ ।

२ 'नियमावली' भन्नाले शिक्षा नियमावली (संशोधनसहित) २०५९ सम्झनुपर्छ ।

३ 'मन्त्रालय' भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

४ 'विभाग' भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

५ एकीकृत 'माध्यमिक शिक्षा' भन्नाले शिक्षा ऐनका दफा २ को (घ) अनुसार कक्षा नौदेखि कक्षा १० र (घ४) मा उल्लेख भएबमोजिमको कक्षा ११ देखि कक्षा १२ सम्मको एकीकृत स्वरूपलाई सम्झनुपर्छ ।

६ 'विद्यालय क्षेत्र सुधार योजना' भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा २००९ देखि २०१५ सम्म राष्ट्रिय रूपमा कार्यान्वयन गर्ने गरी सुरु गरिएको शैक्षिक योजना तथा कार्यक्रमलाई सम्झनुपर्छ ।

७ 'वैकल्पिक विद्यालय' भन्नाले शिक्षा नियमावलीको परिच्छेद ९ मा उल्लेख भएबमोजिम वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने विद्यालय वा संस्थाद्वारा विद्यालय शिक्षाका कार्यक्रमहरू सञ्चालित मदरसा, गुम्बा, विहार, गुरुकुल, आश्रम जस्ता धार्मिक विद्यालयहरूलाई समेत सम्झनुपर्छ ।

## परिच्छेद २

## विद्यालय स्थापना, अनुमति, स्वीकृति, समायोजन र सञ्चालन

१. शिक्षा नियमावली, २०५९ नियम ५ को उपनियम (५) को व्यवस्थाबमोजिम मन्त्रालयबाट स्वीकृत विद्यालय नक्साङ्कनले निर्दिष्ट गरेको मापदण्ड र सङ्ख्याका आधारमा मात्र माध्यमिक शिक्षा दिने गरी नयाँ विद्यालय खोल्न वा विद्यमान विद्यालयमा माध्यमिक शिक्षा दिने कक्षाहरू थप गर्न क्षेत्रीय शिक्षा निर्देशकले अनुमति वा स्वीकृति दिन सक्ने छ ।

२. निर्देशन २.१ बमोजिम नयाँ विद्यालय सञ्चालन गर्ने अनुमति दिदा कक्षा १-१० वा कक्षा १-१२ हुने गरी मात्र माध्यमिक विद्यालयलाई अनुमति दिन सकिने छ । तर सामान्य व्यावसायिक (सफ्ट स्किल) विषय मात्र अध्यापन गर्ने गरी माध्यामिक तहको अनुमति दिन वा यो निर्देशिका प्रारम्भ हुनुअघिदेखि कक्षा ११-१२ मात्र सञ्चालन हुने गरी उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्बन्धन पाई सामुदायिक उमाविको रूपमा सञ्चालन भइरहेका विद्यालयहरूलाई ऐनमा व्यवस्था भएबमोजिम सार्वजनिक शैक्षिक गुठीमा दर्ता भई ९-१२ को एकीकृत माध्यमिक शिक्षा सञ्चालन गर्न अनुमति दिन यस व्यवस्थाले बाधा गरेको मानिने छैन ।

३ एकीकृत माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरू एक शैक्षिक सत्रमा न्यूनतम् २२० दिन विद्यालय सञ्चालन गर्नुपर्ने छ । तर प्राकृतिक अवस्था, दैवी प्रकोप वा यस्तै अन्य कुनै काबुबाहिरको कारणबाट खास ऋतुमा ज्यादै चिसो वा अति गर्मी हुने बस्तीहरूमा २२० दिन विद्यालय सञ्चालन हुन नसक्ने अवस्था भएमा विद्यालय व्यवस्थापन समितिले वार्षिक न्यूनतम १००० घण्टामा नघट्ने गरी जिशिकाको स्वीकृति लिएर दैनिक कार्यतालिका र वार्षिक क्यालेन्डरमा समायोजन गर्न यो व्यवस्थाले बाधा पार्ने छैन ।

४. विकट भौगोलिक क्षेत्रका वा निर्धारित विद्यार्थी सङ्ख्या नपुग्ने वस्तीका वा स्वअध्ययनमा संलग्न हुन चाहने विद्यार्थीका लागि वैकल्पिक विद्यालयको माध्यमबाट माध्यमिक शिक्षाको अवसर उपलव्ध गराउन सकिने छ । यसको लागि जिशिकाले विभागसँग कोटा प्राप्त गरी कार्य अघि बढाउनुपर्ने छ ।

५ सम्बन्धित विद्यालय व्यवस्थापन समितिहरूको निर्णय र गाविस वा नगरपालिकाको सिफारिसको आधारमा दुई वा दुई भन्दा बढी माध्यमिक विद्यालय एकआपसमा गाभिन तयार भई आएमा जिल्ला शिक्षा समितिको सिफारिसमा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशकले यस्ता विद्यालयहरूलाई गाभ्ने निर्णय गर्न सक्ने छ र यसरी गाभिने विद्यालयलाई मन्त्रालयले तोकेबमोजिम प्रोत्साहन, अनुदान उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद ३

## विद्यालय व्यवस्थापन तथा विद्यालय व्यवस्थापन समिति

१ ऐनको दफा १२ बमोजिम विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि कक्षा १-१०, कक्षा १-१२ वा कक्षा ९-१२ सम्म सञ्चालित प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति हुने छ ।

२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा ऐनको दफा १२ को ५ (क) बमोजिमबाहेक छुट्टै विद्यालय व्यवस्थापन समिति हुने छैन । कक्षा ११ र १२ का लागि कुनै पनि विद्यालयमा छुट्टै विद्यालय व्यवस्थापन समिति रहने छैन साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमअन्तर्गत एनेक्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा पनि सोही विद्यालय व्यवस्थापन समितिले काम गर्ने छ ।

३. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ऐनको दफा १२ को उपदफा (६) र (७) बमोजिम तथा विद्यालय व्यवस्थापन समितिको छनोट, काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि नियमावलीको परिच्छेद ६ मा उल्लेख भएबमोजिम हुने छ ।

४ ऐनको व्यवस्था तथा नियमावलीको नियम ३० बमोजिम एकीकृत माध्यमिक तहमा एउटै अभिभावक शिक्षक सङ्घ र विषयगत समिति रहने छन् ।

## परिच्छेद ४

## प्रधानाध्यापकको व्यवस्था

१ ऐन तथा नियमावली अनुरूप प्रत्येक विद्यालयमा एक प्रधानाध्यापकको व्यवस्था हुने छ । एकीकृत माध्यमिक शिक्षा सञ्चालन हुने विद्यालयमा समेत निजले प्रधानाध्यापकको कार्य गर्ने छ । माध्यमिक विद्यालय कक्षा ९-१२ का लागि मात्र छुट्टै प्रधानाध्यापकको व्यवस्था हुने छैन ।

२ एकीकृत माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयहरूमा प्रधानाध्यापक पद रिक्त भएमा नियमावलीको नियम ९३ बमोजिम प्रधानाध्यापक छनोट गर्नुपर्ने छ ।

३ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमअन्तर्गत एनेक्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा पनि एउटै प्रधानाध्यापकको व्यवस्था रहने छ । साथै नियमावलीको नियम ९४ अनुसारका प्रावधानहरू नै लागू हुने छन् ।

४ प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारका सम्बन्धमा नियमावलीको नियम ९४ अनुसारका प्रावधानहरू कार्यान्वयन गर्नुपर्ने छ ।

## परिच्छेद - ५

## विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन

१ प्रत्येक माध्यमिक विद्यालयले पूर्वप्राथमिक तह वा प्रारम्भिक बालविकास केन्द्रदेखि उच्च माध्यमिक तहसम्मको र सोही विद्यालयमा सञ्चालन भएको एनेक्स कार्यक्रमहरू भएमा सोसमेतको एकीकृत विद्यालय सुधार योजना, वार्षिक कार्ययोजना, वार्षिक योजना तथा बजेट, वार्षिक रणनीतिक कार्ययोजनाजस्ता योजनाहरू निर्माण गर्नुपर्ने छ ।

२ विद्यालय सुधार योजना तयारी र स्रोत व्यवस्थापनसम्बन्धी क्रियाकलापहरूको नेतृत्वदायी भूमिका विद्यालय व्यवस्थापन समितिले लिनुपर्ने छ । विद्यालय सुधार योजनामा उल्लेख भएका क्रियाकलापहरूको कार्यान्वयन गर्ने जिम्मेवारी विद्यालयको हुने छ ।

३ विद्यालय सुधार योजनाका लागि विभागले ढाँचा उपलब्ध गराउने छ र यसका आधारमा विद्यालयले विद्यालय सुधार योजना निर्माण गर्नुपर्ने छ ।

४ निर्माण गरिएको योजनाको लेखाजोखा (Appraisal) तथा अनुमोदनका लागि माध्यमिक विद्यालयले स्रोतकेन्द्रस्तरमा सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक र स्रोतव्यक्तिसहितको प्राविधिक समितिले सिफारिस गरी जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्ने छ ।

५ माध्यमिक विद्यालयको विद्यालय सुधार योजनाको तयारी र कार्यान्वयनको समग्र मार्गदर्शन तथा अनुगमनको भूमिका सम्बन्धित जिल्ला शिक्षा समितिको हुने छ र कार्यान्वयन गराउने जिम्मेवारी जिल्ला शिक्षा अधिकारीको हुने छ ।

६ विद्यालय सुधार योजना कार्यान्वयन प्रक्रियामा प्रगति र विद्यमान अवस्थाबारे छलफल गर्नका लागि प्रत्येक चार महिनामा विद्यालय व्यवस्थापन समितिले सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुपर्ने छ ।

७ विद्यालय सुधार योजना तर्जुमा गर्दा पहुँच, गुणस्तर, आन्तरिक दक्षता (शिक्षक, विद्यालय, विद्यार्थी) र सहभागिता तथा समावेशिताको सुनिश्चिततामा विशेष जोड दिनुपर्ने छ । सो सम्बन्धमा मन्त्रालय वा विभागीय निकायले तयार गरिएको मापदण्डलाई अनुसरण गर्नुपर्ने छ ।

## परिच्छेद ६

## विद्यालयको शैक्षिक क्यालेन्डर

१ विद्यालयको शैक्षिक सत्र नियमावलीको परिच्छेद १५ नियम ८४ मा उल्लेख भएअनुसार हुने छ । पूर्व प्राथमिक तह वा प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १० सम्मको शैक्षिक सत्र वैशाख १ बाट प्रारम्भ भई चैत्रमसान्त कायम रहने छ ।

२ माध्यमिक तह ९–१२ सम्मको कक्षा सामान्यतया एकै समयमा सञ्चालन गर्नुपर्ने छ । तर विद्यालयमा भौतिक तथा मानवीय स्रोतको अभाव भएमा आवश्यकताअनुसार एकभन्दा बढी सिफ्टमा पनि कक्षा सञ्चालन गर्न सकिने छ ।

३ विद्यालयले निर्माण गर्ने शैक्षिक क्यालेन्डरमा पूर्व प्राथमिक वा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्मको कार्यक्रम एउटै क्यालेन्डरमा उल्लेख गर्नुपर्ने छ ।

४ पूर्व प्राथमिक वा प्रारम्भिक बालविकास कक्षादेखि कक्षा १२ सम्मका शैक्षिक क्यालेन्डर र वार्षिक कार्यतालिका निर्माण गर्ने प्रमुख जिम्मेवारी विद्यालय प्रधानाध्यापकको हुने छ र विव्यसबाट स्वीकृत कार्यक्रम कार्यन्वयन भए नभएको अनुगमन अभिभावक शिक्षक सङ्घले गर्ने छ ।

## परिच्छेद ७

## शिक्षक व्यवस्थापन

१ एकीकृत माध्यमिक शिक्षा सञ्चालन भएको विद्यालयको कक्षा १-१० वा कक्षा ९-१० सम्मको कक्षा सञ्चालन भएका माध्यमिक विद्यालयहरूको हकमा नियमावलीमा व्यवस्था भएअनुसारको माध्यमिक तहमा ५ जना शिक्षक हुने छन् ।

२. कक्षा ९-१२ सञ्चालन भएका माध्यमिक तहमा ८ जना शिक्षकको व्यवस्था हुने छ ।

३ माध्यमिक विद्यालयमा पूर्णकालीन शिक्षक र आवश्यकताअनुसार आंशिक शिक्षकको व्यवस्था गर्न सकिने छ ।

४ माध्यमिक शिक्षकका लागि स्नातकोत्तर उत्तीर्ण गरी शिक्षण विषयको तालिम प्राप्त भएको हुनुपर्दछ । शिक्षक सेवा आयोग नियमावली २०५७ को परिच्छेद ३ नियम ६ (ग), ६ (घ), ६ (ङ) र ६ (च) मा व्यवस्था भएअनुसार अध्यापन अनुमतिपत्र भने लिनुपर्ने छ ।

५ माध्यमिक तहका शिक्षकहरूको क्षमता विकास र शिक्षणसिकाइका अभ्यासहरूमा आएका नयाँपनहरूसँग परिचित हुन शिक्षकहरूलाई प्रत्येक पाँचवर्षमा कम्तीमा ३० कार्य दिनको सेवाकालीन तालिम उपलब्ध गराइने छ । यसका साथै योग्यता वृद्धिका लागि शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

६ प्राविधिक शिक्षा, संस्कृत शिक्षा तथा एनेक्स कार्यक्रमका शिक्षकका लागि सम्बन्धित क्षेत्रको सहयोगमा शैक्षिक जनशक्ति विकास केन्द्रले पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद ८

## पाठ्यक्रम र मूल्याङ्कन

१ एकीकृत माध्यमिक शिक्षा कार्यान्वयनका लागि पाठ्यक्रमको एकीकृत प्रारूप विकास गरी पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत गराई कार्यन्वयनमा लगिने छ ।

२ एकीकृत माध्यमिक शिक्षाको पाठ्यक्रम एकलपथ उन्मुख हुने छ । साधारण र व्यावसायिक तथा प्राविधिक विषयका पाठ्यक्रमको प्रारूप, विषयगत पाठ्यक्रमको विस्तार राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख भएअनुसार हुने छ ।

३ माध्यमिक तहका कक्षाहरूमा औपचारिक तथा अनौपचारिक मूल्याङ्कन पद्धति राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख भएअनुसार हुने छ ।

४ एकीकृत माध्यमिक शिक्षामा पढाइने विषयहरू र तिनको पूर्णाङ्क तथा पाठ्यभार पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट निर्धारण भएबमोजिम हुने छ ।

५ निर्देशन ८.४ बमोजिम तयार भएको खाकाको परिधिभित्र रही पाठ्यक्रम विकास केन्द्रको सम्बन्धित विषय हेर्ने अधिकारीसहित विशेषज्ञहरूको समूहबाट स्थलगत रूपमा विद्यालयहरू र समुदायका सदस्यहरूसँगको सहकार्यमा प्रत्येक विषयमा अध्यापन गरिने विषयवस्तुहरूको विस्तार गर्ने व्यवस्था मिलाइने छ ।

६ प्रायोगिक पाठ्यभारको मूल्याङ्कन सम्बन्धित विद्यार्थीले गरेको क्लिनिकल वा अन्य उपयुक्त अभ्यासको आधारमा तयार गरेको कार्य (एसाइन्मेन्ट) का आधारमा गरिने छ

७ निर्देशन नं. ८.६ बमोजिम विद्यार्थीबाट पेस हुने प्रतिवेदनको मूल्याङ्कन सम्बन्धित शिक्षकबाट गरी समानस्तरको अर्को शिक्षकबाट पुनरावलोकन भई सहमति जनाएपछि मात्र वार्षिक वा बाह्य परीक्षाफलमा जोड्ने व्यवस्था मिलाइने छ ।

८ एकीकृत माध्यमिक शिक्षाअन्तर्गत अध्ययन गर्ने विद्यार्थीहरूका लागि पाठ्यपुस्तक तयार गर्दा सामान्य सीपसम्बन्धी विषयहरूमा सैद्धान्तिक खण्ड र प्रायोगिक खण्ड गरी दुई भागमा छुट्याइने छ । प्रायोगिक खण्डतर्फ समावेश गरिने पाठहरूमा विद्यार्थीको अभ्यासका लागि सहयोगी हुने किसिमका सूत्र र मार्गदर्शनहरू (गाइडलाइन्स) समावेश गरिने छ ।

९ सामान्य सीपबाहेक अन्य विषयहरूमा समेत प्रायोगिक पक्षको अध्ययन अध्यापन गर्नको निमित्त समेत पाठ्यपुस्तक तयार गर्दा निर्देशन ८.५ बमोजिमकै कार्यढाँचा अनुसरण गर्न सकिने छ ।

१० यो परिच्छेद र यस निर्देशिका उल्लेख भएका पाठ्यक्रम पाठ्यपुस्तक र विद्यार्थी मूल्याङ्कनसम्बन्धी विषयहरूमा आवश्यक संयोजन र निरन्तर अनुगमन गरी मन्त्रालय एवम् सम्बन्धित निकायहरूलाई जानकारी गराउन पाठ्यक्रम विकास केन्द्रले एउटै छुट्टै डेस्क स्थापना गर्नुपर्ने छ ।

११ सामान्य सीप एवम् सामुदायिक विद्यालयहरूमा सञ्चालन हुने एनेक्स कार्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र शिक्षा विभागको सहकार्यमा सञ्चालन हुने छ ।

१२ निर्देशन ८.११ बमोजिमका कार्यक्रम सञ्चालनको निमित्त व्यवस्थापन र पाठ्यक्रम एवम् मूल्याङ्कनको संयोजन शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र परीक्षा नियन्त्रण कार्यालयबाट हुने छ भने सोसम्बन्धी प्राविधिक सहयोग प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट हुने छ ।

१३ निर्देशन ८.१२ बमोजिमको प्राविधिक सहयोग गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को निमित्त छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था मिलाइने छ ।

## परिच्छेद ९

## सामान्य सीप (सफ्ट स्किल) कार्यक्रम

१ माध्यमिक शिक्षाका लागि सामान्य सीपमा केन्द्रित व्याबसायिक पाठ्यकमको विकास पाठ्यक्रम विकास केन्द्रमार्फत गरिने छ ।

२ कला, वाणिज्य र शिक्षाजस्ता विधाहरूमा सामान्य सीपमा केन्द्रित रही प्रयोगात्मक पक्षलाई जोड दिने गरी पाठ्यक्रमहरू तयार गरिने छन् ।

३ निर्देशन ९.२ बमोजिम तयार भएको पाठ्यक्रम समेतको टेस्टिङ, पाइलटिङलगायतका परीक्षण कार्य सम्पन्न गरी आवश्यकताअनुसार परिमार्जनसहित कार्यान्वयनमा लगिने छ ।

४ यो निर्देशिका प्रारम्भ हुनुपूर्व सामुदायिक विद्यालयमा सञ्चालनमा रहेका र भविष्यमा सञ्चालन हुने एनेक्स कार्यक्रमहरू सञ्चालनका निमित्त शिक्षा विभाग र परिषद्बीच सहकार्य गर्नुपर्ने छ ।

५ निर्देशन ९.४ मा उल्लेख भएको एनेक्स कार्यक्रमको हकमा व्यवस्थापन पक्षको जिम्मेवारी शिक्षा विभाग र प्राविधिक पक्षको जिम्मेवारी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को हुने छ ।

६ कक्षा ६ बाट सुरु गरिएको पेसा, व्यावसाय र प्रविधि विषयको जगमा आधारित भई कक्षा ९ र १० मा अध्यापन गरिने सामान्य सीपका पाठ्यक्रमहरू तयार गरिने छन् ।

७ प्राविधिक शिक्षा तथा व्यावसायिक तामिल नीतिले अगाडि बढाएको प्रत्येक इच्छुक नागरिकलाई कम्तीमा तीन महिनाको सीपसम्बन्धी तालिम दिन सकिने छ भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन एकीकृत माध्यमिक शिक्षाअन्तर्गत सामान्य सीप तथा एनेक्स कार्यक्रम सञ्चालन गरेका विद्यालयहरूले देहायबमोजिम कार्यक्रमसमेत सञ्चालन गर्न सक्ने छन् ।

(क) कक्षा आठको पाठ्यक्रममा निर्धारित ८०० पूर्णाङ्कको सबै विषय उत्तीर्ण हुन नसकी कक्षा नौमा भर्ना हुन अवसर नपाएका विद्यार्थीहरू र अन्य इच्छुक १३-१६ वर्ष उमेर समूहका बालबालिकालाई लक्षित गरी सीप तालिम सञ्चालन गर्ने ।

(ख) खण्ड (क) वमोजिम तालिम सञ्चालन गर्दा उनीहरूको रुचिअनुसारको व्यावसायिक विषयमा सुरुमा चार हप्ताको सैद्धान्तिक अभिमुखीकरण र बाँकी समयमा प्रत्येक १५ दिनमा एकपटक सम्बन्धित शिक्षकसँग सम्पर्क गरी गरिरहेको अभ्यासलाई अद्यावधिक गर्ने र आवश्यक निर्देशन लिने ।

(ग) खण्ड (ख) बमोजिम कार्यक्रम सञ्चालन गर्दा पुनर्ताजगी तालिमसहित कुल तीन महिनाको सम्पर्क कक्षा हुने व्यवस्था मिलाउनुपर्ने छ । यस निर्देशनबमोजिमका तालिमको परीक्षण

तथा प्रमाणीकरण कार्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतको सीप परीक्षण बोर्डसँगको सहकार्यमा गर्ने व्यवस्था मिलाइने ।

## परिच्छेद १०

## विद्यालय अनुगमन तथा निरीक्षण

१ माध्यमिक विद्यालय (९-१२) को अनुगमन तथा निरीक्षण प्रक्रिया शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएअनुसार हुने छ । साथै क्षेत्रीय शिक्षा निर्देशक तथा जिल्ला शिक्षा अधिकारीले नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्नुपर्ने छ ।

२ माध्यमिक विद्यालय (९-१२) को अनुगमन तथा निरीक्षण कार्यको पूर्ण जिम्मेवारी विद्यालय निरीक्षक र स्रोतव्यक्तिको हुने छ जसको काम, कर्तव्य र अधिकार शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा व्यवस्था भएअनुसार हुने छ ।

३ विद्यालय व्यवस्थापन समितिको बैठक लगायत विद्यालयको प्रशासनिक तथा प्राज्ञिक कियाकलापसम्बन्धी कार्यक्रमहरूमा विद्यालयले स्रोतव्यक्ति वा विद्यालय निरीक्षकलाई अनिवार्य रूपमा सहभागी गराउनुपर्दछ ।

४ माध्यमिक विद्यालय (९-१२) कार्यक्रम कार्यान्वयन स्थिति, प्रगति विवरण, तथ्याङ्क प्रतिवेदन र अन्य विवरणहरू स्रोतकेन्द्रमार्फत जिल्ला शिक्षा कार्यालयमा बुझाउनुपर्ने छ । अनुगमन तथा निरीक्षण प्रतिवेदन जिल्ला शिक्षा कार्यालयले क्षेत्रीय शिक्षा निर्देशनालयमा र क्षेत्रीय शिक्षा निर्देशनालयले शिक्षा विभागमा नियमित रूपमा पठाउनुपर्ने छ ।

## परिच्छेद ११

## आर्थिक व्यवस्थापन

१ प्रत्येक विद्यालयमा शिक्षा ऐन २०२८ को दफा १३ क (१) बमोजिमको एउटा विद्यालय कोष हुने छ । पूर्व प्राथमिक तह वा प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १२ सम्मका सबै किसिमका कार्यक्रमहरूको निमित्त प्राप्त हुने सबै प्रकारका रकमहरू विद्यालय कोषमा जम्मा हुने छन् । कोषमा जम्मा भएको रकम विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा खर्च गर्नुपर्ने छ ।

२ विद्यालय प्रधानाध्यापकले हरेक वर्षको बजेट तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराउनुपर्ने छ । यसरी तयार गर्ने बजेट पूर्व प्राथमिक तह वा प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा १२ सम्मको हुनुपर्ने छ ।

३ विद्यालय कोषको सञ्चालन विद्यालयका प्रधानाध्यापक र विद्यालयका लेखापाल वा लेखासम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट हुने छ ।

४ विद्यालयको कोषको सञ्चालन, विद्यालयको आयव्ययको लेखा, लेखापरीक्षण, विद्यालयको काम कारबाहीको सामाजिक परीक्षण गर्ने, प्रतिवेदन पेस गर्नेलगायतका काम शिक्षा नियमावली २०५९ को नियमवली १६९, १७०, १७१, १७२ बमोजिम गर्नुपर्ने छ । विद्यालयको कोषको लेखा राख्ने जिम्मेवारी प्रधानाध्यापक र लेखासम्बन्धी काम गर्ने व्यक्तिको हुने छ । विद्यालयको आयव्ययको लेखा एकीकृत रूपमा एकद्वार प्रणालीबाट राख्नुपर्ने छ ।

५ आर्थिक तथा जिन्सी कारोवार तोकिएको लेखा परीक्षकबाट एकैपटकमा लेखापरीक्षण गराउनु पर्ने छ ।

## परिच्छेद १२

## विभिन्न निकायको भूमिका

### १ शिक्षा मन्त्रालय भूमिका

क) माध्यमिक शिक्षा नमुना विकासका लागि आवश्यक ऐन, नियम, नीति, निर्देशिका तर्जुमा, संशोधन, परिमार्जन गर्ने

ख) माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने

घ) अन्तरमन्त्रालय तथा शिक्षा मन्त्रालयअन्तर्गतका सम्बन्धित कार्यालयहरूबीच समन्वय गर्ने

ङ) कार्यक्रम सञ्चालनको निमित्त राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगको परिचालन तथा सम्बन्धित निकायबीच समन्वय गर्ने

च) राष्ट्रिय रूपमा प्राप्त उपलब्धिको समीक्षा गर्ने

छ) माध्यमिक शिक्षा नमुना विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने

ज) कार्यक्रममा नीतिगत सुधार र कार्यक्रमगत परिमार्जन गर्ने तथा मातहतका निकायलाई आवश्यक निर्देशन दिने

### २ शिक्षा विभागको भूमिका

क) माध्यमिक शिक्षा नमुना विकासका लागि कार्यक्रम तर्जुमा र केन्द्रीय निकायहरूबीच समन्वय गर्ने,

ख) माध्यमिक शिक्षा नमुना विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रबन्ध मिलाउने,

ग) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूमा परीक्षण कार्यक्रम सञ्चालन गर्ने,

घ) कार्यान्वयन अवस्थाको अनुगमन गर्ने/गराउने,

ङ) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूलाई कार्यान्वयन सम्बन्धमा आवश्यक निर्देशन दिने तथा कार्यक्रम कार्यान्वयनका लागि अभिमुखीकरण, तालिम, कार्यशाला सञ्चालन गर्ने,

च) माध्यमिक शिक्षा नमुना विकासको मूल्याङ्कन गर्ने र जिल्लागत अभिलेख प्राप्त गरी प्रतिवेदन तयार पार्ने,

छ) माध्यमिक शिक्षा नमुना विकास कार्यक्रमको फोकल शाखाको भूमिका शिक्षा विभागको विद्यालय व्यवस्थापन शाखा (माध्यमिक) ले गर्ने ।

**३ पाठ्यक्रम विकास केन्द्रको भूमिका**

क) माध्यमिक शिक्षा नमुना विकासका लागि कक्षा ९ देखि १२ का लागि एकीकृत माध्यमिक शिक्षा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी पाठ्क्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृति लिई कार्यान्वयनमा ल्याउने,

ख) माध्यमिक शिक्षाका एकीकृत पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा एवम् परीक्षण गर्ने,

ग) माध्यमिक शिक्षाका लागि सामान्य सीपका पाठ्यक्रम निर्माण गरी परीक्षण कार्यक्रम सञ्चालन गर्ने,

घ) पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन अवस्थाको अनुगमन गर्ने/गराउने,

ङ) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूलाई निर्देशन दिने,

च) माध्यमिक शिक्षा नमुना विकासको मूल्याङ्कन गर्ने र जिल्लागत प्रतिवेदन प्राप्त गरी विवरण तयार पार्ने ।

**४ परीक्षा नियन्त्रण कार्यालयको भूमिका**

क) माध्यमिक शिक्षा नमुना विकासका लागि कक्षा नौदेखि १२ सम्मको एकीकृत माध्यमिक शिक्षा कार्यक्रममा संलग्न विद्यार्थीको परीक्षासम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

ख) माध्यमिक शिक्षाको परीक्षा प्रणालीको विकास गरी नमुना परीक्षण गर्ने,

ग) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूमा विद्यार्थी मूल्याङ्कनसम्बन्धी परीक्षण कार्यक्रम सञ्चालन गर्ने,

घ) परीक्षाको कार्यान्वयन अवस्था अनुगमन गर्ने/गराउने,

ङ) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूलाई विद्यार्थीको परीक्षा सम्बन्धमा आवश्यक निर्देशन दिने,

च) माध्यमिक शिक्षा नमुना विकासको विद्यार्थी उपलब्धिको मूल्याङ्कन गर्ने र जिल्लागत प्रतिवेदन प्राप्त गरी विवरण तयार पार्ने ।

**५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को भूमिका**

(क) एकीकृत माध्यमिक शिक्षाअन्तर्गत सामुदायिक माध्यामिक विद्यालयमार्फत सञ्चालन हुने सामान्य सीप र आधारभूत सीप तालिमका पाठ्यक्रम तयार गर्न पाठ्यक्रम विकास केन्द्र,

सोको व्यवस्थापन गर्न शिक्षा विभाग, जिशिका र विद्यालयहरू र सोको विद्यार्थी मूल्याङ्कन गर्न परीक्षा नियन्त्रण कार्यालयलाई सहयोग गर्ने,

(ख) सामान्य सीप र एनेक्स कार्यक्रम सञ्चालन गर्ने सामुदायिक विद्यालयमार्फत् दिइएको आधारभूत सीप तामिलको सीप परीक्षण वार्डमार्फत प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने ।

६ **क्षेत्रीय शिक्षा निर्देशनालय**

क) माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने,

ख) कार्यान्वयन अवस्थाको अनुगमन गर्ने/गराउने,

ग) माध्यमिक शिक्षा नमुना विकासका लागि छनोट भएका जिल्लाहरूलाई आवश्यक निर्देशन दिने,

घ) माध्यमिक शिक्षा नमुना विकासको मूल्याङ्कन गर्ने र जिल्लागत विवरण तयार गरी प्रतिवेदन शिक्षा विभागमा पठाउने ।

७ **जिल्ला शिक्षा कार्यालय**

क) माध्यमिक शिक्षा नमुना विकासका लागि आवश्यक कार्यक्रम कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

ख) कार्यक्रम कार्यान्वयनको स्थितिबारे अवलोकन, अनुगमन र अध्ययन गरी पृष्ठपोषण प्रदान गर्ने,

ग) माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्ने र प्रतिवेदन तयार गरी क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागमा पठाउने,

घ) माध्यमिक शिक्षा नमुना विकासका कार्यक्रमलाई जिल्ला स्तर र स्रोतकेन्द्रस्तरमा अन्तरक्रिया तथा समीक्षा गर्ने,

ङ) कक्षा ९-१२ को एकीकृत माध्यमिक शिक्षा नमुना विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६८ बमोजिम कार्यान्वयन गर्ने गराउने,

च) शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा केन्द्रीय निकायहरूबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने ।

## परिच्छेद १३

## विविध

१ मन्त्रालयले सम्बन्धित निकायहरूको परामर्शमा यस निर्देशिकामा संशोधन गर्न सक्ने छ ।

२ शिक्षा ऐन तथा नियमावलीसँग बाझिएको हकमा शिक्षा ऐन तथा नियमावलीबमोजिम हुने छ ।

३ यस निर्देशिकामा भएका विषयमा थप स्पष्ट गर्नुपरेमा शिक्षा मन्त्रालयबाट भएको व्याख्या नै अन्तिम हुने छ ।

# निजामती कर्मचारी सरुवासम्बन्धी निर्देशिका, २०६७

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६७।७।८ को निर्णयानुसार स्वीकृत भएको कार्य योजना, २०६७ को व्यवस्थाअनुसार निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को व्यवस्थाको अधीनमा रही शिक्षा मन्त्रालयले सरुवासम्बन्धी निर्देशिका, २०६७ बनाइ लागू गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ (१) यो निर्देशिकाको नाम "निजामती कर्मचारी सरुवासम्बन्धी निर्देशिका, २०६७" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) 'ऐन' भन्नाले निजामती सेवा ऐन, २०४९ लाई जनाउने छ ।

(ख) 'नियमावली' भन्नाले निजामती सेवा नियमावली, २०५० लाई जनाउने छ ।

(ग) 'मन्त्रालय' भन्नाले शिक्षा मन्त्रालयलाई जनाउने छ ।

(घ) 'भौगोलिक क्षेत्र' भन्नाले निजामती सेवा नियमावली, २०५० ले व्यवस्था गरेको भौगोलिक क्षेत्रलाई जनाउने छ ।

(ङ) 'विशेष कारण' भन्नाले ऐनको दफा १८ को उपदफा (४) को व्यवस्थालाई जनाउने छ ।

(च) 'नेकिवदी' भन्नाले कर्मचारीको आचरणसँग सम्बन्धित विषयवस्तुका अलावा निजको कार्यसम्पादन स्तर तथा निजसँग सम्बन्धित कारबाही र सजायसमेतलाई जनाउँछ ।

## परिच्छेद - दुई

## सरुवासम्बन्धी व्यवस्था

३. प्रचलित कानुनको पालना : कर्मचारीहरूको सरुवा गर्दा निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली २०५० मा सरुवा गर्दा पालना गर्नुपर्ने कानुनी प्राबधानहरूलाई अक्षरशः पालना गरिने छ ।

४. भौगोलिक क्षेत्र र सेवा अवधि : सामान्यत 'क' र 'ख' वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा डेढवर्ष र 'ग' र 'घ' वर्गको भौगोलिक क्षेत्रमा २ वर्षको सेवा अवधि नपुगी सरुवा गरिने छैन ।

५. विशेष कारणले सरुवा गर्नु परेमा : विशेष कारणले अवधि नपुग्दै सरुवा गर्नुपरेमा त्यस्ता कर्मचारीले 'क' र 'ख' वर्गको भौगोलिक क्षेत्रमा ९ महिना र 'ग' र 'घ' वर्गको भौगोलिक क्षेत्रमा १ वर्ष सेवा अवधि नपुगी त्यस्तो कर्मचारीको सामान्य प्रशासन मन्त्रालयमा सरुवाका लागि सहमति माग गरिने छैन ।

६. बढी अवधि एउटै कार्यालयमा बसेको कर्मचारीको सरुवा : सरुवा गर्दा एउटै कार्यालयमा सबभन्दा बढी सेवा अवधि भएको कर्मचारीको सरुवा नगरी सोभन्दा कम सेवा अवधिको कर्मचारीको सरुवा गरिने छैन ।

तर कर्मचारी नेकिवदी तथा वस्तुनिष्ठ आधारमा कुनै कर्मचारीको कार्यसम्पादन स्तर न्यून भएको वा निजको कारणले कार्यालयको समग्र कार्य सम्पादनमा नकारात्मक असर परी निजलाई उक्त कार्यालयमा राखी राख्न उपयुक्त नदेखिएमा त्यस्ता कर्मचारीलाई सरुवा गर्न बाधा पर्ने छैन । कर्मचारीको नेकिवदी तथा वस्तुनिष्ठ आधार प्रमाणको सम्वन्धमा निर्णयमा उल्लेख गर्नुपर्ने छ ।

७. दोहोऱ्याएर सरुवा नगरिने : एउटै निकाय र काठमाडौं उपत्यकामा एउटै व्यक्तिलाई पटक पटक दोहोऱ्याएर सरुवा गरिने छैन ।

तर कुनै व्यक्तिलाई त्यस्तो निकाय वा काठमाडौं उपत्यकामै राख्नुपर्ने औचित्यसहितको वस्तुनिष्ठ आधारहरू विद्यमान रहेको अवस्थामा त्यस्ता व्यक्तिलाई दोहोऱ्याई सरुवा गर्न सकिने छ ।

८. सरुवामा प्राथमिकता : सरुवा गर्दा समावेशी सिद्धान्तको आधारमा महिला, आदिवासी, जनजाति, मधिसे, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्रका व्यक्तिहरूलाई सम्भव भएसम्म निजहरूको माग सम्बोधन हुने गरी सरुवा गर्न प्राथमिकता दिइने छ ।

९. विगतमा काम गरेको कार्यालयको आधारमा सरुवा : कर्मचारीहरूको सरुवा गर्दा विगत ५ वर्षमा काम गरेको कार्यालय हेरी आवश्यक मूल्याङ्कन गरेर मात्र सरुवा गरिने छ । त्यस्ता कार्यरत कार्यालयको नामावली निर्णयमा उल्लेख गर्नुपर्ने छ ।

१०. पारस्परिक सरुवालाई दुरुत्साहन गरिने : तोकिएको अवधि नपुग्दै कार्यालय छानी छानी पारस्परिक सरुवा हुन चाहने प्रवृ**त्ति**लाई दुरुत्साहन गरिने छ ।

११. शाखा अधिकृत पदको सरुवामा विशेष व्यवस्था : सरुवा गर्दा जेष्ठ कर्मचारीलाई शाखा अधिकृतमा र अन्यलाई विद्यालय निरीक्षकमा सरुवा गरिने छ ।

१२. एउटै जिल्ला बसेको आधारमा सरुवा : एउटै जिल्लामा ५ वर्ष र सोभन्दा वढी अवधि बसेका कर्मचारीहरूलाई क्रमशः सेवा अवधिको आधारमा सबभन्दा जेष्ठबाट सरुवा गरिने छ । अस्थायी दरबन्दीमा कार्यरत रहेको हकमा दरबन्दी जुन जिल्लामा रहे तापनि कार्यरत निकायमा काम गरेको अवधिलाई सरुवा प्रयोजनको लागि कार्यरत निकाय रहेको जिल्लामा नै निजको सेवा अवधि गणना गरिने छ । बढी अवधि अस्थायी दरबन्दीमा कार्यरत रहेको मध्येबाट क्रमशः काज फिर्ता गरिने छ ।

१३. दोहोरो नपर्ने गरी सरुवा गर्ने : सरुवा गर्दा मन्त्रालय र विभागस्तरको कार्यालयले आपसमा समन्वय गरी दोहोरो नपर्ने गरी एकै पटक सरुवा गरिने छ । यसरी सरुवा गर्दा मन्त्रालयले फागुन २० गतेभित्र र त्यसपछि विभागस्तरको कार्यालयले सरुवा गर्नुपर्ने छ ।

१४. सरुवा गर्दा वा सरुवा सहमति माग गर्दा अपनाउनुपर्ने आधारहरू : विशेष कारणले अवधि नपुग्दै सरुवा गर्न सरुवा सहमति माग गर्दा देहायबमोजिमको आधारहरू विद्यमान नभई सहमति माग गरिने छैन ।

(क) कडा रोग लागेको भनी नेपाल सरकार मेडिकल बोर्डले सिफारिस गरेको प्रमाणपत्र

(ख) विभागीय कारबाही गर्नुपर्ने भए के कस्तो विभागीय कारवाही गर्ने हो सोको वस्तुनिष्ठ आधार

(ग) विशेष जिम्मेवारी दिनुपर्ने भए सो जिम्मेवारी के हो स्पष्ट खुलाउनुपर्ने

(घ) कार्यालयमा राखी रहन नमिल्ने भए सोको कारण निर्णयमा खुलाउनुपर्ने

(ङ) अन्य कुनै कारण भए सो को वस्तुनिष्ठ प्रमाण संलग्न हुनुपर्ने

(च) कर्मचारीको कार्य सम्पादन स्तर न्यून भएमा

१५. सरुवा वा काज खटाइएको कार्यालयमा हाजिर नभई सरुवा नगर्ने : माथि जुनसुकै कुरा लेखिएको भए तापनि सरुवा वा काज खटाइएको कर्मचारी खटिएको कार्यालयमा हाजिर नभइ निजको पुनः सरुवा गरिने छैन ।

## परिच्छेद - तीन

## विविध

१६. अभिन्न अङ्गको रूपमा रहने : यो निर्देशिका निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० मा निर्दिष्ट कर्मचारीहरूको सरुवासम्बन्धमा रहेको प्रावधानको प्रतिकूल नहुने गरी यो निर्देशिका ती कानुनी प्रावधानहरूको कार्यन्वयनमा थप सहयोगी र अभिन्न अङ्गको रूपमा रहने छ । निर्देशिका मन्त्रालय र अन्तर्गतका विभागस्तरीय कार्यालय र क्षेत्रीय कार्यालयहरूमा समान रूपमा लागू हुने छ ।

१७. खारेजी र बचाउ : यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम लेखिएको विषयमा सोही कानुनबमोजिम हुने छ ।

# खण्ड - ग

# शिक्षा मन्त्रालयअन्तर्गतका कार्यक्रम तथा बजेट


| | | |
|---|---|---|
| १. | आर्थिक वर्ष २०६७/६८ मा शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रम र लक्ष्य | १०९ |
| २. | आ.व. २०६७/६८ को बजेट वक्तव्यका प्रकरणमा उल्लिखित नीति तथा कार्यक्रमहरूको अवस्था | १२० |
| १. | विद्यालय क्षेत्र सुधार कार्यक्रम | १२४ |
| २. | शिक्षामा सूचना तथा सञ्चार प्रविधि | १३१ |
| ५. | वैकल्पिक विद्यालय शिक्षाको वर्तमान स्थिति | १३६ |

# आ. व. २०६७/६८ मा शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रम र लक्ष्य

नेपाल सरकारको कार्य-विभाजन नियमावलीअनुसार मुलुकको समग्र शैक्षिक प्रणालीको व्यवस्थापन र सुदिढीकरणका लागि विद्यमान ऐन, नियमावली, योजना, नीतिका आधारमा शैक्षिक सेवाहरूको समतामूलक पहुँच विस्तार, गुणस्तर सुधार र सक्षमता अभिवृद्धिका लागि पूर्वप्राथमिक तथा पूर्ववाल्यावस्था शिक्षा, विद्यालय शिक्षा तथा उच्च शिक्षाका कार्यक्रम तर्जुमा, कार्यक्रम कार्यान्वयन र व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका कार्यहरू शिक्षा मन्त्रालय र अन्तर्गतका विभिन्न निकायहरूवाट सम्पादित भएका छन् । चालु आ. व. २०६७/६८ (२०१०) मा पूर्वप्राथमिक तथा पूर्वबाल्यावस्था शिक्षा, विद्यालय शिक्षा र उच्च शिक्षाका क्षेत्रमा सञ्चालित मुख्यमुख्य कार्यहरू र तिनको २०६७ फागुन मसान्तसम्मको सङ्क्षिप्त प्रगति विवरण निम्नानुसार छ :

## १. पूर्वप्राथमिक तथा बालविकास शिक्षा

यस तहको शिक्षाका लागि गत आवसम्म सञ्चालित २६७७३ वालविकास केन्द्रहरूलाई निरन्तरता दिँदै यस आर्थिक वर्षमा थप २००० बालविकास केन्द्र (बाविके) स्थापना गर्ने कार्यक्रमअनुरूप सञ्चालित पुराना बालविकास केन्द्रहरूको व्यवस्थापनका लागि अनुदान सम्बन्धित जिशिकाहरूमार्फत निरन्तर रूपमा उपलब्ध भइरहेको छ ।

## २. विद्यालय शिक्षा

यस तहको शिक्षामा समतामुलक पहूँच विस्तार, विद्यार्थीहरूको पढाइ निरन्तरता र टिकाउ, गुणस्तर सुधार, व्यवस्थापन सुधार र क्षमता अभिवृद्धि गर्ने उद्देश्यसहित गत आवदेखि विद्यालयक्षेत्र सुधार योजना कार्यान्वयनमा छ । उक्त योजनाअन्तर्गत विद्यालय शिक्षाको समग्र विकास, विस्तार र सुधारका लागि दिवा खाजा, छात्रा उत्प्रेरणा, छात्रवृत्ति, विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा क्षमता अभिवृद्धिका लागि प्रतिविद्यार्थी लागत अनुदान, विद्यालय भौतिक सुधार, समाहित शिक्षा, हिमाली आवासीय तथा नमुना विद्यालय, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, परिमार्जन तथा सुधार, शिक्षक तथा कर्मचारी तालिम, अनौपचारिक शिक्षा तथा खुला विद्यालय कार्यक्रमहरू कार्यान्वयन भएका छन् ।

### २.१ दिवा खाजा

२.१.१ **दिवा खाजा** : शिक्षाका लागि खाद्य कार्यक्रम परियोजनामार्फत् डोटी, डडेलधुरा, बैतडी, दार्चुला, अछाम, वझाङ, बाजुरा, सल्यान, दैलेख, जाजरकोट, रुकुम र सोलुखुम्बु गरी ११ जिल्लाका

प्राथमिक तहमा अध्ययनरत १९,४०० जना विद्यार्थीहरूलाई दैनिक दिवा खाजा उपलब्ध गराउने लक्ष्यअनुरूप कार्यक्रम सञ्चानल भई औसत १५,५०० विद्यार्थीहरूले दैनिकरूपमा दिवा खाजा प्राप्त गरिरहेका छन् ।

२.१.२ **छात्रा उत्प्रेरणा** : छात्रा शिक्षालाई प्रोत्साहन गर्न विद्यालयमा मासिक ८०% वा सोभन्दा बढी हाजिर हुने छात्राहरूका आमाहरूलाई प्रति महिना २ लिटरका दरले खाने तेल वितरण गर्ने कार्यक्रमअनुरूप दिवा खाजा कार्यक्रम लागू भएका माथि उल्लिखित ११ जिल्लाका अतिरिक्त पर्सा, रौतहट, महोत्तरी, सर्लाही र धनुषा ५ जिल्लासमेत गरी १६ जिल्लाका औसत ४५,००० छात्रा तथा आमाहरू मासिकरूपमा लाभान्वित भई रहेका छन् ।

२.१.३. **मातृ शिशु हेरचाह** : डोटी, डडेलधुरा, बैतडी, दार्चुला, अछाम, बझाङ, बाजुरा, सल्यान र सोलुखुम्वु गरी ९ जिल्लाका छनोटमा परेका ४२ गाविसका औसत १० हजार जना गर्भवती, सुत्केरी र छ महिनादेखि ३६ महिनासम्मका बालबालिकाहरू प्रतिमहिना ७ केजी न्युट्रिमिक्स वितरणबाट लाभान्वित भइरहेका छन् ।

२.१.४.**दिवा खाजाका लागि नगद अनुदान** : कर्णाली अञ्चलका ५ जिल्लाका २५,०६६ जना विद्यार्थीहरूलाई प्रतिदिन रु. १५ का दरले र सुनसरी, सप्तरी, सिरहा, सिन्धुपाल्चोक, रसुवा, बारा, धादिङ, नवलपरासी, कपिलवस्तु, दाङ, बर्दिया, कैलाली, प्युठान र रोल्पा गरी १४ जिल्लाका विद्यालयहरूमा अध्ययनरत २,३९,५६० जना विद्यार्थी प्रतिदिन रु. १२/- का दरले हुने रकम विद्यालयमार्फत प्राप्त गरी लाभान्वित भइरहेका छन् ।

## २.२ विद्यालय भौतिक सुधार कार्यक्रम :

यसअन्तर्गत ८,६०० नयाँ कक्षाकोठाका सम्बन्धमा शिक्षा विभागसँग सम्पर्क गरी नयाँ कक्षाकोठा निर्माण, ४,५६२ विद्यालयको बाह्य वातावरण सुधार, ४,८६४ कक्षा कोठा पुनर्स्थापना, ५,५०० विद्यालयमा छात्रा शौचालय निर्माण गर्ने कार्यक्रमअनुरूप विद्यालयबाट प्रस्ताव आह्वान, विद्यालय छनोट र छनोट भएका विद्यालयहरूसँग कार्य सम्झौता सम्पन्न भई निर्माण कार्य प्रारम्भ भएको छ । यसअन्तर्गत विज्ञान विषय सञ्चालन गर्ने उच्च माविमध्ये प्रत्येक निर्वाचन क्षेत्रमा १ विद्यालय पर्ने गरी ३०० उच्च माविमा थप भवन निर्माण र ३०० विद्यालयहरूको भवन मर्मत कार्यका लागि प्रस्ताव आह्वान र विद्यालय छनोट तथा छनोट भएको विद्यालयसँग निर्माण कार्यका लागि सम्झौता कार्य सम्पन्न भएको छ । २०६७ चैत्र बाट सबै कार्यको निर्माण प्रारम्भ भएको छ ।

## २.३. समाहित शिक्षा

विद्यालय शिक्षाका विभिन्न कक्षामा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई अपाङ्गताको श्रेणीअनुसार वर्गीकरण गरी श्रेणीअनुसार वार्षिक रु. ५००/- देखि अधिकतम रु.१३,०००।- का दरले प्रदान गरिने छात्रवृत्तिबाट कक्षा १-१० का १,२५,८३० जना विद्यार्थीहरू लाभान्वित भइरहेका छन् । यसका लागि आवश्यक पर्ने रु. ८०,५९५ हजार रकम सम्बन्धित जिल्लामार्फत् निकासा भएर सम्बन्धित विद्यालयहरूबाट उपलब्ध भई विद्यार्थीहरू लाभान्वित भइरहेका छन् ।

यस किसिमका बालबालिकाहरूको शिक्षाका लागि दृष्टिविहीन विद्यालय ६, सुस्तश्रवण विद्यालय ७, समाहित शिक्षाका स्रोत कक्षा ३६० र यस्ता बालबालिकाको लेखाजोखा मूल्याङ्कनका लागि ७२ लेखाजोखा केन्द्रसमेत सञ्चालित छन् ।

## २.४ हिमाली आवासीय तथा नमुना विद्यालय

पिछडिएका तथा दुर्गम हिमाली क्षेत्रका विद्यार्थीहरूलाई गुणस्तरीय विद्यालय शिक्षामा पहुँच सहज र सुनिश्चित बनाउन ताप्लेजङ, सङ्खुवासभा, सोलुखुम्बु, रसुवा, गोरखा, मुस्ताङ, हुम्ला, जुम्ला र दार्चुला गरी ९ जिल्लामा आवासीय सुविधासहितका विद्यालयहरू सञ्चालनमा छन् । यस्ता विद्यालयमा अध्ययनरत ५७७ जना विद्यार्थीका लागि रु. ८६,२२,००,०००/- छात्रवृत्तिसमेत उपलब्ध गराइएको छ ।

यसै गरी सामुदायिक विद्यालयको शैक्षिक प्रणालीमा आधुनिकीकरण गरी विद्यार्थीहरूको आकर्षण बढाउन कैलालीको टिकापुरमा ४६ जना, काठमाडौँको कुलेश्वरमा ४८ जना, कास्कीको पोखरामा ३ जना गरी १३९ जनालाई छात्रवृत्तिसहितको आवसीय विद्यालय शिक्षा सुविधा उपलब्ध भएकामा यस वर्ष १४८ जनाको लागि आवासीय विद्यालय शिक्षाका लागि रु. १,४०,००,०००।- रकमसमेत कार्यक्रममा व्यवस्था भई विद्यार्थीहरू लाभान्वित भइरहेका छन् ।

## २.५ प्रतिविद्यार्थी लागत अनुदान

प्रति कक्षा विद्यार्थी अनुपात उच्च भएका विद्यालयहरूमा शिक्षक व्यवस्थापन गरी पठन पाठन स्तरीय बनाउन यस आ.व.मा प्राथमिक तहका लागि शिक्षक व्यवस्थापन गर्न ४,२९,५७९ विद्यार्थी बराबर रु.१ अरब रकम र निम्न माध्यमिक तहमा शिक्षक व्यवस्थापन गर्न रु. ३० करोड रकम कार्यक्रममा व्यवस्था गरिएको छ ।

यसै गरी विद्यालयको व्यवस्थापन सुदृढीकरण तथा क्षमता अभिवृद्धिका लागि गैरतलब प्रकृतिका विद्यालय खर्च व्यवस्थापन गर्न प्राथमिक. तहमा ४२,५६,०१० जना विद्यार्थी बरावर रु.२६,३४,७२३ हजार, निम्न माध्यमिक तहमा १३,६६,३४८ विद्यार्थी बराबर रु.१३,३३,४०१ हजार, माध्यमिक तहका ६,५६,४२४ विद्यार्थी बराबर रु.१३,०९,१९७ हजार, उच्च माध्यमिक तहका १७,४४१ विद्यार्थी बराबर रु. १२,६४५ हजार रकमसमेत कार्यक्रममा व्यवस्था भएको छ ।

## २.६ छात्रवृत्ति

विद्यालय शिक्षामा छात्रालगायत विभिन्न किसिमका लक्षित वर्गका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच, निरन्तरता र टिकाउपन, उच्च उपलब्धिस्तर सुनिश्चित गर्न ११ किसिमका छात्रवृत्तिहरू (कर्णाली प्याकेज समेत) को व्यवस्था गरिएको छ । यसको विवरण निम्नानुसार छ :

| सि.नं. | छात्रवृत्तिको प्रकार | लक्ष्य | वजेट |
|---|---|---|---|
| १ | कक्षा १-८ मा अध्ययनरत दलित विद्यार्थीका लागि छात्रवृत्ति | ११३३८३५ | ४५३५३४ |
| २ | कक्षा १-८ मा अध्ययनरत छात्राहरूका लागि छात्रवृत्ति (कर्णाली प्याकेजसमेत) | २२९३७४४ | ९१७४९७६ |
| ३ | सहिदका छोराछोरीका लागि छात्रवृत्ति | ५८ | ३००० |

| सि.नं. | छात्रवृत्तिको प्रकार | लक्ष्य | वजेट |
|---|---|---|---|
| ४ | द्वन्द्वपीडित छात्रवृत्ति | ० | ५०००० |
| ५ | कम्लहरीका लागि क्षमता विकास र छात्रवृत्ति | ० | १२०००० |
| ६ | फिडर छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति | ४०० | ६००० |
| ७ | माध्यमिक शिक्षा छात्रवृत्ति | ६०००० | १०२००० |
| ८ | दलित छात्रवृत्ति ९-१० | ५५६५० | २७८२५ |
| ९ | लोपोन्मुख अति सीमान्तकृत (मुक्त कमैया, हलिया र चरुवाका सन्ततिसमेत) का छात्रवृत्ति | १४०१२ | ७४५१० |
| १० | प्राथमिक तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीका लागि छात्रवृत्ति (२२ जनजाति तथा सीमान्तकृत समूह मुक्त कमैया, हलिया र चरुवाका सन्ततिहरूसमेत) | १०८०४६ | ५३११९.७ |
| ११ | अति विपन्न लक्षित माध्यमिक विद्यार्थीका लागि छात्रवृत्ति | १२५०० | ३७५०० |

## २.७ विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण

आ.व. २०५९/६० देखि विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गरिँदै आएकामा यस वर्ष पनि सो कार्यक्रमले निरन्तरता पाएको छ । यस आ.व. मा ५,४०० तहको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने लक्ष्य रहेकामा २०६७ फागुन मसान्तसम्ममा १,०९० तहको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको छ ।

## २.८ एसएलसी परीक्षा सञ्चालन

एसएलसी परीक्षा २०६७ चैत्र १० गतेबाट प्रारम्भ भई चैत्र १८ गते सम्पन्न भएको छ । यो परीक्षामा सामेल हुन नियमिततर्फ केटी २,०६,६२० जना र केटा २,२९,७९१ जना गरी जम्मा ४,३६,४११ जना र एक्जाम्टेडतर्फ केटी ३४,०२७ र केटा २५,८०५ गरी जम्मा ५९,८३२ गरी कुल जम्मा ५,९६,२४३ जना यस परीक्षामा सामेल भएका छन् ।

परीक्षाको सुधारका लागि १०० जनालाई अङ्ग्रेजी मौखिक परीक्षा सञ्चालनसम्बन्धी प्रशिक्षण, ३०० जना सहभागीलाई लाई प्रश्न बैङ्क स्थापना तथा प्रश्नलेखनसम्बन्धी प्रशिक्षण दिएको छ भने १८० जनालाई उत्तरपुस्तिका परीक्षण सम्परीक्षण तालिम र ८० जनालाई कक्षा ८ को परीक्षा सुदृढीकरणसम्बन्धी तालिम दिइएको छ ।

## २.९ उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति

चालु आ.व.मा MBBS तर्फ २०२ जना, BDS तर्फ १०, BAMS तर्फ ७ जना, BN तर्फ १२ जना, BPH तर्फ ४ जना, BSC Foresty तर्फ ४ जना गरी २४३ जनालाई स्वदेशका प्राविधिक शिक्षण संस्थाहरूमा र विदेशमा MBBS तर्फ ८ जना र BDS तर्फ १ जनालाई छात्रवृत्तिमा उच्च प्राविधिक शिक्षा अध्यनार्थ मनोनयन गरी पठाइएको छ ।

## २.१० शिक्षक व्यवस्थापन

चालु आ. व. मा १०,००० जनालाई अध्यापन अनुमतिपत्र प्रदान गर्न परीक्षा सञ्चालन गर्ने, १९३ जना विभिन्न तहका शिक्षकलाई माथिल्लो पदमा कार्य क्षमता मूल्याङ्कनद्वारा बढुवा गर्ने र आन्तरिक प्रतियोगितात्मक प्रक्रियाद्वारा १९३ जनालाई विभिन्न तहमा बढुवा गर्ने कार्यक्रमअनुरूप विज्ञापन गर्ने प्रक्रियामा रहेको छ ।

## २.११ सेवानिवृत्तिपश्चात् शिक्षक सुविधा व्यवस्थापन

चालु आवमा २००९ जना शिक्षकलाई औषधोपचार खर्चबापत रु. ४,४१,२४३,३००/-, उत्पादान, सञ्चित बिदा र बिमा वापत २,४८५ जनालाई रु. २८,११,०७,१३६ उपलब्ध गराइसकिएको छ भने उपचार खर्चबापत २२३ जनाको रु. ४,८१,५९,९८५ र २४१ जनाको उपादान, सञ्चित बिदा र बिमाबापत रु. २,१६,८७,४७४ निणर्य भई भुक्तानी हुन बाँकी छ ।

## २.१२. पाठ्यक्रम पाठ्यपुस्तक विकास

यसअन्तर्गतका वार्षिक कार्यक्रमको स्थिति निम्नानुसार छ :

- राजवंशी, सुनुवार, याक्खा, मुगाली, तामाङ र मगर गरी ७ मातृभाषामा पाठ्यपुस्तक विकास, छपाइ र वितरण गर्ने कार्यक्रमअनुसार लेखन कार्य सञ्चालन
- गुरुकुलतर्फको कक्षा १ को ३ विषयको पाठ्यपुस्तक अनुकूलन र विकासको कार्य सञ्चालन
- कक्षा ६ का पाठ्यपुस्तक लेखन सम्पन्न भइ परीक्षणमा
- कक्षा ६-८ को गुरुकुल र मदरसाको पाठ्यक्रम विकास र वितरण
- कक्षा ६-८ को साधारण तर्फको पाठ्यक्रम विकास र विषयगत पाठ्यक्रम विस्तृतीकरण
- विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि प्राथमिक तहका सिकाइ उपलब्धि निर्धारण
- कक्षा १० को संस्कृततर्फका अनिवार्य विषयका ग्रिड विकास र वितरण
- बहु पाठ्यपुस्तक विकाससम्बन्धी निर्देशिकाको मस्यौदा लेखन
- कक्षा ६-८ को सक्षमतामा आधारित पाठ्यक्रम विकास
- कर्णाली अञ्चलका लागि ५ विषयका शिक्षक निर्देशिका विकास
- कक्षा ९-१२ को एकीकृत पाठ्यक्रम खाका तयारी
- संस्कृततर्फका १ विषयको पाठयपुस्तक विकास र कक्षा ६ को २ विषयका पाठ्यपुस्तक परिमार्जन
- कक्षा ९-१० को पाठ्यपुस्तकमा समावेशी पक्षको अध्ययन
- विद्यालय शिक्षाको गुणस्तर मापदण्ड निर्धारण
- कक्षा १-३ को अङ्ग्रेजीको श्रव्यदृष्य सामग्री र बहुकक्षा शिक्षणका लागि सन्दर्भ सामग्री विकास

## २.१३. मानव संशाधन विकास

विद्यालय तहदेखि शिक्षा मन्त्रालयस्तरसम्मका जनशक्ति विकासका लागि चालु आवमा सञ्चालित कार्यक्रम र लक्ष्य स्थिति निम्नानुसार छ :

| सिन | कार्यक्रमहरू | लक्ष्य |
|---|---|---|
| १ | प्रा.स. का लागि शै.व्य.तालिम १ महिने- | २० |
| २ | प्र.अ नेतृत्व क्षमता विकास तालिम | २००० |
| ३. | रा.प.तृ. श्रेणीका लागि १ महिने शै.व्य.तालिम | ४० |
| ४ | रा.प.द्वि श्रेणीका लागि १ महिने शै.व्य. तालिम | २० |
| ५ | मा.तहका शिक्षकको टिपिडी तालिम | १०९१२ |
| ६ | बहुभाषी शिक्षण तालिम (उराव, थारू, संथाल, राजवंशी र मगर) | १५० |
| ७ | खुला विद्यालय सञ्चालन अभिमुखीकरण | ७५ |
| ८ | गुम्बा र गुरुकुलमा अध्ययनरत शिक्षकको तालिमका लागि प्रशिक्षक प्रशिक्षण | ३०० |
| ९ | टिपिडी कार्यान्वयनका लागि प्रशिक्षक रोष्टर तयारी | १४२९ |
| १० | प्रा.तहका शिक्षकको टिपिडी | ८६६४४ |

## २.१४ अनौपचारिक शिक्षा तथा खुला विद्यालय

यसअन्तर्गत चालु आव २०६७/६८ को कार्यक्रम र तिनको लक्ष्य निम्नानुसार छ :

| सिनं | कार्यक्रम | लक्ष्य |
|---|---|---|
| १ | प्रौढ साक्षरता कक्षा सञ्चालन | २१०२९ कक्षा |
| २ | साक्षरता कक्षाबाट साक्षर | ६१२९२० जना |
| ३ | आयआर्जन समूह | ५०५० |
| ४ | आयआर्जनमा सहभागी | ४५४५०जना |
| ५ | सामुदायिक अध्ययन केन्द्र | १००५ |
| ६ | अनौपचारिक प्रा.शि केन्द्र | ४३८ |
| ७ | प्रा.शि. विस्तार कक्षा | २४८ |

उल्लिखित कार्यक्रमका अतिरिक्त ९-१० को शिक्षालाई एकवर्षमा पूरा हुने गरी औपचारिक माध्यमिक शिक्षा हासिल गर्न नसकेका वर्गलाई लक्षित गरी खुला विद्यालय कार्यक्रमसमेत सञ्चालित छ र यसअन्तर्गत हाल ७५ जिल्लामा सञ्चालित ८५ खुला माध्यमिक विद्यालय. कार्यक्रममा ७,५०० विद्यार्थी भर्ना भएका छन् । यसै गरी निम्न माध्यमिक तह ३ वर्षीय पाठ्यक्रमलाई २ वर्षमा पूरा हुने गरी सञ्चालित छ जसमा निम्न माध्यमिक तहको खुला विद्यालय ३७ ओटा सञ्चालित छ। यसअन्तर्गत जसमा १,९८० जना विद्यार्थीहरू रहेका छन् ।

## २.१५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

यस क्षेत्रका आ.व. २०६७/६८ का वार्षिक कार्यक्रम र तिनका लक्ष्य यसप्रकार छन् :

| सिन | कार्यक्रम | लक्ष्य |
|---|---|---|

| सिन | कार्यक्रम | लक्ष्य |
|---|---|---|
| १ | TSLC / Diploma Certificate तालिममा भर्ना | TSLC - ७८४०, Diploma/Certificate - ११०० |
| २ | TSLC and Diploma/Certificate बाट उत्पादन | TSLC-७०००, Diploma/Certificate - ५००० |
| ३ | १५ Annex विद्यालय सञ्चालन | भर्ना - १२००, उत्पादन - ६०० |
| ४ | थप १५ Annex विद्यालयमा पूर्वाधार विकास | पूर्वाधार व्यवस्था |
| ५ | छोटो अवधिको तालिम दिई सीप परीक्षण | ३२ ओटा |
| ६ | अल्पकालीन व्यावसायिक तालिम सञ्चालन | ३१०० व्यक्ति हप्ता |
| ७ | जीवन निर्वाह सीप तालिम सञ्चालन | २३ ओटा |
| ८ | सीप परीक्षण | ४१६०० जना |
| ९ | Diploma तथा Certificate तहमा लक्षित वर्गका लागि छात्रवृत्ति | २२५ जना |
| १० | DAG समूहका लागि TSLC मा छात्रवृत्ति | १५० जना |
| ११ | बजारमुखी सिप तालिम (रोजगारीका लागि सीप परियोजना. मार्फत्) | २२००० जना |
| १२ | शैक्षिक भवन तथा अन्य निर्माण<br>क) गौर र मलङ्गवामा नर्सिङ Institute स्थापना<br>ख) Polytechnique institute टिकापुर<br>ग) कोरिया नेपाल Institute of technology बुटवल<br>घ) साँखु, जनकपुर र भरतपुरमा Polytechnique institute स्थापना | • टेन्डर आह्वान, डिजाइन तयारी र ठेकेदार नियुक्ति<br>• टेन्डर आह्वान, डिजाइन तयारी र ठेकेदार नियक्ति<br>• टेन्डर आह्वान, डिजाइन लागत अनुमान तयारी |

## २.१६. विश्वविद्यालय अनुदान आयोग

विश्वविद्यालय अनुदान आयोगमार्फत नियमित कार्यक्रम र दोस्रो उच्च शिक्षा परीयोजनाअन्तर्गत समग्र उच्च शिक्षाको तथा विश्वविद्यालयहरूको गुणस्तर सुधार, क्षमता अभिवृद्धि, स्वायत्त प्रवर्धनका कार्यहरू भइरहेका छन् । विश्व विद्यालय अनुदान आयोगमार्फत् उच्च शिक्षाको विकास बिस्तार, क्षमता अभिवृद्धि, स्वायत्ततासम्बन्धी नियमिततर्फबाट र दोस्रो उच्च शिक्षा परियोजनातर्फबाट सञ्चालित आ.व. २०६७/६८ का कार्यक्रम र लक्ष्य निम्नानुसार छ :

### (क) नियमित कार्यक्रम

| सि.नं. | कार्यक्रम | लक्ष्य (सङ्ख्या) |
|---|---|---|
| १ | पुनर्ताजगी तालिम, तालिम कार्यक्रम र अनुसन्धान विधि तालिम | ३० |
| २ | अनुसन्धान प्रवर्धन | ६० |
| ३ | विद्वतवृत्ति कार्यक्रम (पिएच.डी./एम.फिल अध्ययन) | ७० |
| ४ | अध्ययन अध्यापन भ्रमण | २० |
| ५ | सामुदायिक क्याम्पस नियमित अनुदान | ३०० |
| ६ | गोष्ठी, कार्यशाला र सम्मेलन | ३० |
| ७ | अध्ययन सामग्री विकास तथा प्रशारण | |

| | | |
|---|---|---|
| ८ | विविध | ५० |
| ९ | पुस्तकालय सुदृढीकरण तथा भौतिक सुविधा विकास | २०० |
| | जम्मा | ७६० |

**ख) दोस्रो उच्च शिक्षा परियोजना**

यसअन्तर्गत सञ्चालित कार्यक्रमहरूको लक्ष्य निम्नानुसार छ :

| सि.नं. | कार्यक्रम | आ.व. २०६७/६८ को सङ्ख्या | बजेट रु |
|---|---|---|---|
| १ | सुधार अनुदान (प्रोत्साहन, कार्यसम्पादन र, जोडकोष अनुदान) | • Scheme A का ९ ओटा, B का १० ओटा र C का २८ ओटा गरी ४७ ओटा सामुदायिक क्याम्पसहरू | ३,२५,००,०००/- |
| | | • ३ ओटा विश्वविद्यालयहरू | ३५,००,००,०००/- |
| | | • त्रि.वि.का १० ओटा विकेन्द्रीकृत क्याम्पसहरू | १६,६०३,५,०००/- |
| २ | अनुसन्धान अनुदान | स्नातकोत्तर, एम.फिल, पिएच.डी. र पिएच.डी. विशेषज्ञता, फ्याकल्टी र इन्स्टिच्युट अनुसन्धान तथा Research Management Cell | ७,००,००,०००/- |
| ३ | विद्यार्थी वित्तीय सहायता कार्यक्रम | स्नातक तहका गरीव, जेहेन्दार, महिला, दलित तथा पिछडिएका जनजातिका विद्यार्थीहरू | ३,७५,००,०००/- |
| | जम्मा | | ६५,६०,३५,०००/- |

# आ.व. २०६७/६८ को शिक्षा मन्त्रालयको कार्यक्रम तथा बजेट

## साधारण तर्फ

| बजेट शीर्षक | कार्यक्रम/ आयोजना | आ. ब. २०६६/६७ को संशोधित अनुमान | आ.ब. २०६७/६८ को विनियोजन | | | स्रोत | | | | | प्रक्षेपित बजेट | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | गरिबोन्मुख सङ्केत | लैङ्गिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालू | पुंजीगत | नेपाल सरकार | वैदेशिक अनुदान | | वैदेशिक ऋण | | आ.व. २०६८/६९ | आ.व २०६९/७० | | | | |
| | | | | | | | आयोजना आबद्ध | बजेट सहयोग | आयोजना आबद्ध | बजेट सहयोग | | | | | | |
| ६५-३/४-११० | शिक्षा मन्त्रालय | १९३८४० | २७३९३९ | २०८१८९ | ६५७५० | २७३९३९ | ० | ० | ० | ० | २६७९५० | २५९८७९ | १ | ७ | २ | ३ |
| ६५-३-११५ | शिक्षा विभाग | २८०२४ | २९५८० | २९५८० | ० | २९५८० | ० | ० | ० | ० | ३१०१० | ३२०७० | १ | ७ | २ | ३ |
| ६५-३-१२० | क्षेत्रीय शिक्षा निर्देशनालय | २७०३३ | ४३५८५ | ४३५८५ | ० | ४३५८५ | ० | ० | ० | ० | ४५६०७ | ४६६३३ | २ | ७ | २ | ३ |
| ६५-३-१२१ | जिल्ला शिक्षा कार्यालय | ३५१११२ | ४२३२२७ | ४२३२२७ | ० | ४२३२२७ | ० | ० | ० | ० | ४४३८७३ | ४४८०५३ | १ | ७ | २ | ३ |
| ६५-३/४-१३० | परीक्षा नियन्त्रण कार्यालय | २३८१८७ | २६८१८१ | २६२९८१ | ५२०० | २६८१८१ | ० | ० | ० | ० | २८१३६४ | ३००७५७ | १ | ७ | २ | ३ |
| ६५-३-१४० | सबैका लागि शिक्षा (प्राथमिक शिक्षा) | १६२४४११४ | १७३६०५८९ | १७३६०५८९ | ० | १७३६०५८९ | ० | ० | ० | ० | १८३८८२७० | २०३९९४६६ | १ | ७ | २ | ३ |
| ६५-३-१५० | विभिन्न मावि तथा निमावि | ८२०२७७० | ८९८०६०४ | ८९८०६०४ | ० | ८९८०६०४ | ० | ० | ० | ० | ९५७०६६९ | १०२७३३१६ | १ | ७ | २ | ३ |
| ६५-३/४-१६० | पाठ्यक्रम विकास केन्द्र | १८२१५ | १९५०६ | १९००६ | ५०० | १९५०६ | ० | ० | ० | ० | २०१५५ | २११२६ | २ | ७ | २ | ३ |
| ६५-३/४-१६४ | विश्वविद्यालय अनुदान आयोग | ४०००२४० | ४६६१८९० | ३८२६८९० | ८३५००० | ४६६१८९० | ० | ० | ० | ० | ४९०४२०० | ५३६९२०० | २ | ७ | २ | ३ |
| ६५-३/४-१६५ | शिक्षक सेवा आयोग | ७१८१८ | ८२१५४ | ७४६०४ | ७५५० | ८२१५४ | ० | ० | ० | ० | १०४९०९ | ११९२७८ | २ | ७ | २ | ३ |
| ६५-३/४-१६७ | अनौपचारिक शिक्षा केन्द्र | ६७८९ | ८४८० | ७१८० | १३०० | ८४८० | ० | ० | ० | ० | ९३०८ | ८१७१ | १ | ७ | १ | १ |
| ६५-३/४-१६९ | विद्यालय शिक्षक किताबखाना | ४५७२९४ | ७३३९१५ | ७३२३६० | १५५५ | ७३३९१५ | ० | ० | ० | ० | ७७०२६५ | ७७०४२१ | १ | ७ | २ | ३ |
| ६५-३-१७० | विशेष शिक्षा परिषद् | ५३२५० | ६५४५० | ६५४५० | ० | ६५४५० | ० | ० | ० | ० | ६६९५३ | ६९२४२ | २ | ७ | १ | १ |

| बजेट शीर्षक | कार्यक्रम/ आयोजना | आ. ब. २०६६/६७ को संशोधित अनुमान | आ.ब. २०६७/६८ को विनियोजन | | | स्रोत | | | | | प्रक्षेपित बजेट | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | गरिबोन्मुख सङ्केत | लैङ्गिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालू | पुँजीगत | नेपाल सरकार | वैदेशिक अनुदान | | वैदेशिक ऋण | | आ.व. २०६८/६९ | आ.व २०६९/७० | | | | |
| | | | | | | | आयोजना आबद्ध | बजेट सहयोग | आयोजना आबद्ध | बजेट सहयोग | | | | | | |
| ६५-३/४-१७१ | शैक्षिक जनशक्ति विकास केन्द्र | ६४३२८ | ८५२५२ | ८४५५२ | ७०० | ८५२५२ | ० | ० | ० | ० | ८९१०६ | ९१९१२ | २ | ७ | २ | २ |
| ६५-३/४-१७२ | पुस्तकालयहरू (३ डिल्लीरमण, केशर र राष्ट्रिय) | ११४२० | १४६५१ | १३९२१ | ७३० | १४६५१ | ० | ० | ० | ० | १५५८६ | १७०४० | २ | ७ | २ | ३ |
| ६५-३-१७६ | शिक्षक सेवा निवृत्त सुविधा | ८००००० | १८२४००० | १८२४००० | ० | १८२४००० | ० | ० | ० | ० | २३००००० | २६००००० | १ | ७ | २ | ३ |
| **साधारणतर्फको जम्मा** | | ३०७६८४३४ | ३४८७५००३ | ३३९५६७१८ | ९१८२८५ | ३४८७५००३ | ० | ० | ० | ० | ३७३०९२२५ | ४०८२६५६४ | | | | |

## विकासतर्फ

| बजेट शीर्षक | कार्यक्रम/ आयोजना | आ. ब. २०६६/६७ को संशोधित अनुमान | आ.ब. २०६७/६८ को विनियोजन | | | स्रोत | | | | | प्रक्षेपित बजेट | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | गरिबोन्मुख सङ्केत | लैङ्गिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालू | पुँजीगत | नेपाल सरकार | वैदेशिक अनुदान | | वैदेशिक ऋण | | आ.व. २०६८/६९ | आ.व २०६९/७० | | | | |
| | | | | | | | आयोजना आबद्ध | बजेट सहयोग | आयोजना आबद्ध | बजेट सहयोग | | | | | | |
| ६५-३-२१० | अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | ० | १०२५० | १०२५० | ० | १०२५० | ० | ० | ० | ० | १०५०० | १०५०० | २ | ५ | ३ | ३ |
| ६५-३/४-४११ | दोस्रो उच्च शिक्षा परियोजना | ८४१८१० | ११४५१२८ | ११३२९२८ | १२२०० | ३२४०० | १११२७२८ | ० | ० | ० | १९००७७५ | २१८५८९३ | १ | ४ | २ | २ |
| ६५-३/४-४१६ | सबैका लागि शिक्षा (शिशु विकास कार्यक्रम) | २६९०६ | १५७७८५ | १५७७८५ | ० | ० | १५७७८५ | ० | ० | ० | १६४००० | १६४००० | २ | ४ | ३ | २ |
| ६५-३/४-४२६ | सामुदायिक विद्यालय क्षमता अभिबृद्धि कार्यक्रम | १११३९३ | १७४६०० | १७४६०० | ० | ० | १७४६०० | ० | ० | ० | २५०००० | ३३०००० | २ | ४ | १ | १ |
| ६५-३/४-४२७ | द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत् सञ्चालन हुनें) | ६०००० | ४९५०० | २४५०० | २५००० | ४९५०० | ० | ० | ० | ० | ५१००० | ५५००० | २ | ३ | १ | २ |

| बजेट शीर्षक | कार्यक्रम/ आयोजना | आ. ब. २०६६/६७ को संशोधित अनुमान | आ.व. २०६७/६८ को विनियोजन | | | स्रोत | | | | | प्रक्षेपित बजेट | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | गरिबोन्मुख सङ्केत | लैङ्गिक सङ्केत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालू | पुँजीगत | नेपाल सरकार | वैदेशिक अनुदान | | वैदेशिक ऋण | | आ.व. २०६८/६९ | आ.व २०६९/७० | | | | |
| | | | | | | | आयोजना आबद्ध | बजेट सहयोग | आयोजना आबद्ध | बजेट सहयोग | | | | | | |
| ६५-३/४-४२८ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | १६३७३१ | ५७०९४० | ४३२९१५ | १३८०२५ | १७०२८२ | ४००६५८ | ० | ० | ० | ६६५०७७ | ८५८३०७ | १ | ४ | १ | १ |
| ६५-३/४-४४० | उच्च माध्यमिक शिक्षा | ४२९०५१ | ८४१७४३ | ८४१७४३ | ० | ८४१७४३ | ० | ० | ० | ० | ८३०२५७ | ८३०२५७ | २ | ४ | २ | २ |
| ६५-३/४-४५० | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | ४७४४३२ | ७२०६२३ | ४५८७७३ | २६१८५० | ७०४०१८ | १६६०५ | ० | ० | ० | ६३०००० | ६८०००० | २ | १ | २ | २ |
| ६५-३/४-४५५ | रोजगारीका लागि सीप परियोजना | २२७१०९ | ६३१९८२ | ६१५६८२ | १६३०० | ११००५३ | ० | ० | ० | ५२१९२९ | ६६९३५० | ६८०७२४ | १ | १ | १ | २ |
| ६५-३/४-४७१ | मनमोहन स्मृति पोलिटेक्निक | १०२०० | ९३२० | ८८२० | ५०० | ९३२० | | ० | | ० | ९५०० | ९५०० | २ | १ | २ | २ |
| ६५-३/४-६०० | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान | ७९६३१६ | ६८०८६० | ६८०८६० | ० | ६८०८६० | ० | ० | ० | ० | ९८२००० | १६८१००० | १ | ४ | १ | २ |
| ६५-३/४-६२० | शिक्षाका लागि खाद्य कार्यक्रम (प्राथमिक विद्यालय पौष्टिक आहार) | ५७००४५ | ७७८५४९ | ७७७७४९ | ८०० | १८३३३७ | ५९५२१२ | ० | ० | ० | ८४६६२० | १२५४२२२ | २ | ४ | १ | १ |
| ६५-३/४-६३० | जनसङ्ख्या शिक्षा | ५३८ | ३५२१ | ३५२१ | ० | ७७ | ३४४४ | ० | ० | ० | ३६८० | ३७८० | ३ | ४ | २ | २ |
| ६५-३/४-६५० | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ९२८५ | १९२०३ | १९२०३ | ० | १९२०३ | ० | ० | ० | ० | १०००० | १०००० | ३ | ७ | ३ | ३ |
| **केन्द्रस्तरको जम्मा** | | ३७२०८१६ | ५७९४००४ | ५३३९३२९ | ४५४६७५ | २८११०४३ | २४६१०३२ | ० | ० | ५२१९२९ | ७०२२७५९ | ८७५३१८३ | | | | |

# आ.व. २०६७/६८ को बजेट वक्तव्यका प्रकरणमा उल्लिखित नीति तथा कार्यक्रमहरूको अवस्था

| प्र. नं. | नीति तथा कार्यक्रममा भएको व्यहोरा | जिम्मेवार निकाय | विस्तृत क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| १०६ | आर्थिक र सामाजिक हिसाबले अति विपन्न वर्गका बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न हाल सञ्चालनमा रहेका २६ हजार ७ सय ७३ बालविकास केन्द्रलाई निरन्तरता दिने । चालु वर्षमा थप २ हजार बालविकास केन्द्रहरू स्थापना गर्ने । | शिक्षा विभाग | • पुराना बाविकेको निरन्तरताका लागि कार्यक्रम तथा अख्तियारी पठाउने ।<br>• सीमान्तकृत तथा लक्षित समुदाय पहिचान गरी २ हजार बालविकास केन्द्र (बाविके) स्थापना ।<br>• न्यूनतम सिकाई वातावरणको आधार रेखा तयार गर्ने ।<br>• सहयोगी कार्यकताका लागि तालिम सञ्चालन ।<br>• बाविकेको नक्साङ्कन । | • पुराना बाविकेका लागि जिल्लामा अनुदान ०६७ पुस पहिलो हप्ता पठाउने ।<br>• नयाँ बाविकेको स्थापना ०६७ फागुनभित्र ।<br>• नयाँ स्थापना हुने बाविके का सकाको तालिम ०६७ चैत्रभित्र ।<br>• ६८ वैसाखबाट नयाँ बाविकेको सञ्चालन प्रारम्भ<br>• ०६७ फागुनदेखि आधार रेखा तयारी र नक्साङ्कनको कार्य प्रारम्भ |
| १०८ | विद्यालयहरूमा शिक्षक-विद्यार्थी अनुपात मिलाउन चालू वर्ष विद्यालयहरूको नक्साङ्कन गरी शिक्षक दरबन्दीलाई पुनसंरचना गर्ने | शिक्षा विभाग | • विद्यालयगत शिक्षक विद्यार्थी अनुपातको विवरण अद्यावधिक गर्ने ।<br>• विद्यालयको तहलाई इकाइ मानी न्यूनतम शिक्षक दरबन्दी र विद्यार्थी सङ्ख्याका अनुपातमा शिक्षक सङ्ख्या यकिन गर्ने ।<br>• कम्तीमा गाविसभित्र शिक्षक दरबन्दी पुनसंरचना गर्न आधारहरू तयार गर्ने ।<br>• जिल्लाका छनोट भएका गाविसमा लागू गरी विस्तार गरिने । | • शैक्षिक सत्र २०६८ देखि कार्यान्वयन प्रारम्भ गर्ने । |
| | विज्ञान विषय सञ्चालन गर्न तोकिएका सामुदायिक विद्यालयहरूको भवन निर्माण, प्रयोगशाला स्थापना र गणित तथा विज्ञान शिक्षकको व्यवस्था गर्ने | शिक्षा विभाग, उच्च माध्यमिक शिक्षा परिषद् | • विज्ञान विषय सञ्चालित र सो विषय संचालनको तयारी गरेका उमाविलाई प्राथकिता दिई प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा १ पर्ने गरी ३०० विद्यालयको थप भवन निर्माण र ३०० विद्यालयको मर्मत गर्ने ।<br>• कक्षा कोठा निर्माणको नियमित कार्यक्रममा विज्ञान विषय सञ्चालन गर्ने उमाविद्यालयलाई प्राथमिकता दिई छनोट गर्ने । | • ०६७ पुस मसान्तभित्र निर्माण मर्मतका लागि विद्यालय छनोट गर्ने ।<br>• ०६७ माघदेखि विद्यालयमा निर्माणका कार्य प्रारम्भ गर्ने । |

| प्र. नं. | नीति तथा कार्यक्रममा भएको व्यहोरा | जिम्मेवार निकाय | विस्तृत क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| | | | • विज्ञान विषय अध्यापन हुने उमाविलाई भौतिक पूर्वाधार विकास, पुस्तकालय र प्रयोगशालाका लागि प्रस्तावना सङ्कलन गर्ने र आवश्यकताका आधारमा पुँजीगत अनुदान दिने ।<br>• शिक्षक व्यवस्थापनका लागि विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने । | |
| ११० | नेपालको शैक्षिक विकासमा योगदान पुऱ्याएका २००७ साल अगाडि स्थापित विभिन्न जिल्लाका पुराना विद्यालयहरू, नन्दीरात्री विद्यालय र पण्डित नारायणप्रसाद पोखरेल स्मृति विद्यालयको भवन निर्माण तथा मर्मत सुधार गर्ने । | शिक्षा विभाग | • राष्ट्रियस्तरको पत्रिकामा सुचना प्रकाशित गरी प्रस्ताव आव्हान गर्ने । प्रस्ताव मूल्याङ्कन गरी विद्यालय छनोट गर्ने ।<br>• छनोट भएका विद्यालयसँग सम्झौता गरी मूल्याङ्कनवाट तोकिएको रकम विद्यालयको खातामा निकासा दिने ।<br>• निर्माण कार्यको नियमित अनुगमन गर्ने | • ०६७ पुसभित्र प्रस्ताव सङ्कलन गर्ने ।<br>• ०६७ माघ १५ भित्र विद्यालय छनोट गरिसक्ने ।<br>• ०६७ चैत्र मसान्तभित्र सम्झौता सम्पन्न गर्ने ।<br>• ०६८ वैशाखदेखि निर्माण कार्य प्रारम्भ |
| १११ | चालू वर्ष ५ हजार ४ सय विद्यालयहरूको व्यवस्थापनको जिम्मा समुदायमा हस्तान्तरण गर्ने । | शिक्षा विभाग | • इच्छुक विद्यालयबाट तोकिएका आधार र प्रक्रियाबमोजिम दरखास्त आव्हान र सम्झौता गर्ने<br>• सम्झौता भएपछि तोकिएबमोजिमको रकम अनुदान दिने । | • स्वीकृत चौमासिक कार्यक्रमको तालिका अनुसार हुने । |
| ११२ | पुस्तकालय, कक्षाकोठा, फर्निचर, खानेपानी, शौचालय, खेल मैदान र पाठ्य सामग्रीहरू जस्ता भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउने । प्रत्येक सामुदायिक विद्यालयमा अनिवार्यरूपमा छात्रा शौचालय निर्माण गर्ने । | शिक्षा विभाग | • विद्यालय शिक्षामा न्यूनतम गुणस्तर र सिकाइ वातावरणको परिभाषासहितको सिकाइ वातावरण निर्देशिका तयार गर्ने<br>• सामुदायिक विद्यालयहरूलाई विद्यालय क्षेत्र सुधार योजना (विसुयो) तयार गर्न लगाई प्रत्येक विद्यालयको Minimun Enabling Condition पहिचान गरी बालमैत्री विद्यालय प्रारूप क्रमश कार्यान्वयनमा लैजाने ।<br>• उच्च माविका लागि आधारभूत अनुदान, सक्षमतामा आधारित अनुदान र जोडकोष अनुदान दिने । ४५३० नयाँ कक्षा कोठा निर्माण गर्ने ।४८६४ विद्यालयमा कक्षा कोठा पुनस्थापना गर्ने । ४८६२ विद्यालयको बाह्य वातावरण सुधार गर्ने । ५५०० विद्यालयमा छात्रा शौचालय निर्माण गर्ने । | • विद्यालय छनोट माघ भित्रमा गरिसक्ने ।<br>• ०६७ चैत्रभित्र सम्झौता गरिसक्ने ।<br>• बैशाख पहिलो हप्ताभित्र निर्माण प्रारम्भ गर्ने ।<br>• अन्य कार्यक्रम स्वीकृत चौमासिक कार्यतालिकाअनुसार हुने । |

| प्र. नं. | नीति तथा कार्यक्रममा भएको व्यहोरा | जिम्मेवार निकाय | विस्तृत क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| ११३ | शिक्षक अभाव भएका विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षण अनुदान वितरण गर्ने गरी रु. १ अर्ब बजेट व्यवस्था गर्ने । | शिक्षा विभाग | • प्रतिविद्यार्थी एकाइ लागत शिक्षक अनुदान निर्देशिका परिमार्जन र प्रवोधीकरण । निर्देशिकाको मापदण्ड अनुरूपको अनुदान विद्यालयलाई निकासा दिने अनुगमन संयन्त्र प्रभावकारी बनाई परिचालन गर्ने । | • निर्देशिका परिमार्जन र प्रवोधीकरण ०६७ माघ मसान्तभित्र<br>• अन्य कार्यक्रम स्वीकृत चौमासिक कार्यक्रम कार्य तालिकाअनुसार हुने । |
| ” | यसैगरी उच्च माध्यमिक विद्यालयहरूमा पनि विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षण अनुदान उपलब्ध गराउन दिइँदै आइएको अनुदानमा दोव्वर गर्ने । | शिक्षा विभाग, उमाशिप | • सामुदायिक उमावि हरूमा स्वीकृत विद्यालय शिक्षक र शिक्षण कार्यका लागि अनुदान दिने । | • स्वीकृत चौमासिक कार्यक्रम कार्य तालिकाअनुसार हुने । |
| ११४ | सामुदायिक विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययनरत बालिका, दलित र अति सीमान्तकृत सबै बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने । | शिक्षा विभाग | • सामुदायिक विद्यालयको आधारभैत तहमा अध्ययनरत सबै छात्रा (करिब २३ लाख) लाई आवश्यक रकम व्यवस्था गरी जिल्लामा निकासा पाठाउने । | • ०६७ पुस मसान्त जिल्लामा रकम निकासा पठाउने । |
| | | | • आधारभूत तहमा अध्ययनरत सबै (करिब ११३३८३५ जना) दलित विद्यार्थीलाई आवशयक छात्रवृति रकम जिल्लामा निकासा पठाउने | • ०६७ पुस मसान्तभित्र जिल्लामा रकम निकासा पठाउने । |
| | | | • विद्यालय तहमा अध्ययनरत आपाङता भएका सबै बालबालिका (करिब ६६ हजार)लाई अपाङ्गताको श्रेणी विभाजनअनुसार छात्रवृत्ति वितरण गर्ने | • दोस्रो चौमासिकभित्र जिल्लाले सबै विद्यालयमा रकम निकासा दिने |
| | | | • २२ जनजाति तथा सीमान्तकृत समुदायका सबै बालबालिका (करिब १ लाख ८ हजार) लाई छात्रवृत्ति प्रदान गर्ने । | • ०६८ वैशाखभित्र विद्यालयले छात्रवृत्ति वितरण गर्ने |
| | | | • पूर्व प्राविदेखि उच्च शिक्षा सम्म अध्ययनरत सहिदका छोराछोरीलाई छात्रवृति प्रदान गर्ने । | • ०६८ वैशाखभित्र विद्यालयले छात्रवृत्ति वितरण गर्ने |
| | | | • सुदूर पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका ६ जिल्लाहरू (कैलाली, कञ्चनपुर, दाङ, बाँके, बर्दिया र सुर्खेत जिल्लाका मुक्त कम्लहरीहरूका लागि निःशुल्क शिक्षा (आवासीय सुविधा) सीप विकासको कार्यक्रम सञ्चालन गर्ने । | • ०६८ वैशाखभित्र विद्यालयले छात्रवृत्ति वितरण गर्ने र प्रथम, दोस्रो र तेस्रो चौमासिकभित्र आवासीय सुविधा तथा सीप विकास तालिम सञ्चालन गर्ने । |

| प्र. नं. | नीति तथा कार्यक्रममा भएको व्यहोरा | जिम्मेवार निकाय | विस्तृत क्रियाकलाप | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|
| | | | आधारभूत तहदेखि उच्च शिक्षासम्म अध्ययरत द्वन्द्वपीडित, वेपत्ता, ५०% भन्दा बढी अपाङ्ता भएका व्यक्ति तथा निजका परिवारका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने । | ०६८ वैशाखभित्र विद्यालयले छात्रवृति वितरण गर्ने |
| ११५ | गत आर्थिक वर्षको बजेट प्रस्तुत गर्दा प्रस्ताव गरिएका नयाँ विश्वविद्यालयको सञ्चालनका लागि आवश्यक अनुदानको व्यवस्था गर्ने । | विश्व विद्यालय अनुदान आयोग | भैतिक पूर्वाधार, प्राज्ञिक र प्रशासनिक योजना निर्माण गर्ने । | |

# विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२)

## परिचय तथा उपलब्धि

विद्यालय क्षेत्र सुधार (विक्षेसु) योजना गुणस्तरीय शिक्षामा विद्यार्थीहरूको समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय शिक्षामा संरचनागत तथा कार्यमूलक परिवर्तनसहित जवाफदेहिता तथा कार्यदक्षता वृद्धि गर्ने उद्देश्यले तयार गरिएको सातबर्षे (२०६६-२०७२) मध्यकालीन योजना हो ।

- यो योजना "सबैका लागि शिक्षा" कार्यक्रमलगायत शिक्षा क्षेत्रमा सञ्चालन गरिएका अन्य कार्यक्रम तथा आयोजनाहरूबाट नेपालले हासिल गरेका महत्त्वपूर्ण अनुभवका आधारमा तयार पारिएको छ ।
- विक्षेसु योजनाको कार्यान्वयनबाट शिक्षा मन्त्रालयले पाँचदेखि नौवर्ष उमेर समूहका विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका करिब ८ प्रतिशत बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचभित्र ल्याउने र आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने उद्देश्य राखेको छ । त्यसै गरी विद्यालय पूरा गर्ने दरमा सुधारका लागि विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उच्च दरलाई घटाउन विविध सुधारात्मक प्रयासहरूको आवश्यकता पहिचान गरिएको छ ।
- यस योजनाले शिक्षामा सेवा प्रवाहको प्रभावकारिता र कार्यदक्षतामा सुधार ल्याएर सबैका लागि शिक्षाको डकार कार्ययोजना र संयुक्त राष्ट्र सङ्घीय सहस्राब्दी विकास लक्ष्यले निर्दिष्ट गरेको कार्यढाँचाअनुरूप विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार गर्ने लक्ष्य राखेको छ ।

## विद्यालय क्षेत्र सुधार योजनाका उद्देश्यहरू

विद्यालय क्षेत्र सुधार योजनामा मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

- ५–१३ वर्ष उमेरसमूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
- चारवर्ष उमेर समूहका बालबालिकाहरूको सम्पूर्णतामा विकास गरी आधारभूत शिक्षाका लागि तयारी गर्न गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासको पहुँच सुनिश्चित गर्नु,
- युवा तथा प्रौढहरूका लागि कार्यमूलक साक्षरता र सक्षमता वृद्धि गर्नु,
- माध्यमिक शिक्षाको पहुँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु,
- माध्यमिक तहका विद्यार्थीहरूलाई प्राविधिक र व्यावसायिक शिक्षाको आधारभूत सीपमा पहुँच बढाउनु,

- मन्त्रालयको सेवा प्रवाहको कार्यक्षमता सुधार गरी यससम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनका लागि क्षमता विकास गर्नु,
- विद्यार्थीहरूको सिकाइमा सहयोग पुऱ्याउन शिक्षकहरूको योग्यता र पेसागत सक्षमता बढाउनु,
- शिक्षाको सुधारका लागि कार्यान्वयनमा ल्याइएका प्रयासहरूको लगानी, प्रक्रिया र उपलब्धिको अनुगमन गर्नु,
- विद्यालय क्षेत्र सुधार योजनाका लागि उपलब्ध सहयोगको कार्यदक्षता र प्रभावकारितामा सुधार ल्याउनु ।

**विद्यालय क्षेत्र सुधार योजनामा मुख्य सुधारका कार्यक्रमहरू**

शिक्षा प्रणालीमा संरचनागत र कार्यमूलक एकीकरण तथा आन्तरिक कार्यदक्षतामा सुधार गरी शिक्षामा गुणस्तर र उच्च दक्षता सुनिश्चित गर्नका लागि समावेश गरिएका मुख्यमुख्य विषय क्षेत्रहरू निम्नानुसार रहेका छन् :

(क) **विद्यालय शिक्षाको संरचना** : कक्षा १–१२ को एकीकृत विद्यालय शिक्षा प्रणालीअन्तर्गत कक्षा १–८ को आधारभूत शिक्षा र कक्षा ९–१२ को माध्यमिक शिक्षा गरी दुई तहमा सञ्चालन हुने छ । यस योजनाले वैकल्पिक धारको शिक्षाको समेत विकास गरी पहुँच विस्तार गर्ने कार्यक्रम राखेको छ ।

(ख) **सुशासन र व्यवस्थापन** : यस योजनाले विद्यालय रहेको समुदाय र स्थानीय निकायको सशक्तीकरणमार्फत् स्थानीय शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्ने आवश्यक क्षमता विकास गर्ने कार्यक्रम राखेको छ ।

(ग) **पहुँच र गुणस्तर** : आधारभूत शिक्षामा अधिकारपूर्ण पहुँच बढाउन योजनाले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दृष्टिकोण राखेको छ । यसका अतिरिक्त राष्ट्रिय स्तरमा तय भएका आधार र मापदण्डअनुसार गुणस्तर सुनिश्चितताका लागि सिकाइअनुकूल वातावरण निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार, विद्यार्थीकेन्द्रित सिकाइ पद्धतिको विकास, शिक्षक र प्रधानाध्यापकको व्यवस्थापन सुधार र विकास जस्ता कार्यक्रमहरूलाई विशेष स्थान दिइने छ ।

(घ) **लैङ्गिक समता र समावेशीकरण** : विद्यालय क्षेत्र सुधार योजनाको एउटा मुख्य प्रयास विद्यालयलाई सिकारुमैत्री बनाउनु हो । सिकारुका विविध सिकाइ आवश्यकता सम्बोधन गर्न र सबै विद्यालयमा सिकारु मैत्री सिकाइ वातावरणको सुनिश्चितताका लागि आधार र मापदण्डहरू तय गरिएका छन् ।

(ङ) **अनुगमन र मूल्याङ्कन** : यस योजनामा उद्देश्य र लक्ष्यअनुसार प्रगति भए नभएको हेर्ने सन्दर्भमा अनुगमन र मूल्याङ्कनलाई अभिन्न अङ्गका रूपमा समावेश गरिएको छ ।

(**च**) **क्षमता विकास** : **यस** योजनामा क्षमता विकासलाई महत्त्वपूर्ण अवयवका रूपमा लिइएको छ । यसअन्तर्गत विद्यालय तहको क्षमता विकासमा केन्द्रित गरी अन्य सम्पूर्ण तह र निकायका क्षमता विकास गर्न प्रस्ताव गरेको छ ।

(**छ**) **संस्थागत व्यवस्थापन** : विद्यमान शैक्षिक व्यवस्थापन प्रणालीका अतिरिक्त यस योजनाले सुधार कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पु¥याउन केही नयाँ सङ्गठनहरू पनि स्थापना गर्ने प्रस्ताव गरेको छ ।

- नीतिगत समायोजन र समन्वयका लागि शिक्षा नीति निर्धारण समिति
- शिक्षा मन्त्रालय प्रणालीमा प्राविधिक कामहरूको एकीकरण र आधार मापदण्डअनुसार अनुदान स्वीकृतिका लागि प्राविधिक बोर्ड
- विद्यालय तहको परीक्षा कार्यहरूको एकीकरण, प्रमाणीकरण र स्तराङ्कनका लागि राष्ट्रिय परीक्षा बोर्ड र
- राष्ट्रिय आधारहरू र मापदण्डअनुसार प्रणालीगत परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)

(**ज**) **वित्तीय व्यवस्थापनः** यस योजनाले केन्द्रीय र स्थानीय निकाय/सरकार र विद्यालय रहेको समुदायबीच वित्तीय साझेदारीमार्फत शिक्षामा आवश्यक बजेटको सुनिश्चित गर्ने लक्ष्य लिएको छ । विगतको अनुभवलाई उपयोग गर्दै यस योजनाको कार्यान्वयनमा संयुक्त वित्तीय व्यवस्था (Joint Financing Arrangement - JFA) ले स्रोतको परिचालन, साझेदारी, समन्वय, उत्तरदायित्वको आधार तयार गर्नुका साथै प्राविधिक सहयोग व्यवस्थापनका लागि स्वरूप तय गर्ने छ । विद्यालयमा न्यूनतम स्रोत प्राप्तिका लागि प्रति विद्यार्थी लागतलाई समेत आधार मानी स्रोत उपलब्ध गराउने विश्वसनीय आधारहरू प्रयोगमा ल्याइने छन् । पाँच वर्षको (आ. व. २०६६/०६७ देखि २०७०/०७१ सम्म) विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयन लागि बजेट अनुमान रु. २१००८ करोड गरिएको छ । अनुमानित बजेटमध्ये करिब ७७ प्रतिशत नेपाल सरकारको आन्तरिक स्रोतबाट र बाँकी करिब २३ प्रतिशत वैदेशिक सहायताबाट प्राप्त हुने अनुमान गरिएको छ ।

## विद्यालय क्षेत्र सुधार योजनाको दूरदृष्टि

विद्यालय क्षेत्र सुधार कार्यक्रमले सन् २०१५ सम्मका लागि निम्नानुसार दूरदृष्टि तय गरेको छ :

(**क**) **बालबालिका/विद्यार्थी**

- विद्यार्थीले सिक्नमा आनन्द लिन्छ र विद्यालय तथा समाजमा आफूमा अन्तरनिहित पूर्ण सम्भावनाको प्रयोग गरी उच्च आत्मसम्मानका साथ सिर्जनात्मक कामहरूमा संलग्न हुन्छ ।

- विद्यार्थीले स्थानीय तथा बृहत्तरस्तरमा जैविक, सांस्कृतिक र भाषिक विविधिताको महत्त्व बुझ्दछ र कला तथा संस्कृतिको जगेर्नाका लागि योगदान पुऱ्याउँछ ।
- विद्यार्थीले श्रमको सम्मान तथा काम र पेसाको कदर गर्दछ ।
- विद्यार्थीसँग आजको विश्वव्यापी प्रतिस्पर्धी समाजमा स्वतन्त्रतापूर्वक बाँच्नका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिलगायत जीवनोपयोगी सीप विकास हुन्छ ।
- विद्यार्थीले राजनैतिक, आर्थिक र सामाजिक असमानताका बारेमा सुझबुझको विकास गर्दछ र प्रजातन्त्र तथा मानवअधिकारका पक्षमा आफूलाई उभ्याउँछ ।

(ख) **शिक्षक**

- शिक्षकले विद्यार्थीलाई सिक्न आनन्द मान्ने वातावरण बनाउँछ र उनीहरूका सम्पूर्ण सम्भावनाहरूलाई उपयोग गर्दै सिर्जनात्मक क्रियाकलापहरूमा संलग्न गराउँछ ।
- शिक्षकमा सिकाइप्रति जिज्ञासा हुन्छ र आफ्नो ज्ञान तथा सीपलाई अद्यावधिक बनाउँछ ।
- शिक्षकले विद्यार्थीको सिकाइको सुनिश्चितताका लागि सिर्जनात्मक र जीवन्त तरिकाले सिकाउँछ ।
- शिक्षक व्यावहारिक रूपान्तरणका लागि विद्यार्थीका अगाडि एक आदर्श व्यक्तिका रूपमा प्रस्तुत हुन्छ ।
- शिक्षक विद्यालयमा नियमित रूपमा उपस्थित भएर आफ्ना कक्षाहरूमा ठीक समयमा जान्छ ।
- शिक्षकले बालबालिकाको आत्मसम्मान, परिचय र व्यक्तिगतपनालाई सम्मान गर्दछ, शारीरिक सजायलाई अस्वीकार गर्दछ ।

(ग) **विद्यालय**

- विद्यालय ज्ञान र विशिष्टताको केन्द्र बन्दछ र समुदायलाई सिक्ने र अन्तक्रिया गर्ने मञ्च उपलब्ध गराउँछ ।
- विद्यालयको वातावरण बालबालिकाहरूका लागि सहज र समावेशी हुन्छ र यसले बाल अधिकारको सम्मान गर्दछ ।
- विद्यालयले सिकाइका लागि उपयुक्त वातावरण तयार गरी विद्यालय व्यवस्थापन र शिक्षकलाई बालबालिकाको सिकाइ सुनिश्चितताका निम्ति उत्तरदायी बनाउँछ ।
- विद्यालयको आफ्नो योजना हुन्छ र यसले राष्ट्रिय लक्ष्यअनुसार आफ्नो शैक्षिक लक्ष्य प्राप्त गर्दछ ।
- विद्यालय पारदर्शी हुन्छ र यसले सरोकारवालाहरूसँग सूचनाको आदानप्रदान गर्दछ ।

## विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन प्रक्रिया

आ.ब. २०६६/६७ देखि कार्यान्वयनमा आएको यस योजनाले पहिलो ३ वर्षका लागि आफ्नो ध्यान आधारभूत शिक्षाको एकीकरण र संस्थापनमा केन्द्रित गरेर २०६९/७० देखि चरणबद्धरूपमा कक्षा ९–१२ को पुनर्संरचना गरिएको एकीकृत माध्यमिक शिक्षा कार्यान्वयन गर्न आवश्यक तयारी गर्दै छ ।

## कार्यान्वयनका अनुभव तथा उपलब्धिहरू

**(क) मुख्य उपलब्धिहरू**

- निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन लगायतका कार्यक्रममार्फत् पहुँच र सहभागितामा उल्लेख्य सुधार भई प्राथमिक तहको खुद भर्ना दर ९४.५ पुगेको
- विद्यालय शिक्षामा लैङ्गिक समता सूचक र अन्य समता सूचकमा उल्लेख्य सुधार भएको

**(ख) तयारी कार्य**

- कक्षा १-८ को आधारभूत शिक्षा कार्यान्वयन गर्न विभिन्न निर्देशिकाहरू तयारी गरी लागू गरिएको
- शिक्षा नियमावलिमा संशोधन भई कार्यान्वयनमा रहेको तथा शिक्षा ऐन संशोधन प्रक्रियामा रहेको
- शिक्षक पेसागत विकासका लागि विशेष कार्यक्रम तयार भई कार्यान्वयनमा रहेको
- शैक्षिक गुणस्तर परीक्षण केन्द्र गठन भई कार्य सुरु गरेको
- विभिन्न विषयगत समूहहरूमार्फत् सुधारका विषय तथा तयारी कार्यबारे प्रतिवेदन तयार भएको

**(ग) चुनौती**

- विद्यालयलगायत बैकल्पिक शिक्षाको सेवा प्रवाह गर्ने निकायको वितरणलाई अझ औचित्यपूर्ण बनाउने कार्य चुनौतीपूर्ण भएको अनुभव गरिएको
- अनिवार्य शिक्षाको कार्यान्वयनमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको अनुभव भएको

## प्रमुख विद्यालय क्षेत्र सुधार कार्यक्रमका सूचकहरू, आधार वर्षको स्थिति र सन् २०१५/०१६ को लक्ष्य

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
| **१. शिक्षामा बजेटको अंश** | | | | | | | | | | |
| कुल राष्ट्रिय उत्पादन | % | २.० | २.१ | २.१ | २.२ | २.३ | २.३ | २.४ | २.५ | २.५ |
| कुल गार्हस्थ्य उत्पादन | % | ३.५ | ३.६ | ३.६ | ३.७ | ३.७ | ३.८ | ३.८ | ३.९ | ४.० |
| **२. शिक्षाका बिभिन्न तहको बजेट अंश** | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ७० | ७१ | ७१ | ७२ | ७३ | ७४ | ७४ | ७५ | ७६ |
| माध्यमिक शिक्षा | % | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| **३. कक्षा १ मा भर्ना** | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास तथा शिक्षाबाट नयाँ भर्ना भएका | % | ३३ | ३६ | ४१ | ४५ | ५१ | ५७ | ६४ | ७१ | ८० |

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
| खुद प्रवेश दर | % | १४१ | १४८ | १४४ | १४० | १३७ | १३३ | १३० | १२७ | १२३ |
| सहजै देखिने प्रवेश दर | % | ७८ | ८१ | ८३ | ८६ | ८८ | ९१ | ९४ | ९७ | १०० |
| ४. सहजै देखिने भर्ना दर | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास तथा शिक्षा | % | ६० | ६३ | ६७ | ७२ | ७७ | ८२ | ८७ | ९३ | ९९ |
| आधारभूत शिक्षा (१-८) | % | ११६ | १२३ | १२५ | १२८ | १३० | १३२ | १३२ | १३१ | १३१ |
| माध्यमिक शिक्षा | % | ३६ | ४० | ४३ | ४७ | ५२ | ५८ | ६६ | ७५ | ८३ |
| ५. खुद भर्ना दर | | | | | | | | | | |
| प्राथमिक शिक्षा | % | ८९ | ९२ | ९४ | ९६ | ९७ | ९८ | ९९ | ९९ | १०० |
| आधारभूत शिक्षा | % | ७१ | ७३ | ७५ | ७७ | ८० | ८२ | ८५ | ८७ | ९० |
| माध्यमिक शिक्षा | % | २० | २१ | २२ | २३ | २४ | २६ | २७ | २९ | ३१ |
| ६. आवश्यक योग्यता तथा तालिम प्राप्त शिक्षक | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ६२ | ६६ | ७० | ७४ | ७९ | ८३ | ८८ | ९४ | १०० |
| माध्यमिक शिक्षा | % | ७४ | ७७ | ८० | ८३ | ८६ | ८९ | ९३ | ९६ | १०० |
| ७. प्रमाणीकरण तालिम प्राप्त शिक्षक | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| माध्यमिक शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| ८. विद्यार्थी शिक्षक अनुपात | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ४४ | ४३ | ४१ | ४० | ३९ | ३८ | ३७ | ३६ | ३४ |
| माध्यमिक शिक्षा | अनुपात | ४२ | ३९ | ३७ | ३४ | ३२ | ३० | २८ | २६ | २५ |
| ९ कक्षा दोहोऱ्याउने दर | | | | | | | | | | |
| कक्षा १ | % | २८ | १८ | १२ | ८ | ५ | ३ | २ | १ | १ |
| कक्षा ८ | % | १३ | ११ | ९ | ७ | ६ | ५ | ४ | ३ | २ |
| १०. कोहर्ट विधिअनुसार टिकाउ दर | | | | | | | | | | |
| कक्षा ५ | % | ५४ | ५८ | ६१ | ६५ | ७० | ७४ | ७९ | ८४ | ९० |
| कक्षा ८ | % | ३७ | ४१ | ४५ | ४९ | ५४ | ६० | ६६ | ७३ | ८० |
| ११. सक्षमताको गुणाङ्क | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ०.४६ | ०.४९ | ०.५२ | ०.५५ | ०.५९ | ०.६२ | ०.६६ | ०.७१ | ०.७५ |
| माध्यमिक शिक्षा | अनुपात | ०.३० | ०.३३ | ०.३६ | ०.३९ | ०.४२ | ०.४६ | ०.५० | ०.५५ | ०.६० |

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
| **१२.सिकाइ उपलब्धि** | | कक्षा ५ र ८ का मुख्य विषयमा विद्यार्थीहरूको औसत प्राप्ताङ्क | | | | | | | | |
| कक्षा ५ | % | ५० | ५३ | ५६ | ६० | ६३ | ६७ | ७१ | ७५ | ८० |
| कक्षा ८ | % | ४४ | ४६ | ४८ | ४९ | ५१ | ५४ | ५६ | ५८ | ६० |
| **१३. उत्तीर्ण दर** | | एसएलसी र उच्च मा.शि. को राष्ट्रिय परीक्षामा उत्तीर्ण विद्यार्थी प्रतिशत | | | | | | | | |
| एसएलसी | % | ६० | ६२ | ६४ | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७५ |
| उच्च मा.वि. | % | २३ | २५ | २८ | ३१ | ३४ | ३७ | ४१ | ४५ | ५० |
| **१४.साक्षरता दर** | | साक्षरता प्रतिशत | | | | | | | | |
| उमेर समूह १५-२४ | % | ७३ | ७५ | ७८ | ८० | ८३ | ८६ | ८९ | ९२ | ९५ |
| उमेर समूह ६ं बर्ष | % | ६३ | ६९ | ७६ | ७८ | ८० | ८३ | ८५ | ८८ | ९० |
| उमेर समूह $१५^{+}$ बर्ष | % | ५२ | ५६ | ६० | ६२ | ६४ | ६७ | ७० | ७२ | ७५ |
| **१५ साक्षरता लैङ्गिक समता सूचकाङ्क $१५^{+}$** | अनुपात | ०.६१ | ०.७४ | ०.९० | ०.९२ | ०.९३ | ०.९५ | ०.९६ | ०.९८ | १.०० |

# शिक्षामा सूचना र सञ्चार प्रविधि

## पृष्ठभूमि

समयको गतिसँगै विज्ञान तथा प्रविधिमा भएका नवीनत्तम आविष्कार तथा ज्ञानको विष्फोटको परिणामस्वरूप पलपलमा ज्ञानको संसारमा नवीनतम आयामहरूको थपि दै आएको छ । जसले गर्दा हरेक व्यक्तिले आफ्नो अस्तित्वलाई स्थापित गर्न युगानुकूल आफूलाई अद्यावधिक गर्नुपर्ने टड्कारो आवश्यकता महसुस गरिएको छ ।

आजको युग सूचना र सञ्चार प्रविधि (Information and Communication Technology-ICT) को युग हो । युगानुकूल सूचना र प्रविधिको विकास तथा उपयोग गर्ने मुलुकहरूको शैक्षिक, आर्थिक, सामाजिकलगायत विभिन्न क्षेत्रहरूमा भएको प्रगति र उन्नति तथा सूचना र प्रविधिमा कम पहुँच हुने मुलुकहरूको बीच ठूलो खाडल रहेको वर्तमान सन्दर्भमा नेपालले पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोगमा देखिएको असमानता (Digital Divide) कम गर्दै जाने प्रयासको थालनी गरेको छ ।

शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच अन्योन्याश्रित सम्बन्ध छ । शिक्षामा ICT को उपयोगबाट शैक्षिक अवसरको विस्तारका साथै शैक्षिक गुणस्तर सुनिश्चित गर्ने, सिकाइलाई प्रभावकारी र दिगो बनाउने, तथा नवीनतम ज्ञानको संसारमा सहज प्रवेश गराउन सकिन्छ भने शिक्षाको माध्यमबाट ICT सम्मको पहुँच सुनिश्चित गर्न सकिन्छ । यसको अतिरिक्त, शैक्षिक व्यवस्थापनमा प्रभावकारिता ल्याउन, मूल्याङ्कन प्रणालीमा सुधार गर्न, शैक्षिक सुशासनको प्रत्याभूति गर्नका साथै शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना र सञ्चार प्रविधिको उपयोग अनिवार्य भैसकेको छ । तसर्थ शिक्षण सिकाइ प्रक्रियाको एक अभिन्न अङ्गको रूपमा सूचना र सञ्चार प्रविधिको उपयोग, यसको विकास तथा विस्तारको लागि शैक्षिक योजना तथा कार्यक्रमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने अवस्था आएको छ ।

नेपालमा वि.सं. २०२८ सालमा स्थापित राष्ट्रिय कम्प्युटर केन्द्रद्वारा सञ्चालित कम्प्युटर प्रविधिसम्बन्धी तालिम दिन सुरु गरेबाट कम्प्युटर प्रविधिसम्बन्धी शिक्षाले प्रवेश पाएको भए तापनि विसं.२०४९ (सन् १९९२) देखिमात्र विद्यालय तहको शिक्षादेखि कम्प्युटर प्रविधिसम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ ।

## शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग किन ?

- शैक्षिक पहुँचको विस्तार गर्न,
- सक्षमता तथा शैक्षिक गुणस्तर अभिबृद्धि गर्न,
- सिकाइलाई रोचक, प्रभावकारी र दिगो बनाउन,
- सिकाइ प्रक्रियामा बालबालिकाहरूलाई क्रियाशील बनाउन,

- ज्ञानको दायरा फराकिलो बनाउन,
- शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि गरी शिक्षणको गुणस्तरमा सुधार ल्याउन,
- व्यवस्थापकीय प्रणालीमा सुधार ल्याउन,
- सक्षम र दक्ष जनशक्तिको उत्पादन गर्न,
- सूचना र सञ्चार प्रविधिमा पहुँच हुने र नहुनेबीचको खाडल (Digital divide) कम गर्न,
- निरन्तर तथा जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्न ।

## नेपालमा सूचना र प्रविधिको उपयोगसम्बन्धमा विद्यमान नीतिगत प्रावधानहरू

विभिन्न आवधिक योजनाहरू, शैक्षिक योजनाहरू तथा नीतिहरूमा सूचना तथा सञ्चार प्रविधिलाई प्रवर्द्धन गर्न देहायबमोजिमका नीतिगत व्यवस्थाहरू गरिएका छन् :

**क) राष्ट्रिय आवधिक (नवौँ पञ्चवर्षीय, दसौँ पञ्च वर्षीय, त्रिवर्षीय अन्तरिम) योजनाहरूमा भएको व्यवस्था**

- विद्यालयहरूमा कम्प्युटर शिक्षाको विस्तार गर्ने,
- सूचना प्रविधि पार्कको व्यवस्था गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा दक्ष जनशक्तिको विकास तथा व्यवस्थापन गर्ने,
- शिक्षाका योजना तर्जुमा, सोको कार्यान्वयन तथा व्यवस्थापकीय पक्षहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रोत्साहन दिने,
- सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तारका लागि पूर्वाधारको विकास गर्ने ।

**ख) सूचना प्रविधि नीति – २०६७ मा भएको व्यवस्था**

उच्चस्तरीय सूचना प्रविधि आयोगले सूचना प्रविधि नीति, २०६७ तर्जुमा गरेको छ । जसमा शिक्षामा सूचना प्रविधिको उपयोगको सम्बन्धमा देहायबमोजिमका नीतिगत प्रावधानहरूको व्यवस्था गरिएका छन् :

- सबै विद्यालयहरूमा क्रमशः इन्टरनेटको सुविधा विस्तार गर्ने,
- सूचना प्रविधिसम्बन्धी शिक्षाको निरन्तरता, सान्दर्भिक र गुणस्तरयुक्त शिक्षाको माध्यमबाट स्वदेशमै दक्ष जनशक्ति विकास गर्न बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरूसँग समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने,
- सूचना प्रविधिसँग सम्बन्धित उद्योग र सूचना प्रविधि शिक्षा दिने शैक्षिक संस्थाहरूबीचको सहकार्य (Industry-Academia Collaboration) लाई प्रोत्साहन दिने,
- सूचना प्रविधिसम्बन्धी दक्ष जनशक्ति विकासका लागि विद्यार्थी, शिक्षक एवम् विद्यालयहरूमा परिलक्षित विशेष कार्यक्रमहरू तर्जुमा गरी लागू गर्ने ।

ग) **विद्यालय क्षेत्र सुधार कार्यक्रममा भएको व्यवस्था**

- हरेक विद्यालयमा शिक्षण सिकाइक्रियाकलापको अभिन्न अङ्गको रूपमा ICT को विकास गर्ने,
- विद्यालयहरूमा ICT पूर्वाधारको विकास गर्ने,
- ICT को माध्यमबाट वैकल्पिक उपायद्वारा विद्यालय शिक्षाको अवसर विस्तार गर्ने,
- खुला तथा दूर सिकाइको माध्यमबाट शिक्षक तथा कर्मचारीको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

घ) **राष्ट्रिय पाठ्यक्रम प्रारूपमा भएको व्यवस्था**

- ICT लाई शैक्षिक प्रवर्द्धनको मुख्य साधनको रूपमा लिइएको छ ।
- प्रारूपले ICT लाई खास गरी ३ किसिमले उपयोग गर्ने तरिका सुझाएका छन् :
  - विद्यालय शिक्षासँग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूको सञ्चार गर्ने साधनको रूपमा
  - विद्यालय शिक्षामा अध्यापन हुने अन्य बिभिन्न विषयहरू शिक्षण गर्ने माध्यम वा साधनको रूपमा र
  - ICT एक छुट्टै विषयको रूपमा शिक्षण गर्ने ।

## शिक्षामा सूचना र प्रविधिको उपयोगसम्बन्धमा देखा परेका चुनौतीहरू

परम्परागत शिक्षण विधिको सट्टामा नवीनतम प्रवर्तनात्मक विधिहरूको प्रयोग, सिकारुहरूको सिकाइलाई सहजीकरण गरी मनोरञ्जनजन्य वातावरणमा सहज र सुलभ सिकाइ गर्न, सिकाइलाई अर्थपूर्णरूपमा उपयोग गरी गुणस्तरीय जीवन यापनमा टेवा पुऱ्याउन शिक्षण सिकाइ क्रियकलापमा ICT को उपयोग अपरिहार्य आवश्यकताको रूपमा स्थापित भइसकेको छ । तथापि आर्थिक तथा भौतिक पूर्वाधारको दृष्टिकोणले पछिपरेका नेपालजस्ता विकासशील मुलुकहरूमा सबै विद्यालय तथा कक्षा कोठाहरूमा ICT को सहज पहुँच पुऱ्याउनु निकै ठूलो चुनौतीको रूपमा रहेको छ । यस क्षेत्रमा देहायका चुनौतीहरू प्रस्तुत गर्न सकिन्छ :

१. **ICT युक्त वातावरण सिर्जना गर्नको लागि पूर्वाधारको विकासः**

- ICT को पहुँचलाई हरेक कक्षाकोठासम्म पुऱ्याउनको लागि नभई नहुने पूर्वाधार भनेको विद्युत् आपूर्ति हो, नेपालका अधिकांश भूभागहरूमा पुगेको छैन । वैकल्पिक Power Supply व्यवस्थाको लागि अत्यन्त धेरै धनराशिको जरुरत पर्दछ, जुन हाम्रो शैक्षिक बजेटले धान्न मुस्किल पर्दछ ।
- Internet सुविधाका लागि Network Connectivity को आवश्यकता पर्दछ । जसको सञ्जाल नेपालका अत्यन्त सीमित क्षेत्रमा मात्र विस्तार भएको अवस्था छ ।
- शिक्षणसिकाइ क्रियाकलापमा ICT को प्रभावकारी उपयोगको लागि हरेक शैक्षिक संस्थामा कम्तीमा एउटा कम्प्युटर ल्यावको आवश्यकता पर्दछ । जसमा आवश्यक सङ्ख्यामा कम्प्युटर, प्रोजेक्टर, नेटवर्किङ प्रिन्टरलगायतका उपकरणहरूको आवश्यकता पर्दछ । साथै हरेक कक्षामा आवश्यक उपरकरणसहित एक सेट कम्प्युटरको व्यवस्था गर्नुपर्ने हुन्छ । विद्यालयलगायतका

शैक्षिक संस्थाहरूको आर्थिक स्रोतबाट उक्तानुसारका आवश्यक उपकरणहरूको व्यवस्था गर्नु कठिन हुने अवस्था छ भने राष्ट्रिय बजेटबाट पनि सोसम्बन्धी पूर्वाधारको विकास गर्न मुस्किल हुने अवस्था विद्यमान छ ।

२. **सूचना प्रविधिसम्बन्धी दक्ष मानवीय स्रोतको विकास**

हरेक शैक्षिक संस्था तथा कार्यालयहरूमा सूचना प्रविधिसम्बन्धी सीपयुक्त दक्ष जनशक्तिको आवश्यकता पर्दछ । यस किसिमको जनशक्ति विकासका लागि समय लाग्ने तथा ठूलै लगानीको जरुरत पर्दछ ।

३. **पाठ्यक्रमहरूमा सूचना प्रविधिसम्बन्धी विषयवस्तुहरूको संयोजनमा एकरूपता छैन** :

सूचना र प्रविधिलगायत अन्य प्राविधिक विषयवस्तुहरूको संयोजनमा विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म क्षेत्र र क्रममा एकरूपता कायम हुन सकेको छैन । ICT लाई शिक्षामा पूर्णरूपमा एकीकृत गर्ने कुरा अझै चुनौतीको रूपमा रहेको छ ।

## सूचना र प्रविधिको उपयोगसम्बन्धमा उपलब्ध अवसरहरू

- विश्वव्यापीकरण, भूमण्डलीकरण, Global village को अवधारणाको व्यापक विकास र विस्तार : विज्ञान र प्रविधिको चरम विकासको परिणामस्वरूप विश्वको कुनै पनि कुनामा बसेको व्यक्तिले अर्को कुनामा बसेको व्यक्तिसँग सहज र सरल रूपमा सम्पर्क स्थापित गर्न सकिने अवस्थाको सिर्जना भएको छ अर्थात् विश्वलाई Virtual connectivity को माध्यमबाट साँघुरो बनाइदिएको छ । यसबाट Knowledge-base society निर्माणमा टेवा पुगेको छ ।
- नवीनतम प्रविधिहरूको विकास तथा प्रतिस्पर्धी बजार : परिवर्तित समय सँगसँगै नयाँ नयाँ प्रविधिहरूको विकासका साथै Mass production को परिणामस्वरूप बजारमा व्यापक प्रतिस्पर्धाको स्थिति सिर्जना भएको छ । जसको परिणामस्वरूप सूचना र प्रविधिका लागि प्रयोगमा आउने उपकरणहरूको मूल्यमा व्यापक कटौती भएको विद्यमान अवस्था छ ।
- सूचना तथा सञ्चार प्रविधिको उपयोगमा बढ्दो जनचासो : आम जनताको चेतनाको स्तरमा क्रमिक वृद्धिसँगै सूचना र प्रविधिको उपयोगतर्फ पनि जनचासो बढ्दै गएको अवस्था छ । यसबाट शिक्षामा सूचना र प्रविधिको उपयोग गर्ने सन्दर्भमा नीति तथा योजना तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनमा जनसहभागिता जुटाउन सहज वातावरण सिर्जना भएको छ ।
- विकाससाझेदार तथा दातृनिकायहरूको सहयोग : नेपालमा शैक्षिक विकासमा संलग्न दातृनिकायहरू सहयोग तथा योगदानलाई शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने दिशातर्फ परिचालन गर्न सकिने अवस्था विद्यमान छ ।
- विभिन्न क्षेत्रहरूमा ICT को व्यापक प्रयोग: विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा सूचना र प्रविधिको प्रयोगले व्यापकता पाउँदै आएको अवस्थामा शिक्षाको क्षेत्रमा पनि यसको प्रयोगलाई प्रवर्द्धन गर्न थप दबाबको सिर्जना भएको छ ।
- राष्ट्रियस्तरमा सूचना प्रविधि नीति निर्माण तथा विद्युतीय शासन (e-governance) गुरु योजनाको निर्माण : नेपालमा सूचना तथा प्रविधि नीति, २०६७ पारित भइसकेको अवस्था छ

जसमा सूचना र प्रविधिको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधारको विकास, शिक्षाको क्षेत्रमा यसको प्रवर्द्धन गर्नेलगायतका नीतिगत व्यवस्था गरेको छ । अर्कोतर्फ विद्युतीय शासन गुरुयोजनामा सूचना तथा सञ्चार प्रविधिको उपयोगद्वारा सेवा प्रवाहको स्तर अभिवृद्धि गर्नुका साथै यसका लागि शिक्षा एक प्रमुख प्राथमिकता प्राप्त क्षेत्रका रूपमा पहिचान गरिएको छ ।

- आवधिक योजना तथा शैक्षिक योजनाहरूमा प्राथमिकता दिइनु : आवधिक योजनाहरू तथा शैक्षिक योजना खास गरी विद्यालय क्षेत्र सुधार योजनामा यस विषयले उचित स्थान प्राप्त गरेको छ । शैक्षिक गुणस्तरको सुनिश्चित गर्न शिक्षणसिकाइ क्रियाकलापमा ICT को उपयोग गर्ने कुरामा जोड दिएको छ ।
- शिक्षा मन्त्रालयबाट शिक्षामा सूचना तथा सञ्चाल प्रविधिसम्बन्धी गुरु योजना तर्जमा गर्ने कार्यको थालनी : हरेक तहको शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी स्तरयुक्त शिक्षाम सबैको सहज पहुँच विस्तार गर्न देहायबमोजिम चारओटा मुख्य अवयव (Components) समेटिएको बृहत् गुरुयोजना निर्माण गर्ने कार्यको थालनी भएको छ ।
  - InteractiveDigital Content Development
  - ICT human Resource Development
  - ICT Infrastructure Development
  - Internet Connectivity to the schools

# वैकल्पिक विद्यालय शिक्षाको वर्तमान स्थिति

विद्यालय शिक्षाबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन सरकारले विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस्ता शैक्षिक कार्यक्रमहरूमा दूर तथा खुला सिकाइ कार्यक्रमलाई सशक्त पार्नका लागि शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र तथा अनौपचारिक शिक्षा केन्द्रबाट विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालित छन् । तिनीहरूको विद्यमान अवस्था यसप्रकार छ :

| सि.नं. | कार्यक्रम विवरण | अनौपचारिक शिक्षा केन्द्र | शिक्षा विभाग | शैक्षिक जनशक्ति विकास केन्द्र |
|---|---|---|---|---|
| १ | कार्यक्रमको नाम | - १-५ समकक्ष अनौपचारिक प्राथमिक शिक्षा<br>- ६-८ समकक्ष खुला निमावि शिक्षा | - अनौपचारिक प्रौढ विद्यालय १-१० कक्षा | खुला विद्यालय माध्यमिक तह |
| २ | कार्यक्रमको अवधि | - अनौपचारिक प्राथमिक शिक्षा ३ वर्ष (५ कक्षा )<br>- खुला निमावि (६-८) समकक्ष शिक्षा २ वर्ष | - ५ कक्षा समकक्ष - ३ वर्ष<br>- ६-८ कक्षा समकक्ष - २ वर्ष<br>- १० कक्षा समकक्ष - १ वर्ष | ९-१० कक्षा समकक्ष १ वर्ष |
| ३ | शिक्षण सिकाइ समय | - सिकारुलाई अनुकूल समयमा दिनको ४ घण्टा र प्रतिहप्ता प्राथमिक तह ६ दिन<br>- सिकाइअनुकूल समय दिनेको २ घण्टा प्रतिहप्ता ६ दिन | - अनौपचारिक शिक्षा केन्द्रसरह कक्षा १-८<br>- कक्षा ९-१० शैजविकेसरह | १५० घण्टा (प्रतिदिन २ घण्टा) |
| ४ | लक्षित समूह | - प्राथमिक तह कक्षा १-५ का लागि ८ वर्षभन्दा माथिका विद्यालयबाट बाहिर रहेका र विद्यालय छाडेका समूह<br>- निमावि तहमा ५ कक्षा वा सोसरह उत्तीर्ण भइ विद्यालय जान नसकेका १४ वर्ष माथिका समूह | - अनौपचारिक र शैजविके सरह<br>- औपचारिक शिक्षा बाट वञ्चित समूह | ८ कक्षा उत्तीर्ण भइ २ वर्षसम्म औपचारिक शिक्षा हासिल नगरेका १५ वर्षमाथिका समूह |
| ५ | पाठ्यक्रम स्वरूप र संरचना | - औपचारिक १-५ कक्षाको पाठ्यक्रमलाई ३ वर्षमा पूरा हुने गरी ३ तहमा Condenced<br>- ६-८ कक्षाको पाठ्यक्रमलाई २ वर्षमा पूरा हुने गरी Condenced | - अनौपचारिक शिक्षा केन्द्रले तोकेअनुसारको पाठ्यक्रम १-५ र ६-८ सरहका लागि र ९-१० सरहका लागि शैजविकेले तोकेअनुसार | २ वर्षे ९-१० का पाठ्यक्रमलाई १ वर्षमा पूरा हुने गरी Condenced |
| ६ | परीक्षा र मूल्याङ्कन | - प्राथमिक तहका लागि ५ कक्षाको अन्तमा बाह्य परीक्षा औपचारिक विद्यालय सरह, अन्यमा आन्तरिक | - अनौपचारिक शिक्षा केन्द्रसरह | एसएलसी अन्य विद्यालय सरह र अन्य आन्तरिक |

| सि.नं. | कार्यक्रम विवरण | अनौपचारिक शिक्षा केन्द्र | शिक्षा विभाग | शैक्षिक जनशक्ति विकास केन्द्र |
|---|---|---|---|---|
| | | - निमावि तहको अन्तमा अन्य विद्यालय सरह कक्षा ८ को जिल्लास्तिरीय परीक्षा, अन्य आन्तरिक | - माध्यमिक तहका लागि शैजविकेले तोकेअनुसार | |
| ७ | शिक्षण जनशक्ति व्यवस्थापन | - प्राथमिक तहका लागि अलग शिक्षक<br>- निमावि तहका लागि कार्यक्रम सञ्चालन हुने विद्यालयकै नियमित शिक्षक | - अलग शिक्षक | कार्यक्रम सञ्चालन गर्ने विद्यालयकै नियमित शिक्षक |
| ८ | सञ्चालन | - प्राथमिक तहको नियमित विद्यालय संरचनाबाहिर<br>- निमावि तहको नियमित विद्यालयभित्र थप कार्यक्रमका रूपमा | - नियमित विद्यालय संरचनाभन्दा बाहिर, अलग संरचना र भिन्न कार्यक्रमको रूपमा | नियमित विद्यालयको संरचनाभित्र थप कार्यक्रमका रूपमा |
| ९ | व्यवस्थापन | - अनौपचारिक शिक्षा केन्द्रको प्रत्यक्ष निर्देशन र अनुगमनमा व्यवस्थित, नियमित, प्रभावकारी नियमन | - जिशिकाबाट अनुमती प्राप्त, र जिशिकाबाटै व्यवस्थापन तथा अनुगमन | शैजविकेको प्रत्यक्ष निर्देशन र अनुगमनमा व्यवस्थित र नियमित प्रभावकारी नियमन |
| १० | शिक्षक तालिम | - प्राथमिक तहका लागि जिशिकाबाट<br>- निमावि तहका लागि अनौपचारिक शिक्षा केन्द्रबाट अभिमुखीकरण, पुनर्ताजगी, कक्षा व्यवस्थापन र विषय शिक्षकमा | - सामान्य अभिमुखीकरण | शैजविकेबाट अभिमुखीकरण, पुनर्ताजगी, कक्षा व्यवस्थापन र विषय शिक्षणमा |
| ११ | हालको स्थिति | - १-५ समकक्ष १७३<br>- ६-८ समकक्ष ३७ | | ८५ ओटा |
| १२ | उपलब्धि | | | वि.सं. २०६६ मा २६९६ जना एसएलसी उत्तीर्ण (६२.८८ प्रतिसत), ७५०० जना लाभान्वित |

# खण्ड – घ

# शिक्षा क्षेत्रमा भएमा केही महत्त्वपूर्ण अनुसन्धानका सारांशहरू


| | | |
|---|---|---|
| 1. | Effective Operation and Sustainable Development of Early Childhood Development Programme | 140 |
| 2. | Access of Disadvantaged Children to Educaiton | 142 |
| 3. | Ensuring Free and Compulsory Basic Education for Disadvantaged Groups in the Context of EFA | 144 |
| 4. | Meeting Learning Needs of Children of Indigenous Peoples and Linguistic Minorities | 147 |
| 5. | Understanding School Autonomy: A Study on Enabling Conditions for School Effectiveness | 150 |
| 6. | Community Managed Schools: An Innovative Approach to School Management | 152 |
| 7. | Gender Issues in School Education | 155 |
| 8. | School Effectiveness : Head teachers' Leadership | 158 |
| 9. | Basic Enabling Conditions for Quality School Education: A Study on the Successful Schools for Developing Norms and Standards for School Monitoring | 161 |
| 10. | Provisions and Conditions for Better Classroom Pedagogical Practices | 164 |
| 11. | Linking School Mapping with Educational Planning | 166 |
| 12. | Parental Support and Students' Learning | 169 |

| | | |
|---|---|---|
| 13. | School Cost between Community and Institutional Schools | 172 |
| 14. | A study on the Assessment of Current Challenges and Future Prospects on In-service Teacher Training System | 175 |
| 15. | Clientele satisfaction survey | 176 |
| 16. | A Study on the Effectiveness of Open Schoolin | 177 |
| 17. | Formative Research on the Trend and Effectiveness of Pre-service primary Teacher Training Programme | 179 |
| 18. | A Study on the Assessment of Current Challenges and Future Prospects of In-service Teacher Training System- 2009 | 180 |
| 19. | Item Analysis Report on Mathematics (OCE) | 181 |
| 20. | Item Analysis Report on Social Studies | 183 |
| २१ | अनौपचारिक शिक्षाको तालिम प्रभावकारिता अध्ययन, २०६६ | १८४ |
